## पहिलो परिच्छेद

# शोधपरिचय

### १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक 'पारिजातको अध्ययनपरम्परा' रहेको छ ।

### १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधकार्य त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह द्वितीय वर्षको दसौं पत्रको प्रयोजनका लागि रहेको छ ।

### १.३ विषयपरिचय

वि.सं. १९९४ मा दार्जिलिङको लिगिया चियाकमानमा जन्मिएकी पारिजात सानैदेखि साहित्यसिर्जनातर्फ उन्मुख भए पनि २०१३ सालमा 'धरती' पत्रिकामा कविता प्रकाशन गरेर सार्वजनिक भएकी हुन् । उनको पहिलो पुस्तककार कृति भने आकांक्षा (२०१४) कवितासङ्ग्रह हो । यसपछि उनका 'पारिजातका कविता' (२०४४) र 'बैंसालु वर्तमान' (२०५०) कवितासङ्ग्रहहरू प्रकाशित छन् । कविता लेखनबाट साहित्ययात्रा सुरु गर्ने पारिजातका उपन्यास, कथा, निबन्ध आत्मसंस्मरण आदि पनि प्रकाशन भएका पाइन्छन् । 'शिरीषको फूल' (२०२२), 'महत्ताहीन' (२०२५), 'बैंसको मान्छे' (२०२९), 'तोरीबारी बाटा र सपनाहरू' (२०३३), 'अन्तर्मुखी' (२०३५), 'उसले रोजेको बाटो' (२०३५), 'पर्खालभित्र र बाहिर' (२०३५), 'अनिदो पहाडसँगै' (२०३९), 'पारिभाषित आँखाहरू' (२०४६), 'बोनी' (२०४८) पारिजातका प्रकाशित उपन्यासहरू हुन् ।

'मैले नजन्माएको छोरो' (२०२१) बाट कथायात्रा सुरु गर्ने पारिजातका 'आदिम देश' (२०२५), 'सडक र प्रतिभा' (२०३२), 'साल्गीको बलात्कृत आँसु' (२०४३), 'बधशाला जाँदा आउँदा' (२०४९) कथासङ्ग्रहहरू प्रकाशित छन् । उनका

'धूपि, सल्ला र लालीगुराँसको फेदमा' (२०४३), आत्मकथा 'एउटा चित्रमय सुरुवात' (२०४५) संस्मरणसङ्ग्रह, 'आधी आकाश' (२०४८) लेख निबन्धसङ्ग्रह 'अध्ययन र सङ्ग्रह' (२०५०) आत्मकथा पनि प्रकाशित कृति हुन् । पारिजातका साहित्यिक रचनाको प्रकाशनसँगै उनका बारेमा अध्ययन गर्ने कार्य पनि अघि बढेको पाइन्छ । पारिजातको अध्ययन र मूल्याङ्कन केकसरी भएको छ त्यसको सर्वेक्षण गर्ने कार्य यस शोधकार्यमा गरिएको छ । यसको विषय क्षेत्र पनि पारिजातका व्यक्तित्व कृतित्वमा भएको अध्ययनको मूल्याङ्कन हो ।

## १.४ समस्याकथन

साहित्यकार पारिजातका कृतिहरूको प्रकाशनसँगसँगै उनका बारेमा अध्ययन गर्ने कार्य पनि आरम्भ भएको पाइन्छ । पारिजातको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा गरिएका अध्ययनको सर्वेक्षण गर्नु यस शोधकार्यको समस्या रहेको छ । साथै निम्नलिखित समस्याहरूको समाधानतर्फ यो शोधपत्र अभिमुख रहेको छ -

(क) पारिजातको जीवन तथा साहित्यवृत्त केकस्तो रहेको छ ?

(ख) पारिजातका बारेमा २०३० सालसम्म केकसरी अध्ययन गरिएको छ ?

(ग) पारिजातका बारेमा २०३० सालसम्म गरिएका अध्ययनको मूल्याङ्कन केकस्तो छ ?

## १.५ शोधकार्यका उद्देश्य

पारिजातको अध्ययन केकसरी भएको छ त्यसको अध्ययन मूल्याङ्कन र सर्वेक्षण गर्नु यस शोधकार्यको उद्देश्य रहेको छ । यो अध्ययन निम्नानुसार उद्देश्यहरूमा केन्द्रित छ :

(क) पारिजातको जीवन तथा साहित्यवृत्तको सङ्क्षिप्त अध्ययन गर्ने,

(ख) पारिजातका बारेमा २०३० सालसम्म केकसरी अध्ययन गरिएको छ त्यसको सर्वेक्षण गर्ने,

(ग) पारिजातका बारेमा २०३० सालसम्म भएका अध्ययनपरम्पराको मूल्याङ्कन गर्ने ।

## १.६ पूर्वकार्यको समीक्षा

पारिजातका साहित्यिक कृतिमा आधारित भएर लेखिएका विभिन्न लेखहरू प्रकाशन भएका छन् । साथै उनको चर्चा गर्दै लेखिएका पुस्तकहरू पनि प्रकाशित छन् । वि.सं. २०३८ देखि पारिजातका बारेमा शोधकार्य पनि हुँदै आएको पाइन्छ । यहाँ पारिजातका बारेमा भएका पूर्वअध्ययनहरूलाई पूर्वकार्यको रूपमा राखिएको छ । उनका बारेमा भएका सबै अध्ययनहरूको कालक्रमिक विवरण निम्नानुसार छ :

पारिजातको जीवनी, व्यक्तित्व र कृतित्वलाई चिनाउँदै नयनाप्रधान, पारिजात जीवनी, व्यक्तित्व र कृतित्वको सङ्क्षिप्त अध्ययन (स्नातकोत्तर शोधपत्र, २०३८) मा सुरुमा छायावादी रोमाण्टिक कविता लेख्ने पारिजात क्रमशः मनोवैज्ञानिक, अस्तित्ववादी कथा र विसङ्गतिवादी, अस्तित्वादी उपन्यास लेख्ने साहित्यकार हुन् भनी उल्लेख गरिएको छ ।

निनु चापागाईं र खगेन्द्र सङ्ग्रौलाद्वारा सम्पादित पारिजात स्मृतिग्रन्थ (२०५१) मा विविभन्न लेखकहरूद्वारा पारिजातका बारेमा गरेका टिका टिप्पणीहरूलाई सङ्कलन गरिएको छ ।

भैरवप्रसाद गेगालको कवि पारिजातको कवित्वको अध्ययन विश्लेषण र मूल्याङ्कन (स्नातकोत्तर शोधपत्र २०५३) मा 'आकांक्षा' २०१४ बाट साहित्ययात्रा सुरु गर्ने पारिजात बैसालु वर्तमान (२०५०) सम्म आइपुग्दा शैली आत्मपरक र वस्तु समाजपरक अँगालेर दुवैको सफल समायोजन गर्ने व्यक्तित्व हुन भनिएको छ ।

राजेन्द्र सुवेदीद्वारा लिखित सृजनविधाका परिधिमा पारिजात (२०५३) मा पारिजातको जीवनी र उनका कृतिका बारेमा छोटकरीमा समीक्षा गरिएको छ ।

रमेशचन्द्र रोका, पारिजातका अन्यविधाको विश्लेषणात्मक अध्ययन (स्नातकोत्तर शोधपत्र, २०५५) मा गद्य साहित्यका फाँटमा देखापरेका पारिजातका

आत्मकथा, संस्मरण र पत्र साहित्यमा पनि उपन्यास र कथामा जस्तै सफलता प्राप्त गरेको बताउँछन् ।

प्रशाकान्ता थापा श्रीस, 'शिरीषको फूल' उपन्यासको कृतिपरक अध्ययन (स्नातकोत्तर शोधपत्र, २०५६) मा 'शिरीषको फूल' प्रतीकात्मक अर्थ बोकेको चरित्रप्रधान उपन्यास भएको चर्चा गर्छन् ।

नरेन्द्रराज प्रसाईद्वारा लिखित पारिजातको जीवनकथा (२०५७) मा पारिजातका जीवनीको अध्ययन गर्दै उनका साहित्यिक कृतिहरूको परिचयात्मक अध्ययन गरिएको छ ।

दिनमणि आचार्य, अनिँदो पहाडसँगै, उपन्यासको कृतिपरक अध्ययन (स्नातकोत्तर शोधपत्र, २०५८) मा २०३५/३६ सालको विद्यार्थी आन्दोलनलाई विषयवस्तु बनाएर लेखिएको उपन्यास हो । यसमा मार्क्सवादी चिन्तन अवलम्बन भएको छ भन्ने कुरा उल्लेख गर्छन् ।

कृष्णप्रसाद घिमिरे र रामप्रसाद ज्ञवालीद्वारा लिखित आख्यानकार पारिजात (२०५८) मा पारिजातका उपन्यास र कथाको छोटो विश्लेषण गरिएको छ ।

प्रभुराम आचार्य, 'अनिँदो पहाडसँगै' उपन्यासको कृतिपरक अध्ययन (२०६०) मा प्रतीकात्मक रूपमा शीर्षक राखिएको पारिजातको अनिदो पहाडसँगै प्रगतिवादी नेपाली उपन्यास परम्परामा उत्कृष्ट उपन्यास भएको बताइएको छ ।

हरिहर चापागाइँ, 'पारिभाषित आँखाहरू' उपन्यासको कृतिपरक अध्ययन (२०६०) मा साहित्यका सबैजसो विधामा कलम चलाउने पारिजातको मुख्य प्रवृत्ति आलोचनात्मक यथार्थवाद, प्रगतिवाद आदर्शोन्मुख यथार्थवाद र नारीवाद हो भनिएको छ ।

चन्द्रमान श्रेष्ठ 'उसले रोजेको बाटो' उपन्यासको कृतिपरक अध्ययन (स्नातकोत्तर शोधपत्र, २०६०) मा कविता लेखनबाट साहित्यलेखन सुरु गरेर

उपन्यास विधामा सर्वाधिक चर्चित भएकी पारिजात उसले रोजेको बाटो उपन्यास लेखनसँगै प्रगतिवादी उपन्यासकारका रूपमा स्थापित भएकी हुन् भनिएको छ ।

राजन भट्टराई, पारिजातका उपन्यासका अभिव्यक्ति विसङ्गतिवादी-अस्तित्ववादी चिन्तन (२०६१) मा उनका विसङ्गतिवादी अस्तित्ववादी उपन्यासहरू सार्थक देखिँदैनन् भन्ने कुरा उल्लेख गर्छन् ।

भवानीप्रसाद पाण्डे, पारिजातका उपन्यासमा समाजवादी यथार्थवाद (विद्यावारिधि शोधपत्र, २०६२) मा पारिजात प्रतिक्रियावादी अराजकतावादी र समाजवादी यथार्थवावदी तीनवटै प्रवृत्तिलाई अँगाल्ने साहित्यकार भएको बताउँछन् ।

सुकुम शर्माद्वारा लिखित पारिजातका कविताको अध्ययन (२०६२) मा पारिजातको जीवनी र व्यक्तित्वको परिचय दिंदै उनका कविताहरूको समीक्षा गरिएको छ । साथै पारिजातको अध्ययन परम्पराका बारेमा पनि चर्चा गरिएको छ ।

डी.आर. पोखरेलद्वारा लिखित पारिजातको साहित्यिक मूल्याङ्कन (२०६२) मा पारिजातका कविता कथा र उपन्यासको मूल्याङ्कन गरिएको छ ।

यसरी पारिजातको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा विभिन्न तरिकाले खोज अनुसन्धान विश्लेषण र मूल्याङ्कन गरिएको छ । विभिन्न पत्रपत्रिकाहरूका प्रकाशित भएका पारिजात सम्बन्धी लेख र पुस्तकहरूलाई आधार मानेर यो शोधकार्य पूरा गरिएको छ ।

## १.७ अध्ययनको औचित्य र महत्त्व

पारिजातको जीवनी, साहित्यिक यात्रा र उनका कृतिहरूका बारेमा केकसरी चर्चा र मूल्याङ्कन गरिएको छ भन्ने कुरालाई यस शोधकार्यमा सूक्ष्म रूपमा विश्लेषण गरिएको छ । पारिजातको अध्ययनसम्बन्धी जानकारी लिन चाहने व्यक्तिहरूका लागि तथा पारिजातको बारेमा अध्ययन गर्ने र उनलाई चिन्न चाहनेहरूका लागि यो शोधकार्य औचित्यपूर्ण हुनेछ । पारिजातको अध्ययनपरम्पराको बारेमा जानकारी लिन चाहनेहरू सबैका लागि यसको मह□व रहने छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

साहित्यकार पारिजातको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा (२०१४) सालदेखि वर्तमान अवस्थासम्म विभिन्न दृष्टिकोणबाट अध्ययन र मूल्याङ्कन हुँदै आएको भए पनि यस शोधकार्यमा पारिजातका बारेमा २०३० सालसम गरिएका अध्ययनको विश्लेषण गरिएको छ । पारिजातका बारेमा गरिएका सम्पूर्ण अध्ययनको विश्लेषण नगरी सुरुदेखि २०३० सालसम्म भएका अध्ययनको मात्र सर्वेक्षण गर्नु यसको सीमा हो ।

## १.९ सामग्री सङ्कलन र शोधविधि

प्रस्तुत शोधकार्यका क्रममा मूलतः पुस्तकालयीय अध्ययनलाई आधार बनाइएको छ । पुस्तकालयबाट प्राप्त पुस्तक, पत्रपत्रिका तथा समीक्षात्मक लेख आदिको अध्ययनद्वारा यसमा सामग्रीसङ्कलन गरिएको छ । शोधकार्यलाई अनुसन्धानात्मक पद्धतिद्वारा कालक्रमिक प्रस्तुत गर्दै मूल्याङ्कन गरिएको छ ।

## १.१० शोधकार्यको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित रूपमा अध्ययन विश्लेषण गर्नका लागि निम्नानुसार परिच्छेद बद्ध गरिएको छ ।

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : पारिजातको चिनारी

तेस्रो परिच्छेद : पारिजातको अध्ययन परम्पराको सर्वेक्षण

चौथो परिच्छेद : पारिजातको अध्ययन परम्पराको मूल्याङ्कन

पाँचौ परिच्छेद : निष्कर्ष (उपसंहार)

## दोस्रो परिच्छेद

# पारिजातको चिनारी

## २.१ पारिजातको चिनारी

पारिजात नेपाली साहित्यकी बहुमुखी प्रतिभा हुन् । उनले साहित्यका विविध विधामा कलम चलाएर आफूलाई अग्रस्थानमा राख्न सफल भएकी छन् । उनको जन्म भारतको दार्जिलिङमा भएको छ । उनको कर्मभूमि भने नेपाल नै हो । पारिजातका पुर्खाहरू नेपालको सङ्खुवासभा जिल्लाको चैनपुर अन्तर्गत उँखुवा गा.वि.स.मा बसेका र पछि भारतको दार्जिलिङ लिगियाको चियाकमानमा बसाइँ सरेका थिए भन्ने सूचना पाइन्छ ।[१] नेपालबाट बसाइँ सर्ने लामाबुढा पारिजातका हजुरबा धनमान वाइबा हुन् । उनी रोजगारीको खोजीमा व्रिटिस आर्मीका साथ लागेर दार्जिलिङ गएका हुन् । "उनले त्यतै विवाह गरेर आफ्नो गृहस्थी कायम गरेको पाइन्छ ।"[२] पारिजातका बुबा कालुसिंह वाइवाको जन्म दार्जिलिङमै भएको थियो, उनी पनि दार्जिलिङमै घरजमगरी बस्न थाले पारिजात तिनै कालुसिंह वाइवा (डा. के.एस.वाइवा) की छोरी हुन् । डा. के.एस. वाइवाका श्रीमती र छोराछोरीहरू मरेपछि उनी विरक्ति भए र बाँचेका दुई छोरी पारिजात र सुकन्यालाई लिएर नेपाल फर्किएका हुन् ।

### २.१.१ जन्म

पारिजात नेपाली साहित्यकी एक उज्ज्वल नक्षत्र हुन् । उनको जन्ममितिका बारेमा विवाद रहेको छ । आजसम्मका प्रकाशित तथ्यलाई हेर्दा उनको जन्म १९९४ सालको वैशाख महिना १९९३ सालका भदौ महिना र १९९० सालको फागुन महिना उल्लेख भएको पाइन्छ । यस शोधकार्यमा भने उनको जन्म भारतको दार्जिलिङ

---

१ कृष्णप्रसाद घिमिरे र रामप्रसाद ज्ञवाली, दोस्रो संस्क. **आख्यानकार पारिजात** (काठमाडौं : हजुरको पुस्तक संसार, २०६४), पृ. १ ।

२ नरेन्द्रराज प्रसाईं, **पारिजातको जीवनकथा,** दो.सं., (काठमाडौं : एकता प्रकाशन, २०६३), पृ. ४१ ।

लिङ्गिया चियाकमानमा वि.सं. १९९० फागुन ३० गते मङ्गलबार (तदनुसार सन् १९३४ मार्च १३) भएको उल्लेख गरिएको छ ।[३] उनको न्वारानको नाम विष्णुकुमारी वाइवा र तामाङ संस्कार अनुसार राखिएको नाम छेकुडोल्मा हो, तर उनले आफूलाई पारिजात भनेर चिनाएको पाइन्छ ।[४] उनका पिताको नाम डा. के.एस.वाइवा र माताको नाम अमृत मोक्तान हो । मध्यमवर्गीय पारिवारिक पृष्ठभूमिमा जन्मिएकी पारिजातका हजुरबा लिङ्गिया चिया कमानका कामदार हुन भने बाबुचाहिं होमियोपेथिकका सफल डाक्टर भएको पाइन्छ । पारिजात सानै छँदा उनकी आमाको मृत्यु भएकाले उनको पालनपोषण बाबु डा. के.एस. वाइवाले गरेका थिए । आमाको मातृवात्सल्यबाट वञ्चित भए पनि पारिजातले बाबुबाट राम्रो माया ममता पाएको बुझिन्छ । डा. के.एस. वाइवाकी पहिली पत्नीको मृत्यु भएपछि उनले दोस्रो विवाह गरेको र तिनै दोस्री पत्नीबाट पारिजातको जन्म भएको थियो भन्ने कुरा उनका आत्मसंस्मरणमा उल्लेख भएको पाइन्छ ।[५] उनको बाल्यकाल भाइबहिनीहरूसँग खेल्दै लिङ्गिया चिया कमानमा नै बितेको थियो । उनले १५ वर्ष नपुग्दै गीता र बौद्धदर्शन लगायत अन्य धार्मिक ग्रन्थहरू पढिसकेको सूचना पनि पाइन्छ ।[६] पारिजातको फूल रोप्न भ्रमण गर्न, बर्षायामको प्रकृतिमा रमाउन विशेष रुचि भएको पाइन्छ । बाबुले उनलाई देश विदेशका घटनाहरू रोमाञ्च र रमाइलो कथाहरूका साथै काङ्ग्रेस र कम्युनिस्टका बारेमा पनि सुनाउने गर्दथे । पारिजातको शारीरिक अवस्था सानैदेखि कमजोार भएकाले उनले साथीहरूसँगको झगडामा सधैं हार्ने गरेको बुझिन्छ । बाबु डाक्टर भएकाले पारिजातलाई पनि डाक्टर नै बनाउन चाहन्थे तर उनीले पढ्नमा भन्दा खेल्न र मनोरञ्जन गर्नमा ध्यान दिएको पाइन्छ । पारिजातमा बाल्यकालदेखि नै शरीर कुँजिने रोगले आक्रमण गरेको, जीउका

---

३ कृष्णप्रसाद घिमिरे र रामप्रसाद ज्ञवाली, पूर्ववत् ।

४ सुकुम शर्मा, **पारिजातका कवित्वको अध्ययन** (काठमाडौं : सनलाइट पब्लिकेसन, २०६२), पृ. ५ ।

५ पारिजात, **एउटा चित्रमय सुरुवात,** (पारिजातको सङ्कलित रचनाहरू ग्रन्थ चार, सिक्किम : निर्माण प्रकाशन, २०५४), पृ. ५३ ।

६ नयना प्रधान, **पारिजात : जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन,** (अप्रकाशित शोधपत्र, नेपाली केन्द्रीय विभाग, २०३८), पृ. ९ ।

विभिन्न भागहरू दुख्ने गरेको र पछि गएर त्यस रोगले नराम्रोसँग च्यापेको उल्लेख गरेको पाइन्छ ।[7] यही रोगका कारणले पारिजातले कुँजी भएर जीवन बिताउनु पऱ्यो ।

## २.१.२ शिक्षा

पारिजात शिक्षित परिवारमा जन्मिएकी हुनाले उनको प्रारम्भिक शिक्षा पनि घरबाट नै सुरु भएको थियो । उनले औपचारिक शिक्षा दार्जिलिङ कै नेपाली गर्ल्स हाइस्कुल र सेन्टटेरेजा शारदेश्वरी स्कुलबाट प्राप्त गरेकी हुन् ।[8] उनले २०११ सालमा नेपाल आएर पद्मकन्या विद्याश्रम डिल्लीबजार काठाडौंबाट एस.एल.सी. पास गरेको पनि पाइन्छ ।[9] पारिजातले आफ्नो अध्ययनलाई निरन्तरता दिंदे २०१४ सालमा पद्मकन्या क्याम्पसबाट आई.ए. र २०१६ सालमा सोही क्याम्पसबाट बी.ए. पास गरेको पाइन्छ ।[10] विश्वविद्यालयलको औपचारक शिक्षा अध्ययनकै क्रममा पारिजातले विश्वका प्रसिद्ध विचारकहरू सार्त्र, कामु, किर्केगार्ड, राहुल, मार्क्स आदिका रचनाहरू पनि पढ्ने गरेको पाइन्छ । स्नातक तह पूरा गरेपछि पारिजातले त्रिभुवन विश्वविद्यालय काठमाडौंमा अङ्ग्रेजी विषयमा एम.ए. पढ्न सुरु गरेको तर परीक्षा नदिएको विवरण पाइन्छ ।[11] औपचारिक अध्ययन छाडेपछि पनि पारिजातले अध्ययनलाई चटक्क छाडिनन् । स्वअध्ययनलाई भने मृत्युपर्यन्त उनले निरन्तरता दिइरहेको पाइन्छ । उनले पिटरम्यान, रबिन हुड, अरबियन नाइट्स, सिन्दबाद, द सेलर, रबीन्सन क्रुसो आदिका परिकथाहरू र लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद

---

७ ऐजन, पृ. ११ ।

८ सं. निनु चापागाई र खगेन्द्र संग्रौला, **पारिजात स्मृतिग्रन्थ २०५१,** (काठमाडौं : पारिजात स्मृतिकेन्द्र), पृ. ङ ।

९ डी.आर. पोखरेल, **पारिजातको साहित्यिक मूल्याङ्कन** (काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेसन्स, २०६२), पृ. २५ ।

१० सुकुम शर्मा, पूर्ववत्, पृ. ९ ।

११ पारिजात स्मृति ग्रन्थ, पूर्ववत् ।

देवकोटा धरणीधर कोइराला आदिका कविताहरू पढ्ने गरेको कुरा उनका आत्मसंस्मरणमा उल्लेख छ ।[12]

### २.१.३ नेपाल आगमन र आजीविका

पारिजातको जन्म दार्जिलिङमा भए पनि उनले आफ्नो कर्मभूमि भने नेपाललाई नै बनाएको पाइन्छ । पारिजात आफ्नो दाजु (काकाको छोरो) सँग २०११ सालको मङ्सिर महिनामा काठमाडौं आएको पाइन्छ ।[13] काठमाडौं आएपछि पनि उनले आफ्नो अध्ययनको क्रमलाई जारी राखेको पाइन्छ । त्यसबेला उनलाई एकातिर रोगले सताउन सुरु गरेको देखिन्छ भने अर्कातिर पारिवारिक उत्तरदायित्व पनि बढ्दै गएको पाइन्छ । त्यसैले आर्थिक अवस्थालाई सुधार गर्नका लागि उनले २०१७ साल फागुन देखि मदन मेमोरियल गर्ल्स हाइस्कुलमा मासिक दुईसय रूपैयाँमा काम गर्न थालेको उल्लेख पाइन्छ ।[14] पारिजातलाई त्यस स्कुलमा वासुदेव शर्मा लुइटेलले सिफारिस गरेको र कमल दीक्षितले भर्ना गरेको बुझिन्छ । उनले त्यस स्कुलमा अङ्ग्रेजी, भूगोल, नेपाली, भारतको इतिहास र आठ कक्षामा चित्रकला सिकाउने गरेको र स्कूलमा सबैकी प्रिय भएकी तर रोगले च्यापेपछि बाध्य भएर २०१९ सालमा उनले स्कुल छोड्नुपरेको उल्लेख पाइन्छ ।[15] शिक्षण पेसालाई त्यागेपछि उनले पूर्ण रूपमा साहित्य सिर्जना गर्न र समाजसेवा गर्नमा ध्यान थालेको पाइन्छ । उनको जीवनमा बहिनी सुकन्याको पनि मह□वपूर्ण भूमिका रहेको छ । बाल्यकालदेखि नै दिदी-बहिनी मिलेर बस्ने गरेको पाइन्छ । सुकन्याको निर्मल लामासँग विवाह भएपछि पनि पारिजातले बहिनी-ज्वाइँकै घरमा बसेर जीवन विताएको पाइन्छ । पारिजातलाई बहिनी सुकन्याले जीवनभर अत्यन्त ठूलो सहयोग गरेको पाइन्छ । यसरी हेर्दा उनको पारिवारिक जीवन केही निराश र सङ्घर्षमय भएर बितेको देखिन्छ ।

---

[१२] पारिजात, **धुपी सल्ला र लालीगुराँसको फेदमा,** (पारिजातका सङ्कलित रचनाहरू ग्रन्थ चार, सिक्किम : निर्माण प्रकाशन, २०५४), पृ. २३-२४ ।

[१३] नयना प्रधान, पूर्ववत्, पृ. ११ ।

[१४] नरेन्द्रराज प्रसाई, पूर्ववत्, पृ. ५० ।

[१५] ऐजन, पृ. ५१ ।

## २.१.४ भ्रमण, रुचि र स्वभाव

भारतको दार्जिलिङमा जन्मिएकी पारिजातले भारत र नेपालका विभिन्न ठाउँहरूको भ्रमण गरेको बुझिन्छ । उनले भारतका दार्जिलिङ, कालिङपोङ, सिलाङ र नेपालका वीरगञ्ज, कलैया, भीमफेदी, हेटौडा, नारायणगढ, भैरहवा, पोखरा, पाल्पा आदि ठाउँको भ्रमण गरेको पाइन्छ ।[१६] पारिजातले राल्फा आन्दोलन सुरु भएपछि उक्त आन्दोलनको नेतृत्व गर्दै तथा साहित्यिक गोष्ठी सेमिनार भेला जस्ता कार्यक्रमहरूमा भाग लिनका लागि नेपालका विभिन्न ठाउँको भ्रमण गरेको भेटिन्छ । विभिन्न ठाउँको भ्रमण गर्न, एकान्त ठाउँमा बस्न उनले रुचि राख्ने गरेको पाइन्छ । यसका साथै पारिजातका रुचिहरूमा मनपर्ने रङ हरियो, मनपर्ने ऋतु वर्षा मनपर्ने फूल गुराँस, मनपर्ने खाना छोयला, मम, सुख्खा रोटी काभ्रो, चिन्डो टमाटर, कोइरालो भएको कुरा उल्लेख गरिएको छ ।[१७] पारिजातले जंगली फूलहरू टिप्न, गीत गाउन, फरक फरक किसिमका ढुङ्गा बटुल्न, नयाँ नयाँ फेसनका कपडाहरू पैह्रन, खाना पकाउन रुचि राख्ने गरेको पाइन्छ साथै सार्त्र, कामु किर्केगार्ड, राहुल मार्क्स र माओका दर्शनको अध्ययनबाट उनले बौद्धिक उच्चता आर्जन गरेको पाइन्छ ।[१८] प्रकृतिप्रेम, सौन्दर्यप्रति आकर्षण जीवन र जगत्प्रति चासो राख्नु, साहित्य संस्कृति र सामाजिक समानताप्रति चासो राख्नु आदि उनका रुचिका विषय भएको बुझिन्छ । उनको स्वभाव सहयोगी, निडर स्वाभिमानी हठी र शङ्कालु थियो भन्ने उल्लेख छ ।[१९]

## २.२ पारिजातको व्यक्तित्व

### २.२.१ शारीरिक व्यक्तित्व

---

[१६] सुकुम शर्मा, पूर्ववत्, पृ. १७ ।

[१७] सं. निनु चापागाई र खगेन्द्र संग्रौला, **पारिजात स्मृतिग्रन्थ** पूर्ववत्, पृ. झ ।

[१८] राजेन्द्र सुवेदी, **सृजनविधाका परिधिमा पारिजात,** (वाराणसी : भूमिका प्रकाशन, २०५३), पृ. १ ।

[१९] सं. निनु चापागाई र खगेन्द्र संग्रौला, पूर्ववत् ।

बाल्यकालदेखि नै विभिन्न रोगले सताइएकोले पारिजातको शारीरिक व्यक्तित्व स्वस्थ सबलताका दृष्टिले कमजोर थियो । उनको मुखाकृतिको रूप तथा सौन्दर्य चिटिक्कको थियो । उनको गोरो रङ लाम्चो अनुहार, ठूलो निधार, साना चिटिक्कका आँखा कालो कपाल र मध्यम आकारको शरीर रहेको थियो ।[20] उनको शरीरको उचाइ ५ फिट ३ इन्च थियो । उनको स्वर सुरिलो थियो भने अभिव्यक्ति व्यङ्ग्यात्मक हुने गर्दथ्यो । पारिजातलाई २००७ साल अथवा १३ वर्षको उमेरदेखि नै रोगले आक्रमण गरेको र २०१८ देखि २०२२ सालसम्ममा यस रोगले थला पारेको कुरा उल्लेख गरिएको पाइन्छ ।[21] "पारिजात झट्ट हेर्दा हिस्सी परेकी देखिन्थिन् । त्यतिमात्र होइन उनको व्यक्तित्वको सबैभन्दा मह□वपूर्ण विशेषता के थियो भने यिनलाई देखेपछि अत्यन्तै माया श्रद्धा र स्नेहले जुनसुकै मान्छेको मुटुलाई ट्याप्प समाउथ्यो ।"[22] उनी सुसुल खुट्टी अग्ली निर्धो थिइन । खेलकुद लडाइँ र अन्य प्रतिस्पर्धामा सधैं हार्ने गर्थिन, साथीहरूबाट पिटिन्थिन र बेइज्जत हुन्थिन् भन्ने कुरा उनका संस्मरणहरूबाट पनि थाहा पाइन्छ ।[23]

### २.२.२ राजनीतिक व्यक्तित्व

साहित्यकार पारिजात राजनीतिमा पनि सक्रिय रहेको पाइन्छ । राल्फामा लाग्नुअघि राजनीतिको कुनै सिद्धान्तसँग आबद्ध नभएकी पारिजात राल्फा आन्दोलन पछि मार्क्सवादी धारणालाई आत्मसात गर्छिन् । उनले वि.सं. २०३१ मा नेपाल कम्युनिस्ट पार्टी (चौथौ महाधिवेशन) को औपचारिक सदस्यता लिएको कुरा उल्लेख छ ।[24] २०३५/३६ सालको जनआन्दोलन पछि महिला जागरण कार्यक्रम, भूमिगत प्रशिक्षण जस्ता कार्यमा सक्रिय हुँदै अखिल नेपाल महिला सङ्घको अध्यक्षमा निर्वाचित भएको देखिन्छ । उनी २०४६ सालमा अखिल नेपाल महिला मञ्चको

---

[२०] कृष्णप्रसाद घिमिरे र रामप्रसाद ज्ञवाली, पूर्ववत्, पृ. ५ ।

[२१] डी.आर. पोखरेल, पूर्ववत्, पृ. २६ ।

[२२] नरेन्द्रराज प्रसाई, पूर्ववत्, पृ. ५८ ।

[२३] पारिजात, **धूपी सल्ला र लालीगुराँसको फेदमा,** पूर्ववत्, पृ. १० ।

[२४] सं. निनु चापागाइँ र खगेन्द्र सङ्ग्रौला, **पारिजात स्मृति ग्रन्थ,** पूर्ववत्, पृ. ३५-३६ ।

संस्थापक अध्यक्ष भएर महिला मुक्तिका लागि थप क्रियाशील भएको पाइन्छ । वि.सं. २०४६ को जनआन्दोलनमा अन्य कार्यकलापका अतिरिक्त चैत्र ३ गते आयोजित लेखक कलाकारहरूको कालोपट्टि बाँधेर विरोध गर्ने कार्यक्रममा पारिजातको थप उपस्थिति रहेको उल्लेख पाइन्छ ।[२५] पारिजातलाई पञ्चायती व्यवस्थाको रूपरङ्ग तथा सामाजिक र आर्थिक कार्यक्रमहरू मन नपरेको कुरा पनि उल्लेख गरिएको छ ।[२६] पारिजात अखिल नेपाल महिला सङ्घ, इन्द्रेणी सांस्कृतिक समाज, अखिल नेपाल महिला मञ्च जस्ता राजनीतिक सङ्गठनहरूमा संलग्न रहेको देखिन्छ । उनले प्राज्ञिक सङ्घर्ष समितिको संयोजक भई सङ्घर्षशील व्यक्तित्वको परिचय पनि दिएको पाइन्छ । पारिजातको साहित्यिक व्यक्तित्व जस्तै राजनीतिक व्यक्तित्व पनि मह□वपूर्ण रहेको छ । पञ्चायती व्यवस्थाको विरोधमा सक्रिय भई सङ्घर्षमा उत्रेकी पारिजातमा त्यसपछिको बहुदलीय प्रणालीप्रति वितृष्णा उत्पन्न भएको पनि पाइन्छ ।[२७] यसको प्रभाव उनका साहित्य कृतिमा पनि परेको देखिन्छ ।

### २.२.३ सामाजिक व्यक्तित्व

पारिजातले सामाजिक कार्यमा पनि सक्रिय भएर काम गरेको भेटिन्छ । शारीरिक रूपमा अशक्त भए पनि उनी सामाजिक कार्यमा निरन्तर खटिरहने गरेको तथ्य फेला परेको छ । उनले विभिन्न सङ्घ-संस्थामा आबद्ध भएर उपेक्षित वर्ग मुक्तिकालागि काम गरेकी छन् । बालबालिका महिला र बन्दीहरूका सन्दर्भमा उनी बढी सम्वेदनशील हुने गर्थिन् । उनी अखिल नेपाल महिला संघ संस्थामा आबद्ध रहेको पाइन्छ ।[२८] उनले २०३६ सालमा "प्रगतिशील लेखक-कलाकार संघ" को संस्थापनमा क्रियाशील भई उक्त संघको केन्द्रीय सदस्यको कार्यभार बहन् गरेको पाइन्छ । उनले २०३७ सालमा भारतका विभिन्न प्रान्तस्थित नेपाली बस्तीहरूको

---

[२५] सुकुम शर्मा, पूर्ववत्, पृ. २१ ।

[२६] नरेन्द्रराज प्रसाई, पूर्ववत्, पृ. १२१ ।

[२७] ऐजन ।

[२८] सुकुम शर्मा, पूर्ववत्, पृ. २१ ।

सांस्कृतिक भ्रमणमा भाग लिएको पनि थाहा पाइन्छ । त्यस्तै उनले नेपाली महिलाहरूको प्रथम पुस्तक प्रदर्शनीमा क्रियाशील भई "नेपाल भारत सांस्कृतिक केन्द्र" नयाँ सडकमा सम्पन्न गरेको पाइन्छ ।[२९] उनले 'उत्साह' जस्ता साहित्यिक मासिक पत्रिकाको पनि सम्पादन गरेको पाइन्छ । यसरी नै २०४५ सालमा मानव अधिकार सङ्गठनको संस्थापक उपाध्यक्ष, प्राज्ञिक संघर्ष समिति' को क्रियाशील संयोजक भएर प्रज्ञाप्रतिष्ठानलाई प्रजातान्त्रिकरणको लागि पनि प्रयत्नशील भएको पाइन्छ ।[३०] पारिजात जनजातिका अधिकार र सामाजिक परिवर्तनमा आवाज उठाउने मर्यादित र उच्च व्यक्तित्व हुन् ।

## २.३ साहित्यकार पारिजात

पारिजातले २०१३ सालको 'धरती' पत्रिकामा दुईवटा कविता प्रकाशन गरेर औपचारिक साहित्ययात्रा सुरु गरेको पाइन्छ । त्यसपछि उनले साहित्यका अनेक विधामा चलाएको पाइन्छ । कविता, कथा, उपन्यास, निबन्ध जस्ता साहित्यका सबैजसो विधामा कलम चलाउने पारिजातका मह□वपूर्ण रचनाहरू पुस्तकाकार कृतिका रूपमा प्रकाशित भएका छन् । उनले समालोचनाका क्षेत्रमा भने त्यति ठूलो योगदान पुऱ्याएको पाइँदैन । उनले दिएका अन्तर्वार्ता र साहित्य सम्बन्धी दृष्टिकोणपरक केही अभिव्यक्तिहरूमा प्रस्तुत विचारहरूबाट उनको समालोचकीय व्यक्तित्वको अनुमानसम्म गर्न सकिन्छ । स्रष्टा व्यक्तित्वमा भने उनका छुट्टाछुट्टै व्यक्तित्वहरूको अध्ययन गर्न सकिन्छ ।

### २.३.१ साहित्यिक प्रेरणा र प्रभाव

पहाडकी रानी भनेर चिनिएको दार्जिलिङको चियाकमानमा जन्मिएकी पारिजातको परिवार शिक्षित भएको र उनले सानैदेखि स्वदेशी तथा विदेशी लेखकहरूका पुस्तकहरू पढ्ने मौका पाएको उनका आत्मसंस्मरणबाट स्पष्ट हुन्छ ।

---

[२९] सं. निनु चापागाई र खगेन्द्र सङ्ग्रौला, **पारिजात स्मृति ग्रन्थ,** पूर्ववत्, पृ. छ ।

[३०] ऐजन, पृ. छ-ज ।

दार्जिलिङको रमणीय प्राकृतिक वातावरण र बाबुले सुनाएका विभिन्न कथाहरूले पारिजातलाई साहित्यिक प्रभाव पारेको पाइन्छ । मातृस्नेहको अभाव, दाजुको असामयिक निधन एकान्तिकता, हठधर्मि बालजन्य चञ्चलता आदिलाई पनि पारिजातका साहित्यिक प्रेरणाका स्रोतका रूपमा मान्न सकिन्छ । दार्जिलिङको साहित्यिक वातावरण, उनीभित्र रहेको भावुक र एकान्तप्रिय स्वभाव एवम् सुषुप्त साहित्यिक प्रतिभाको उन्मेषले उनी साहित्यतर्फ विद्यार्थीकालमै आकर्षित भएको पाइन्छ ।[31] घरको शिक्षित र आधुनिक वातावरणले पनि उनलाई साहित्यिक प्रेरणामा सहयोग पुऱ्याएको बुझिन्छ । पारिजातले सर्वप्रथम काकाका छोरा प्रेमकुमारबाट साहित्यिक प्रेरणा पाएको कुरा उल्लेख गरेको पाइन्छ ।[32] उनी कक्षा ६ मा पढ्दा काकाको छोरा प्रेमकुमार हस्तलिखित पत्रिका प्रकाशन गर्दथे उनकै आग्रहमा पारिजात कथा कविता लेख्ने गर्दथिन् । उनले विद्यालयको अवस्थामा प्रेमलहरी, पिटरम्यान, अरबियन नाइट्स आदिका रचना परिकथाहरू पढ्ने गरेको पाइन्छ । यी रचनाहरूले पनि पारिजातलाई उत्साह भर्नुका साथै प्रेरणा दिने काम गरेका थिए । उनी साहित्य र दर्शनमा रुचि राख्दथिन् । दार्जिलिङमा पढ्दा हिन्दी कथा र कविताहरू पढ्नु पर्दथ्यो, यसले पनि साहित्यिक प्रेरणा भर्नमा सहयोग पुऱ्याएको पाइन्छ । स्वयं पारिजातका अनुसार उनी कसैको प्रेरणाले साहित्यकार भएकी होइनन् । छाप्ने प्रेरणाचाहिँ दान खालिङबाट पाएकी हुन् ।[33] पारिजातका प्रथम प्रकाशित कविता 'व्यर्थप्रयास', 'आज विदाको दिन हो' र 'को हो यो ?' हुन । जुन २०१३ सालको 'धरती' पत्रिकामा प्रकाशित भएको पाइन्छ ।[34] उनको कृतिका रूपमा प्रकाशित पहिलो रचना 'आकांक्षा' (२०१४) कवितासङ्ग्रह हो । यसपछि उनी कथा र उपन्यास लेख्न सक्रिय रहेको देखिन्छ । उनको प्रथम पटक प्रकाशित भएको कथा मैले नजन्माएको छोरो (२०२१) र प्रथम प्रकाशित उपन्यास शिरीषको फूल (२०२२)

---

[31] डी.आर. पोखरेल, पूर्ववत्, पृ. ३८ ।

[32] नयना प्रधान, पूर्ववत्, पृ. १२ ।

[33] कृष्णप्रसाद घिमिरे र रामप्रसाद ज्ञवाली, पूर्ववत्, पृ. ३ ।

[34] सुकुम शर्मा, पूर्ववत्, पृ. २३ ।

हो । उनले भीमदर्शन रोका, ओकियामा ग्वाइनका रचना पढ्दा तिनैका प्रभावमा कविता लेख्न थालेको उल्लेख पाइन्छ ।[३५]

### २.३.२ कवि पारिजात

दार्जिलिङको रमणीय वातावरणमा जन्मिएकी पारिजातले सानै उमेरदेखि कविता लेख्न थालेको पाइन्छ । उनको साहित्यिक यात्रा कविता विधाबाट सुरु भएको हो । पारिजात कक्षा ६ मा पढ्दा उनका काकाका छोरा दाजुको रचनाबाट प्रभावित भएकी र तिनै दाजुको आग्रहमा कविता लेख्न थालेको कुरा उनका आत्मसंस्मरणमा उल्लेख भएको पाइन्छ ।[३६] पारिजात २०१३ सालमा 'धरती' पत्रिकामा कविता प्रकाशन गराएर सार्वजनिक भएकी हुन् । उनका प्रथम प्रकाशित कविताहरू 'व्यर्थप्रयास', 'आज विदाको दिन हो' र 'को हो यो ?' हुन् ।[३७] कृतिका रूपमा प्रथम प्रकाशित रचना भने 'आकांक्षा' (२०१४) हो । यसपछि उनका पारिजातका कविता (२०४४) र 'बैंशालु वर्तमान' (२०५०) कविता सङ्ग्रहहरू प्रकाशित भएका छन् ।

पारिजातको पहिलो कवितासङ्ग्रह उनको प्रारम्भिक लेखनको परिचय हो । यसमा उनका आभ्यासिक अवस्थाका भावना चिन्तन र दृष्टि मुखरित भएका छन् यसमा एउटी युवतीका जीवनमा उत्पन्न आशा-निराशाले पारेका प्रभाव, प्रेम विरह र छटपटीलाई पोखेको पाइन्छ ।[३८] आकाङ्क्षा कवितासङ्ग्रहमा सङ्कलित कविताहरूको मुख्य विषय यौनकालका सपना र पीडाहरू रहेका छन् । यी कविताहरूमा उनको स्वच्छन्दतावादी प्रवृत्ति, दोस्रो विश्वयुद्धले जन्माएको वितृष्णा र शून्यवादी दर्शनको प्रभाव पाइन्छ ।[३९] वि.सं. २०१४-२०३१ सम्म लेखेका कविताहरूको सङ्कलन 'पारिजातका कविताहरू' (२०४४) शीर्षकमा प्रकाशित

---

[३५] नयना प्रधान, पूर्ववत्, पृ. १२ ।

[३६] पारिजात, **धूपी सल्ला र लालीगुराँसको फेदमा,** पूर्ववत्, पृ. १५ ।

[३७] सुकुम शर्मा, पूर्ववत् ।

[३८] कृष्णप्रसाद घिमिरे र रामप्रसाद ज्ञवाली, पूर्ववत्, पृ. ६ ।

[३९] ऐजन ।

भएको पाइन्छ ।[४०] यी कविताहरूमा प्रखर रूपले अस्तित्ववादी-विसङ्गतिवादी चिन्तन प्रकट भएको पाइन्छ । यसपछि पारिजात सामूहिक र समाजवादी चिन्तन लिएर देखापर्छिन् । यही प्रवृत्तिलाई अँगालेर लेखिएका कविताहरूको सङ्ग्रह 'बैंशालु वर्तमान' (२०५०) प्रकाशित भएको देखिन्छ । उनले यस कवितासङ्ग्रहका लागि सर्वश्रेष्ठ पाण्डुलिपि पुरस्कार (२०५०) पनि प्राप्त गरेको देखिन्छ । 'बैशालु वर्तमान' (२०५०) सम्म आइपुग्दा पारिजातले जीवनलाई सङ्गतिपूर्ण देख्न थालेको पाइन्छ । यसमा सङ्कलित भएका कविताहरूमा पारिजात आलोचनात्मक यथार्थवादी चेतनाबाट माथि उठ्दै समाजवादी-यथार्थवादी चेतनातर्फ प्रवृत्त हुन पुगेको कुरा उल्लेख गरिएको पाइन्छ ।[४१] पारिजातका कवितामा विशेष गरेर नारीले भोग्नुपरेका पीडा व्यथा, उत्पीडन समाजका विकृति विसङ्गति आदिलाई विषयवस्तु बनाइएको पाइन्छ । पारिजातका कवितामा "प्रेम छ, प्रेम विछोडको मर्म छ, जीवनप्रति विसङ्गत दृष्टि अनि अस्तित्वको खोजी छ ।"[४२] उनका कवितामा वर्गीय विभेद र सङ्घर्षको आह्वान गरिएको छ । सुरुतिरका उनका कवितामा स्वच्छन्दतावादी भावधारा प्रबल भएर आएको छ भने पछिल्लो कालका कवितामा प्रगतिवादी चिन्तन प्रस्तुत भएको पाइन्छ ।

### २.३.३ कथाकार पारिजात

पारिजात कथाकारका रूपमा पनि चिनिएकी छन् । उनले कविता लेखनसँगै कथा पनि लेख्न थालेको कुरा उनका आत्मसंस्मरणमा उल्लेख भएको पाइन्छ ।[४३] वाल्यावस्थादेखि नै कथा लेख्न आरम्भ गरेपनि उनको पहिलो प्रकाशित कथा 'मैले नजन्माएको छोरो' (२०२१) हो । यो कथा दुई महिने साहित्यिक पत्रिका 'रचना' को

---

[४०] सुकुम शर्मा, पूर्ववत्, पृ. २४ ।

[४१] डी.आर. पोखरेल, पूर्ववत्, पृ. ६२ ।

[४२] सुकुम शर्मा, "साहित्यकार पारिजातको चिनारी, साहित्ययात्रा र प्रवृत्ति", **शार्दूल** (वर्ष ३, अङ्क ४, पूर्णाङ्क ४, २०६४), पृ. २ ।

[४३] पारिजात, **धूपी सल्ला र लालीगुरासको फेदमा,** पूर्ववत्, पृ. १५-१६ ।

रेखा ३ विन्दु १ असोज कात्तिकमा छापिएको पाइन्छ ।[४४] उनका 'आदिम देश' (२०२५), 'सडक र प्रतिभा' (२०३२), 'साल्गीको बलात्कृत आँसु' (२०४३) र 'बधशाला जाँदा आउँदा' (२०४९) चारवटा कथा सङ्ग्रहहरू प्रकाशित भएका छन् । पारिजातका कथामा सामाजिक जनजीवनका सकारात्मक तथा नकारात्मक दुबैपक्षको यथार्थ चित्रण गर्दै नेपाली समाजका विकृति र विसङ्गतिको चित्रण गरिएको पाइन्छ ।[४५] उनका कथाहरूमा म पात्रको आधिक्य पाइन्छ भने ऊ वा त्यस्तै अन्य पात्रहरूको पनि उपस्थिति भेटिन्छ । उनका कथाले झुटोप्रेमप्रति वितृष्णा, असमानताप्रति असन्तोष र अन्यायप्रति आक्रोश देखाएका छन् ।[४६] विषयवस्तु पात्र र क्रियाकलापका बीचमा बाह्य तथा आन्तरिक द्वन्द्व देखाउँदै चरित्र चित्रणमा स्वभाविकता ल्याउनु उनको कथागत विशेषता हो । "उनका कवितामा जस्तै कथामा पनि वैचारिक विविधता रहेको छ । उनको प्रथम कृति 'आदिम देश' निराशा कुण्ठाग्रस्त अस्तित्वमुखी, विसङ्गतिबोध र अकथात्मक लेखन भएको कथासङ्ग्रह हो ।[४७] 'आदिम देश' सङ्ग्रहमा १२ वटा कथाहरू सङ्कलित छन् । यी कथाहरू २०१८ सालदेखि २०२५ सालको अवधिमा लेखिएका हुन् । पारिजातको कथालेखन विसङ्गतिवादी अस्तित्ववादी चेतनाबाट आरम्भ हुन्छ उनका पहिलो दशकका कथाहरू प्रायः यही चेतनाको पुष्ट्याइका लागि लेखिएका देखिन्छन् ।[४८]

'सडक र प्रतिभा' (२०३२) मा आदिम देशका भन्दा फरक किसिमका कथाहरू सङ्कलित छन् । यस सङ्ग्रहका कथाहरूमा समाजवादी दृष्टि आएको देखिन्छ । यस सङ्ग्रहका धेरैजसो कथाहरू कथा जस्ता छैनन् । झण्डै झण्डै निजात्मक निबन्धजस्ता छन् । अथवा रूपक जस्ता छन् । सडक र प्रतिभामा कुनै

---

[४४] कृष्णप्रसाद घिमिरे र रामप्रसाद ज्ञवाली, पूर्ववत्, पृ. ७ ।

[४५] नरेन्द्रराज प्रसाई, पूर्ववत्, पृ. १७७-१७८ ।

[४६] कृष्णप्रसाद घिमिरे र रामप्रसाद ज्ञवाली, पूर्ववत्, पृ. ८ ।

[४७] सुकुम शर्मा, पूर्ववत्, पृ. २५-२६ ।

[४८] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. ५७ ।

कथानक छैन ।[49] 'साल्गीको बलात्कृत आँसु' (२०४३) तेस्रो कथा सङ्ग्रह हो । यसमा सामाजिक यथार्थको बिम्बन शोषित पक्षको आवाज र मुक्तिको सङ्कल्प छ ।[50] 'बधशाला जाँदा आउँदा' (२०४९) सङ्ग्रहमा सातवटा कथाहरू सङ्कलित छन् । यसमा सङ्कलित कथाहरू 'साल्गीको बलात्कृत आँसु' को स्तरमा उठ्न नसकेको तर पहिलेका दुईवटा कथासङ्ग्रहभन्दा श्रेष्ठ रहेको कुरा उल्लेख गरेको पाइन्छ ।[51]

पारिजातका सुरुतिरका कथामा उनीभित्रको मातृत्वको चाहना र अहम्को प्रस्तुति पाइन्छ भने पछिल्लो कालका कथाहरूमा प्रगतिवादी चिन्तन प्रबल रहेको पाइन्छ । पारिजातका कथामा पात्रहरूको आन्तरिक तथा बाह्य दुवै किसिमको द्वन्द्व रहेको भेटिन्छ । उनका कथामा कविता र निबन्धको प्रभाव रहेको पाइन्छ ।[52] जसका कारणले उनका कथाहरू प्रयोगशील भएका हुन् । पारिजात नेपाली कथा परम्परामा आफ्नो छुट्टै अस्तित्व राख्न सफल कथाकार हुन् ।

### २.३.४ उपन्यासकार पारिजात

पारिजातलाई चर्चित बनाउने सबैभन्दा मह□वपूर्ण विधा उपन्यास हो । आफ्नो ५६ वर्षे जीवनमा ३७ वर्ष साहित्य साधनामा बिताएकी पारिजातको अधिकांश समय उपन्यास विधाको साधनामा व्यतीत भएको देखिन्छ ।[53] पारिजातको 'आकांक्षा' (२०१४) कविता सङ्ग्रहको प्राशनपछि उनले २०१८ देखि २०२१ सालका बीचमा 'सङ्घर्ष', 'वरपीपल', 'मानवअन्तर्यामी' र 'शारदा' चारवटा उपन्यास लेखेको तर चित्त नबुझेर जलाएको कुरा उल्लेख गरेको पाइन्छ ।[54] पारिजातको प्रथम प्रकाशित उपन्यास 'शिरीषको फूल' (२०२२) हो । यो उपन्यास पारिजातको

---

[४९] डी.आर. पोखरेल, पूर्ववत्, पृ. ६९ ।

[५०] सुकुम शर्मा, पूर्ववत्, पृ. २६ ।

[५१] डी.आर.पोखरेल, पूर्ववत्, पृ. ७२ ।

[५२] सुकुम शर्मा, पूर्ववत् ।

[५३] डी.आर.पोखरेल पूर्ववत्, पृ. ७३ ।

[५४] सं. निनु चापागाई र खगेन्द्र संग्रौला, **पारिजात स्मृति ग्रन्थ,** पूर्ववत् ।

सबैभन्दा मह□वपूर्ण र चर्चित उपन्यास हो । यस उपन्यासले २०२२ सालको मदन पुरस्कार प्राप्त गर्न सफल भएको देखिन्छ । यसपछि उनका महत्ताहीन (२०२५), 'बैंसको मान्छे' (२०२९), तोरीबारी बाटा र सपनाहरू (२०३३), 'अन्तर्मुखी' (२०३५), 'उसले रोजेको बाटो' (२०३५), 'पर्खाल भित्र र बाहिर' (२०३५), 'अनिदो पहाडसँगै' (२०३९), 'परिभाषित आँखाहरू' (२०४६) र बोनी (२०४८) गरेर जम्मा दशवटा उपन्यासहरू प्रकाशित भएका छन् । कविता र कथालेखनबाट उपन्यास क्षेत्रमा प्रवेश गरेकी पारिजातमा पहिले अस्तित्ववादी, विसङ्गतिवादी र पछि प्रगतिवादी दार्शनिक प्रवृत्ति विकास भएको पाइन्छ ।[छछ] पारिजातका उपन्यासमा नेपाली समाजका विकृति, विसङ्गति नेपाली नारीले भोग्नुपरेका समस्या यौनविकृति आदिलाई विषयवस्तु बनाइएको पाइन्छ । उनका उपन्यासमा पनि वैचारिक विभेद शैलीगत विभेद र प्रयोगशील लेखन पाइन्छ । शिरीषको फूल अस्तित्वको खोजीमा विसङ्गत बोध गरिएको उपन्यास हो ।[छट] यस उपन्यासमा पारिजातले एकातिर जीवनको बाध्यतालाई प्रस्तुत गरेकी छन् भने अर्कातिर जीवनका वेदना निराशा र अप्ठ्यारा स्थितिको चित्रण गरेको पाइन्छ ।[छठ] 'महत्ताहीन' पारिजातको अस्तित्ववादी चरणबाट नव अराजकतावादी चरणतर्फ प्रवृत्त उपन्यास हो । यस उपन्यासमा सार्त्र, फ्रायड, चे ग्वेभारा र राल्फाको व्यक्तिवादी विद्रोही चेतना आदि सबैको खिचडी-चिन्तन पोखिएको पाइन्छ ।[छड] पारिजातको 'बैंसको मान्छे' (२०२९) उपन्यासमा जीवनको वीभत्स र भद्दा चित्रण गरिएको छ । यसमा निस्सारता विसङ्गतिबोध भन्दा पनि बढी विद्रोही चेत मुखरित भएको छ ।[छढ] 'तोरीबारी बाटा र सपनाहरू' (२०३३) उपन्यासमा जीवनप्रतिको सकारात्मक दृष्टि अभिव्यक्त भएको छ । यो उपन्यास नयाँ नयाँ चेत अथवा प्रगतिवादतर्फको प्रथम पाइलो चलाइ हो । यसपछि क्रमशः

---

[५५] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. २० ।

[५६] सुकुम शर्मा, पूर्ववत्, पृ. २८ ।

[५७] नरेन्द्रराज प्रसाईं, पूर्ववत्, पृ. १६९ ।

[५८] डी.आर. पोखरेल, पूर्ववत्, पृ. ७३ ।

[५९] ऐजन, पृ. ७४ ।

प्रगतिवादतर्फको शिखर छुँदै गएको देखिन्छ ।[६०] 'उसले रोजेको बाटो', 'पर्खालभित्र र बाहिर', 'अनिदो पहाडसँगै' प्रगतिवादी चिन्तनमा लेखिएका मह□वपूर्ण उपन्यासहरू हुन् । यी उपन्यासहरूमा शोषित पक्षीय संघर्ष र त्यसले निर्माण गर्ने समाजको मूल्य आएको छ ।[६१] उपन्यासमा देखाइएको संघर्ष नेपालभूमि र नेपाली संस्कृतिसँग सम्बन्धित रहेको छ । पारिजातका 'पारिभाषित आँखाहरू' र 'बोनी' उपन्यासमा समाजवादी यथार्थता भन्दा पनि कल्पना र रोमान्टिक नाटकीयता पाइन्छ ।[६२] यी उपन्यासहरूले यस भन्दा अगाडिका उपन्यासका प्रगतिवादी स्वरलाई थाम्न सकेको देखिंदैन । यो उपन्यास पारिजातको औपन्यासिक साधनाको निचोड हुनुपर्ने देखिन्छ । यी उपन्यासमा प्रगतिवादी धारणा शिथिलता आइ झन्डै-झन्डै अस्तित्ववादी कालका उपन्यास जस्तो भएको कुरा उल्लेख पाइन्छ ।[६३]

पारिजात समाजको गहिरो अध्ययन गरेर उपन्यास रचना गर्ने स्रष्टा हुन् । उनका उपन्यासमा समाजका विकृति विसङ्गति, सामाजिक राजनीतिक र आर्थिक समस्या आदि टड्कारो रूपमा चित्रण भएको पाइन्छ । उनका उपन्यासहरूमा चरित्रलाई जीवन्त र प्रभावकारी बनाउने प्रयास भएको पाइन्छ । पारिजातका उपन्यासमा नारी र पुरुष दुवै चरित्रको प्रयोग भए पनि उनले नारी चरित्रलाई बढी महत्व दिएकी छन् । उनका चरित्रहरू निम्न, निम्नमध्यम र उच्च वर्ग गरी विविध भएकाले नेपाली जनजीवनका निम्नदेखि उच्चवर्गसम्मको जीवन बुझ्न उनका उपन्यासहरूले सघाउ पुऱ्याउँछन् ।[६४] शैलीगत उत्कृष्टता उनको अर्को ठूलो प्राप्ति हो । उनका उपन्यासमा शैली अन्तर्गत कवितात्मक भाषा प्रयोग विशेष उल्लेखनीय छ । कथानकको सबलता नभए पनि अभिव्यक्ति शिल्पको सबलताका कारण उनका उपन्यासहरू पाठकका लागि प्रिय बनेका छन् ।[६५]

---

[६०] ऐजन ।

[६१] सुकुम शर्मा, पूर्ववत् ।

[६२] ऐजन ।

[६३] डी.आर. पोखेल, पृ. ८४ ।

[६४] कृष्णप्रसाद घिमिरे र रामप्रसाद ज्ञवाली, पूर्ववत्, पृ. १७४ ।

[६५] ऐजन, पृ. १७५ ।

## २.३.५ निबन्धकार पारिजात

पारिजातलाई निबन्धकार व्यक्तित्वका रूपमा पनि चिनिन्छ । उनका निबन्धहरू संस्मरणमा आधारित छन् । उनले आफ्ना निबन्धमार्फत जीवनलाई हेर्ने पर्गेल्ने अनुभूतिलाई भोग्दै विश्लेषण गर्ने र निडरतापूर्वक आफ्ना विचार पोख्ने काम गरेको पाइन्छ । उनले जीवनप्रतिको दृष्टिकोण र समाजप्रतिको दृष्टिकोणलाई निबन्ध र आत्मसंस्मरणमा अभिव्यक्ति गरेको पाइन्छ । "२०२३ सालदेखि निबन्ध सिर्जनामा अभ्यस्त बन्दै गएकी पारिजात २०२९ सालदेखि आत्मकथा लेखनतिर उन्मुख भएको पाइन्छ ।"[टट] उनका आत्मकथालाई पनि संस्मरणात्मक निबन्धभित्र समेट्न सकिन्छ ।[टठ] पारिजातका निबन्धात्मक र आत्मसंस्मरणात्मक कृतिहरू यसप्रकार रहेका छन्:

| क्र.सं. | प्रकाशित कृति | प्रकाशन वर्ष |
|---|---|---|
| ०१ | धूपी सल्ला र लाली गुराँसको फेदमा | द्दण्द्धघ |
| ०२ | एउटा चित्रमय सुरुवात | द्दण्द्धछ |
| ०३ | आधी आकाश | द्दण्द्धड |
| ०४ | अध्ययन र संघर्ष | द्दण्छण |
| ०५ | पारिजातका सङ्कलित रचनाहरू (ग्रन्थ छ) | द्दण्छद्ध |

पारिजातका यी कृतिहरूमध्ये 'धूपी सल्ला र लालीगुराँसको फेदमा' (२०४३) र 'अध्ययन र संघर्ष' (२०५०) उनका आत्मकथ्यमा आधारित कृति हुन् भने अरू निबन्धात्मक विधामा समेटिने कृति हुन् ।[टड] 'धूपी सल्ला र लालीगुराँसको फेदमा', 'एउटा चित्रमय सुरुवात' र 'अध्ययन र संघर्ष' पारिजातका जीवनसँग सम्बन्धित कृतिहरू हुन् । यी तीनवटा पुस्तकहरूमा 'धूपी सल्ला र लालीगुराँसको फेदमा' र 'अध्ययन र संघर्ष' एउटा ढाँचाका छन् भने 'एउटा चित्रमय सुरुवात' मा विभिन्न

---

[६६] राजेन्द्र सुवेदी, पूर्ववत्, प. ७८ ।

[६७] सुकुम शर्मा, पूर्ववत्, पृ. २९ ।

[६८] ऐजन ।

शीर्षकका १९ वटा फुटकर रचनाहरू सङ्कलित छन् ।[६९] यी तीनैवटा आत्मसंस्मरणहरूलाई निर्माण प्रकाशन सिक्किमले सङ्कलित रचनाहरू ग्रन्थ चार को नामबाट २०५४ सालमा एउटै पुस्तकका रूपमा प्रकाशन गरेको छ ।

पारिजातको 'आधी आकास' २०४८ सालमा पहिलो पटक प्रकाशित निबन्धसङ्ग्रह हो । यसमा २९ वटा निबन्धहरू सङ्कलित छन् ।[७०] यस बाहेक उनका विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका फुटकर लेख निबन्धहरू र पारिजातले विभिन्न पत्रपत्रिकाहरूलाई दिएका अन्तर्वार्ताहरूलाई पनि प्रकाशन गर्ने काम भएको पाइन्छ ।[७१] पारिजातका निबन्धात्मक लेख रचनामा वर्ग संघर्ष, गरिबी, नारीमर्म, वर्गीय आन्दोलन सांस्कृतिक संघर्ष आदि पक्षलाई उठाइएको पाइन्छ । उनका निबन्धमा यथार्थवादी चिन्तन र वैचारिक विविधता रहेको पाइन्छ ।[७२]

### २.३.६ नाटककार पारिजात

पारिजात नेपाली साहित्यमा नाटककारका रूपमा पनि उदाएकी छिन् । उनको 'एक जोडी अन्तराल' नाटक **घुयेंत्रो** द्वैमासिक पत्रिकाको वर्ष २, अङ्क १ (२०५६) मा प्रकाशन भएको पाइन्छ । यसमा सात दृश्य रहेका छन् । उनका एकाङ्कीहरू रेडियोबाट प्रसारण भएका र पाण्डुलिपिमा रहेको पनि बुझिन्छ ।"[७३] अहिले पारिजातका नाटक (२०६५) प्रकाशित भएको छ ।

## २.४ पुरस्कार र सम्मान

पारिजातले नेपाली साहित्यमा पुऱ्याएको योगदानको कदर गर्दै विभिन्न पुरस्कार तथा सम्मान प्रदान गरिएको देखिन्छ । उनको प्रथम उपन्यास 'शिरीषको फूल' का लागि २०२२ सालमा 'मदन पुरस्कार' प्रदान गरिएको पाइन्छ । यसरी नै

---

[६९] डी.आर. पोखरेल, पूर्ववत्, पृ. ८६ ।

[७०] ऐजन ।

[७१] पवन चाम्लिङ 'भूमिका', **सङ्कलित रचनाहरू ग्रन्थ छ** (सिक्किम : निर्माण प्रकाशन, २०५४) ।

[७२] सुकुम शर्मा, पूर्ववत् ।

[७३] डी.आर. पोखरेल, पूर्ववत्, पृ. ९२ ।

२०४९ सालमा 'गङ्गी बसुन्धरा' पुरस्कारप र २०५० सालमा उनको 'बैंसालु वर्तमान' कवितासङ्ग्रहका लागि 'सर्वश्रेष्ठ पाण्डुलिपि' पुरस्कार प्रदान गरिएको देखिन्छ ।[७४]

नेपाली साहित्यमा विशिष्ट स्थान राख्न सफल भएकी पारिजातलाई विभिन्न प्रकारका सम्मानहरू पनि प्रदान गरिएको पाइन्छ । उनलाई २०४८ सालमा 'त्रिभुवन विश्वविद्यालय सभा' को सदस्यमा मनोनित गरिएको सूचना छ ।[७५] त्यस्तै २०४८ सालमा त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागमा 'साहित्य कुन्ज'बाट अभिनन्दन गरिएको उल्लेख छ । यसबाहेक २०४९ सालमा 'नेपाल तामाङ घेदुङ' र 'जनमत साहित्यिक' मासिकद्वारा अभिनन्दन गरिएको पाइन्छ ।[७६] पारिजातको प्रथम उपन्यास 'शिरीषको फूल' को अङ्ग्रेजी अनुवाद द्यगिभ :ष्यकब लाई अमेरिकाको मेरिल्याण्ड विश्वविद्यालयको पाठ्यक्रममा समावेश गरिएको छ । यसबाट पनि पारिजातको साहित्यिक मूल्याङ्कन उच्च रहेको जनाउँछ । पारिजातलाई २०३२ सालदेखि नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानद्वारा निमित्त विद्वत्वृत्ति प्रदान गरिएको उल्लेख पाइन्छ ।[७७]

## २.४.१ पारिजातका प्रकाशित पुस्तकाकार कृतिहरू

पारिजातले कलिलै उमेरदखि साहित्य सिर्जना गर्न सुरु गरे पनि २०१३ सालदेखि मात्र उनका रचनाहरू प्रकाशन हुन थालेको पाइन्छ । उनका सुरुतिरका रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशन भएका थिए भने २०१४ सालदेखि चाहिँ पुस्तककार कृतिका रूपमा प्रकाशन हुन थालेको पाइन्छ । उनका प्रकाशित पुस्तककार कृतिहरू निम्नानुसार छन् ।

[७४] ऐजन, पृ. ३६ ।

[७५] सं. निनु चापागाई र खगेन्द्र संग्रौला, पूर्ववत्, पृ. ज ।

[७६] ऐजन ।

[७७] ऐजन ।

| क्र.सं. | प्रकाशित कृति | विधा वा विषय | प्रकाशन वर्ष |
|---|---|---|---|
| ण्ज्ञ | आकांक्षा | कवितासंग्रह | 2014 |
| ण्द्द | शिरीषको फूल | उपन्यास | 2022 |
| ण्घ | आदिम देश | कथासंग्रह | 2025 |
| ण्द्ध | महत्ताहीन | उपन्यास | 2025 |
| ण्छ | बैंसको मान्छे | उपन्यास | 2029 |
| ण्ट | सडक र प्रतिभा | कथासंग्रह | 2032 |
| ण्ठ | तोरीबारी बाटा र सपनाहरू | उपन्यास | 2033 |
| ण्ड | अन्तर्मुखी | उपन्यास | 2035 |
| ण्ढ | उसले रोजेको बाटो | उपन्यास | 2035 |
| ज्ञण | पर्खाल भित्र र बाहिर | उपन्यास | 2035 |
| ज्ञज्ञ | अनिदो पहाडसँगै | उपन्यास | 2039 |
| ज्ञद्द | साल्गीको बलात्कृत आँसु | कथासंग्रह | 2043 |
| ज्ञघ | धूपी सल्ला र लालीगुराँसको फेदमा | आत्मसंस्मरण | 2043 |
| ज्ञद्ध | पारिजातका कविताहरू | कवितासंग्रह | 2044 |
| ज्ञछ | एउटा चित्रमय सुरुवात | आत्मसंस्मरण | 2045 |
| ज्ञट | परिभाषित आँखाहरू | उपन्यास | 2046 |
| ज्ञठ | आधी आकाश | लेख निबन्ध | 2048 |
| ज्ञड | बोनी | उपन्यास | 2048 |
| ज्ञढ | वधशाला जाँदा आउँदा | कथासंग्रह | 2049 |
| द्दण | बैंसालु वर्तमान | कवितासंग्रह | 2050 |
| द्दज्ञ | अध्ययन र सङ्घर्ष | आत्मसंस्मरण | 2050 |
| द्दद्द | पारिजातका नाटक | नाटक | 2065 |

## २.५ निष्कर्ष

कवि, उपन्यासकार, कथाकार, निबन्धकार, नाटककार आदिका रूपमा चिनिएकी साथै राजनीति र सामाजिक कार्यमा समेत लागेकी पारिजात नेपाली साहित्यकी बहुमुखी प्रतिभा हुन् । बाल्यवस्थादेखि नै विभिन्न किसिमका रोगले सताए पनि उनीले सानैदेखि साहित्यमा रुचि राखेको देखिन्छ । सिर्जनाका प्रारम्भिक

प्रयासमा अपमानबोध गरेकी पारिजातले २०१३ सालदेखि सार्वजनिक साहित्ययात्रा सुरु गरेको देखिन्छ । कविता विधाबाट साहित्ययात्रा सुरु गरे पनि उनी उपन्यास विधाबाट सर्वाधिक चर्चित भएकी हुन् । उनका प्रारम्भिक रचनामा प्रेम, विछोड, विरह, सामाजिक विकृति, विसङ्गति आदि विषयवस्तुका रूपमा आएको देखिन्छ । अथवा जीवनप्रतिको निराशा घृणा आदि अभिव्यक्त भएको देखिन्छ । राल्फा आन्दोलनसँगै उनको जीवनलाई हेर्ने दृष्टिकोणमा परिवर्तन हुन्छ । त्यसछिका उनका रचनामा जीवनप्रति सकारात्मक दृष्टि अभिव्यक्त भएको पाइन्छ । उनी बिस्तारै मार्क्सवादी चिन्तनबाट प्रभावित भएर प्रगतिवादतिर लम्किन थालेको देखिन्छ । त्यसपछिका उनका रचनामा अन्याय अत्याचार, शोषण आदिका विरुद्धमा क्रान्ति गर्नुपर्छ भन्ने कुरा अभिव्यक्त भएको पाइन्छ । उनका अन्तिम रचनासम्म पनि प्रगतिवादी चेतना प्रस्तुत भएको पाइन्छ ।

पारिजातको साहित्यको पाटो जति महत्वपूर्ण रहेको छ । उनको सामाजिक र राजनीतिक पाटो पनि त्यति नै महत्वपूर्ण रहेको छ । उनले विभिन्न प्रकारका साहित्यिक आन्दोलनमा सहभागी भएर जनतालाई जागरण गराउने काम गरेको देखिन्छ । शारीरिक रूपमा असशक्त भए पनि उनले विभिन्न प्रकारका राजनीतिक र साहित्यिक कार्यक्रमहरूमा भाग लिएर महिला गरिब र पिछडिएका वर्गको पक्षमा आवाज उठाउने काम गरेको पाइन्छ । विभिन्न किसिमका समस्याहरूसँग संघर्ष गर्दै पारिजातले जीवनभर साहित्य साधना गरेको पाइन्छ । साहित्य साधना गरेबापत उनलाई विभिन्न पुरस्कार र सम्मानहरू पनि प्रदान गरिएको पाइन्छ ।

यसरी लामो समयसम्म साहित्य साधनामा समर्पित भएकी पारिजातको मृत्यु वि.सं. २०५० वैशाख ५ गते विहान ४ बजे वीर अस्पतालको उपचार कक्षमा भएको थियो । आज उनको भौतिक शरीर नरहे पनि उनका मूल्यवान साहित्यिक कृति तथा उनले सामाजिक क्षेत्रमा पुऱ्याएको योगदानका कारणले उनलाई महत्वपूर्ण प्रतिभाका रूपमा लिने गरिन्छ ।

## तेस्रो परिच्छेद

# पारिजातका अध्ययनपरम्पराको सर्वेक्षण

## ३.१ पृष्ठभूमि

दार्जिलिङको लिंगिया चियाकमानमा जन्मिएकी पारिजातको बाल्यकाल सुखद नै बितेको पाइन्छ । त्यहाँको प्राकृतिक सुन्दरतामा भावुक बनेकी पारिजात बाल्यकालदेखि नै साहित्य लेखनतिर आकर्षित भएको देखिन्छ । उनी कक्षा ६ मा पढ्दा नै ‘तोतामैंना’, ‘वीरसिक्का’, ‘गुलावकाली’, ‘प्रेमलहरी’ जस्ता कृतिहरू अध्ययन गर्न थालेको बताउँछिन् । त्यसै समयमा उनले घोडचडी दाजु नाम दिएको व्यक्तिले “तिमी खुब लेख्ने गर बैनी ! तिम्रो भाषा असाध्य मिठो छ” भनेर प्रतिक्रिया दिएका छन् ।[१] यसरी तिम्रो भाषा मिठो छ भनेर सर्वप्रथम तिनै घाडचडी दाजुले पारिजातका बारेमा मौखिक टिप्पणी गरेको देखिन्छ । यसलाई पारिजातका लेखन उत्प्रेरणासँगै उनको लेखनमा सहज मूल्याङ्कन भएको मान्न सकिन्छ । पारिजातको अध्ययन परम्पराको पृष्ठभूमिमा यो टिप्पणी महत्वपूर्ण रहेको छ । पारिजातका साहित्यिक लेखनमा उनको यस टिप्पणीले सकारात्मक प्रभाव पारेको कुरा पनि यस सन्दर्भमा बिर्सन मिल्दैन । यस किसिमका मौखिक टिप्पणीहरूले उनलाई साहित्यिक साधनामा लाग्न राम्रो प्रेरणा मिलेको पनि मान्न सकिन्छ ।

पारिजातको पहिलो कविता प्रकाशनका सन्दर्भमा पनि यस किसिमका मौखिक मूल्याङ्कन गरिएको छ । कविता छपाइदिने सन्दर्भमा चित्तरञ्जन नेपालीले भनेका छन् - “यी कविता नयाँ हातका जस्ता छैनन्, यी हात बसिसकेका कविताहरू हुन् ।”[२] पारिजातका अध्ययन परम्पराको सन्दर्भमा उनका बारेमा गरिएका मौखिक टिप्पणीहरूलाई पनि महत्वपूर्ण मानिन्छ ।

---

१ पारिजात, **पारिजातका सङ्कलित रचनाहरू** (ग्रन्थ चार) (सिक्किमः निर्माण प्रकाशन, २०५४), पृ. २१ ।

२ ऐजन, पृ. ५८ ।

## ३.२ पारिजातका अध्यनपरम्पराको कालक्रमिक सर्वेक्षण

२०१३ सालमा 'धरती' पत्रिकामा कविता प्रकाशन गरेर सार्वजनिक भएकी पारिजातका पुस्तकाकार कृति भने २०१४ सालदेखि प्रकाशित भएको पाइन्छ । उनको पहिलो पुस्तककार कृति 'आकांक्षा' (२०१४) कवितासंग्रह हो । उनका पुस्तककार कृतिको प्रकाशनसँगै उनका बारेमा टिप्पणी र मूल्याङ्कन गर्ने परम्परा पनि अघि बढेको पाइन्छ । यहाँ पारिजातका अध्ययनपरम्पराको कालक्रमिक रूपमा अध्ययन गरिएको छ ।

### ३.२.१ खालिङ

पारिजातका कृतित्व र व्यक्तित्वको टिप्पणी र मूल्याङ्कन गर्ने पहिलो व्यक्ति खालिङ हुन् । उनले 'आकांक्षा' (२०१४) कवितासङ्ग्रहको प्रकाशनका क्रममा 'दुई शब्द' शीर्षकमा भूमिका लेखेका छन् ।[३] उनले यस भूमिकामा कवि र कविताबीचको सम्बन्ध देखाउन रवीन्द्रनाथको कवितालाई उदाहरणको रूपमा लिँदै कविताको अर्थ कविमा निहीत हुने बताएका छन् । (पृ. १) उनले यसलाई अझ स्पष्ट पार्दै "कविता त्यही हो । एउटा कविलाई बुझ्न उसका कविता बुझ्नुपर्छ, अनि कविता बुझ्नलाई हामी आफै पनि कुनै मात्रासम्म कवि हुनुपर्छ" भनेको पाइन्छ । (पृ. १) कविताको परिभाषा र व्याख्या जति धेरै गरे पनि अपूर्ण नै रहने कुरा यसमा प्रस्तुत छ । कवितामा इन्द्रजालमय माधूर्य रहने उल्लेख गर्दै जति बेलासम्म कविको भावनालाई बुझ्न सकिँदैन त्यतिन्जेल कवितालाई चिन्न र बुझ्न सकिँदैन भन्ने कुरा यस लेखमा प्रस्तुत गरिएको छ ।

खालिङ, कविता र पाठकका बीचको सन्दर्भलाई देखाउने क्रममा "कविको दुनियाँ र वास्तविक दुनियाँका बीचमा एक किसिमको अप्ठेरो चुक्ति भएको छ, यसको मूल कारण कविको दुनियाँ आधा यथार्थ र आधा कल्पना हो ।" (पृ. २) भन्ने कुरा उल्लेख गर्छन् । उनी कवि रहस्यमय कल्पनामा डुबेर आनन्द लिन्छ र उसले

---

[३] पारिजात, **आकांक्षा** (काठमाडौं : नेपाली लोकगीत सङ्ग्रहालय, २०१४), पृ. १ ।

प्राप्त गरेको अनुभवलाई पोखिदिन्छ त्यसैले कविको कल्पनामय अनुभवलाई चिन्न सक्ने पाठकले मात्र कविता बुझ्न सक्छ भन्ने कुरा यस क्रममा प्रस्तुत गर्छन् । मान्छेमा जतिसुकै आवेग भए पनि उसको भित्री तहमा स्नेह रहेकै हुन्छ । एउटा आवेग बितेपछि कोमल भावना उदाउँछ र त्यही कोमलतामा कविता सुस्ताउँछ भनी यस लेखमा आफ्नो विचार प्रकट गरिएको छ । कवितालाई सुकोमल भावनाको रूपमा चिनाउँदै "सुकोमल भावनाको लेनदेन नै जीवनको मिठास हो, रिसराग द्वैष दिँदालिँदा जीवन तीतो बन्दछ, अन्तर सधैँ जलिरहन्छ, त्यसको उल्टो सद्भावना-सहानुभूति स्नेह शुभकामनाको आदानप्रदानको जीवन सधैँ रसाउँछ भनिएको छ (पृ. ४) ।

पारिजातको कविता लेखन सन्दर्भलाई उल्लेख गर्ने क्रममा **शारदा** पत्रिकाको प्रकाशनसँगै नारी आवाज उठाउन थालेको र यसै परम्परामा पारिजात पनि कवयित्रीका रूपमा उदाएकी हुन् भनी चर्चा गरिएको छ । पुरुषकविका बीचमा नारी कवयित्री माथि उठ्न नसकेको सन्दर्भ देखाउँदै "त्यसपछि धेरै दिनसम्म स्वास्नीमान्छेहरूले जलन लुकाएर नै राखे, बीचबीचमा कसैकसैले चित्कार गरिरहे तापनि त्यो अनकन्टारको प्रलाप जस्तो थियो, पुरुषले कज्जाएको साहित्य साम्राज्यमा त्यो खोजमा तपस्या गर्न लाग्थ्यो भनिएको छ (पृ. ५) । नारीहरू कमजोर नभए पनि उनीहरूलाई बुझ्ने कोसिस गरिएन, त्यसैले नारीकवयित्रीहरूले त्यसै सुकेर बस्नुपऱ्यो । २००७ सालको प्रजातन्त्र प्राप्तिसँगै नारी आवाजहरू केहीमाथि उठ्ने प्रयास गरेका र त्यसैमा पारिजात पनि कवयित्रीका रूपमा देखापरेको चर्चा यस क्रममा गरिएको छ ।

पारिजातका कविताको मूल्याङ्कन गर्दै खालिङ अभ्यस्त भई नसकेकी पारिजातका कवितामा भाषागत, शैलीगत, व्याकरणगत क्षेत्रमा त्रुटि हुनसक्छन् तर त्यसलाई पाठकले औँल्याइदिनु पर्ने कुरा उल्लेख गर्छन् । कलिलो वयमा कलिलो भाषा अशोभनीय हुँदैन नै, अनेपाली शब्दको उपस्थितिलाई कतिपय पाठक-पाठिका अक्षम्य दोष ठान्नुहोला यसमा पनि लेखिकालाई उनको त्रुटि देखाएर सुधार पर्खनु

हाम्रो कर्तव्य नै हुन जान्छ" भन्छन् (पृ. ६) । उनी कवितामा व्याकरण र रचनादोषलाई पनि छाड्नु हुँदैन तर नयाँ कविमा यस्ता दोषहरू देखिए पनि अभ्यास गर्दै जाँदा त्यस्ता दोषहरू हराउँदै जाने निष्कर्षमा पुग्छन् । "पुराना कविहरूका छायाले नै नयाँ कविको आफ्नो छाया बनाउन सहयोग गर्छ (पृ. ७) । उनी पारिजात आफ्नो कविता लेखनलाई निरन्तरता दिन सके भविष्यमा राम्रा कविता लेख्ने प्रतिभा भएको उल्लेख गर्छन् । पारिजातका कवितामा यथार्थवादी चिन्तन प्रस्तुत भएको पनि उनको चर्चा छ । पारिजातका कविता थोरै भएर पनि तीक्ष्ण र सूक्ष्म भएको, विकासक्रमको अवस्थामा रहेका, उनका कवितामा नैराश्यका साथै सान्त्वना पाइने कुरा पनि यस लेखमा प्रस्तुत गरिएको छ । उनी पारिजातलाई साहित्यको गोरेटो बनाइसकेकी कवयित्रीका रूपमा वर्णन गर्दै पारिजातका कवितामा नैराश्यको अँधेरीमा पनि उत्कण्ठाको किरणरेखा छ । सपना र विपना छाउने अनुभव र वेदनाको भारी छ भन्ने कुरा प्रस्तुत गर्छन् कवितामा व्यक्तिकरणको प्रभाव समन्वयको खण्डितले पारिजातका कवितामा केही अलिलोपन देखिए पनि यसमा क्रमश: सुधार हुने आशा खालिङको छ । उनी पारिजातका कविता जीवनको बुझाइ होइन जीवन जीवाइको विवरण हो (पृ. ८) भन्ने निष्कर्षमा पुगेका छन् । अन्त्यमा यस कवितासंग्रहले आफूलाई आनन्द दिएको र अरूलाई पनि आनन्द र उत्साह देला भन्दै यस पुस्तकका प्रकाशकलाई खालिङले धन्यवाद दिएका छन् ।

खालिङ यस भूमिकामार्फत पारिजातको कवित्वको मूल्याङ्कन गर्छन् । उनी पारिजातलाई कवितालेखन सुरुगरेकी नवयुवतीका रूपमा चर्चा गर्दै उनका कवितामा थोरै तिना कमजोरी देखिए पनि त्यस्ता कमजोरीहरू हराउँदै जान्छन् र भविष्यमा उनबाट उत्कृष्ट कविता लेखिन्छन् भन्ने निष्कर्ष दिन्छन् । पारिजातको कवित्वको मूल्याङ्कन गर्ने प्रथम व्यक्ति खालिङ नै हुन् । यसर्थ पारिजातको अध्ययन परम्परामा उनको योगदान बिर्सन मिल्दैन ।

### ३.२.२ धनुषचन्द्र गौतम

आधुनिक नेपाली कविता र यस क्षेत्रमा देखिएको प्रयोगको चर्चा गर्दै धनुषचन्द्र गौतम 'नयाँ मूल्यको खोज र आधुनिक नेपाली कविता' (२०२१) शीर्षकको लेखमा गोपालप्रसाद रिमाल विजय मल्ल, केदारमान व्यथित पारिजात आदि कविहरूलाई नयाँ कविका सन्दर्भमा चर्चा गर्छन् ।[४] पुरानो रुढिगत मान्यता र शास्त्रीयतालाई यस चरणले छोडेको गौतमको मान्यता छ । वि.सं. २०२१ पछिको नयाँ समय र यस चरणका रिमाल पारिजात विजयमल्ल आदि कविहरूलाई परिवर्तनमुखी सिर्जनामा लागेको उनको कथन छ । कोमलकान्त पदावलीको सट्टा असंस्कृत र ग्राम्य भाषाको प्रयोगले यो चरण परम्पराभन्दा फरक भएको गौतमको ठहर छ । विषय शैली आदि हरेक पक्षमा नवीनता यस समयले प्रदानगऱ्यो र नयाँ विचारका साथ अगाडि बढ्यो भन्ने कुरा उनी बताउँछन् । परम्पराभन्दा फरक ढङ्गले नयाँ खोजका साथ कविहरू अगाडि बढे पनि पाठकहरूले अत्यन्त आधुनिक शैली र स्वर लिएर आएको नयाँ कवितालाई निर्धक्क स्वागत गर्न सकेका छैनन् भन्ने विचार गौतमको छ । पाठकहरूको मनमा प्रयोगवादी कविताप्रति संशय र दोधार छ । लय र तुक नभएको जथाभावी साना ठूला पङ्क्तिमा उनिएका नयाँ कविता फेसनका लागि लेखिएका त होइनन् ? के यी अस्पष्ट छैनन ? पाठकलाई अल्मल्याउन र जिल्याउनका लागि लेखिएका त होइनन् ? यसले हाम्रो प्राचीन परम्परालाई त समाप्त पार्दैन ? (पृ. १७) जस्ता गम्भीर प्रश्नहरू पाठकले नयाँ कविताको सम्बन्धमा उठाएको चर्चा गर्छन् । यस सम्बन्धमा सहानुभूति देखाउने सम्वेदनशील पाठक र आलोचकको सङ्ख्या न्यून रहेको कुरा गौतम व्यक्त गर्छन् । केही आलोचकहरू पूर्वाग्रहबाट पीडित भएको र विज्ञपाठकहरू पनि यसबारे रनभुल्लमा परेको गौतम बताउँछन् (पृ. १७) । आधुनिकता भनिदिएर मात्र हुँदैन आधुनिकता युग सापेक्ष हुनुपर्छ (पृ. १८) भन्ने कुरा उनी उल्लेख गर्छन् ।

[४] धनुषचन्द्र गौतम, 'नयाँ मूल्यको खोज र आधुनिक नेपाली कविता', **रूपरेखा,** (वर्ष ५, अङ्क १, २०२१) पृ. १७ ।

आधुनिकता र प्राचीनता समयको आधारमा हेरिन्छ । भानुभक्त भन्दा मोतीराम आधुनिक, मोतीभन्दा लेखनाथ, त्यसपछि देवकोटा, रिमाल आदिको चर्चा गर्दै जति परको त्यति प्राचीन र जति वरको उति आधुनिक भएको गौतमको ठहर छ । (पृ. १८) उनी नयाँ कविहरू समाजले बुझ्नेभन्दा फरक ढङ्गले लागेको बताउँछन् । प्राचीन कविता भक्तिधारा र नीति नियमको अनुशासनमा रहेको चर्चा गर्दै आध्यात्मिक चेतना नै त्यस समयको प्रमुख विशेषता भएको उनी बताउँछन् ।

यस लेखमा नेपाल अङ्ग्रेज युद्ध, सुगौली सन्धि नेपालीहरूले देखाएको वीरता त्यसै समयको हाराहारीमा भानुभक्तको जन्म भएको चर्चा गरिएको छ । भानुभक्त पण्डित परिवारमा जन्मिएका र संस्कृतका विद्वान भए पनि उनले नेपाली भाषामा काव्य रचना गरे । भाषाबारे उनले जुन दृढता देखाए त्यसले गर्दा हामी भानुलाई 'क्रान्तिकारी भानु' भनी स्मरण गर्दछौ र उनका चिर ऋणी छौ (पृ. १९) भन्ने कुरा यस लेखमा प्रस्तुत गरिएको छ । प्रयोगवादी कविता, फोटोग्राफी र चित्रकला बीचको अन्तर, छन्द लय अलङ्कार आदिको नयाँ प्रयोग, विश्व साहित्यको प्रभाव र यसै बीचबाट देखिएको नेपाली प्रयोगवादी कविताको चर्चा यस लेखमा गरिएको छ । विश्वमा चलेको युद्ध र महायुद्ध ईश्वरको मृत्युको घोषणा र त्यस अवसरमा सृजित परिवेशको पनि यहाँ उल्लेख गरिएको छ । विश्व घटनाक्रमले यस प्रकारको वातावरण सिर्जना गरिरहेको समयमा नेपाली साहित्यमा नयाँ कविताको थालनी भए पनि खास समय किटान गर्न नसकिने कुरा प्रस्तुत गरिएको छ (पृ. २५) ।

गोपालप्रसाद रिमाल, केदारमान व्यथित, विजय मल्लको समयदेखि साहित्यमा नयाँ बाटो तय भएको गौतम बताउँछन् । यस प्रसङ्गमा विजय मल्लको कवित्वको चर्चा गर्दै नयाँ कविता लेखनलाई अघि बढाउने काम मोहन कोइराला, वैरागी काइँला, ईश्वर बल्लभ पारिजात आदिले गरेको उनको ठहर छ (पृ. २७) । नयाँ कविता परम्परामा विषयवस्तु भाषा शैली आदिमा देखिएको नयाँपनले नेपाली साहित्यमा प्रयोगवादी कविता लेखन सुरु भएको र पारिजात पनि प्रयोगवादी वा नयाँ कविता परम्पराको एक सशक्त कवि भएको गौतम बताउँछन् । पुरानो

साहित्यले व्यक्त गर्न नसक्ने कुरा पारिजातको "लाहुरेलाई एक रोगी प्रेमिकाको पत्र "कविताले व्यक्त गरेको र यो कविता नयाँ परम्पराको अद्वितीय नमूना हो (पृ. ३६) भनेर गौतम पारिजातको मूल्य निर्धारण गर्दछन् ।

वि.सं. २०२० पछि देखिएको आधुनिक नेपाली कविताले पुराना मूल्य र मान्यताको अन्त्य गर्दै नयाँ विचार भाव र शैलीका आधारमा आफ्नो यात्रा तय गरेको लेखकले प्रस्ट पारेका छन् । नेपाली कविता परम्परामा पनि विश्व परिवेश र घटनाहरूको प्रभाव परेको लेखकको ठहर छ । नेपाली कवितामा रिमाल व्यथित पारिजात मोहन कोइराला ईश्वर बल्लभ आदिले प्रयोगवादलाई अगाडि बढाएको चर्चा गर्दै पारिजातलाई नयाँ कविता परम्पराको एक उत्कृष्ट र अविस्मरणीय प्रतिभा भएको कुरा यस लेखमा व्यक्त गरिएको छ ।

### ३.२.३ पुरुषोत्तम बस्नेत

साहित्यकार पारिजातको प्रतिभाको उच्च कदर गर्दै पुरुषोत्तम बस्नेत मुकुट (२०२१) पत्रिकामा सम्पादकीय नै लेख्छन् । प्रतिभाको उचित सम्मान कदर हेरचाह र प्रोत्साहन नगर्ने सन्दर्भ उठाउँदै बस्नेत यस्तो प्रवृत्तिमा भाव प्रतिभा ओइलाउने, समय नपुगि झर्नुपर्ने दुःखद स्थिति आउँछ भन्ने तथ्य व्यक्त गर्छन् ।[५] "हाम्रो यस्तै त्रुटिले गर्दा नै देवकोटाले छटपटाएर जानुपऱ्यो, हृदयचन्द्रले रगत छाद्दै अस्ताउनुपऱ्यो पुष्कर शमशेरले ऐया पनि भन्न नसकी आँसु टल्बल पार्दै सधैंको निमित्त निधाउनु पऱ्यो ।" (पृ. ६८) भन्ने कुरा पनि बस्नेत चर्चा गर्छन् । हामीले उचित सहयोग र सम्मान प्रदान गर्न सकेको भए मानसिक रोगबाट पीडित गोपालप्रसाद रिमाल र बाथरोगबाट पीडित पारिजात पनि स्वस्थ हुने थिए भन्ने उच्च मानवतावादी विचार बस्नेत यस लेखमा व्यक्त गर्छन् । उनी पारिजात बाल्यकालदेखि नै सामान्य ढङ्गबाट रोगले पीडित भएको कुरा पनि प्रस्तुत गर्छन् । पारिजातको दुःखद्पूर्ण जीवनको चर्चा गर्ने क्रममा रोगले कुँजिएर बसेको अवस्थामा

[५] पुरुषोत्तम बस्नेत, 'सूवासपूर्ण पारिजातप्रति नेपाली समाजको कृतघ्नता', **मुकुट,** (वर्ष २, अङ्क २, २०२१), पृ. ६८ ।

शाही नेपाल एकेडेमीले खर्चको आवश्यकता आदिको जानकारी सहित पठाउन वीर अस्पताललाई पत्राचार गरेको थियो । तर एकेडेमीले रु. ५०० मात्र दिने जनाएका कुराप्रति बस्नेतले असन्तुष्टि व्यक्त गर्दै उनी हिँड्न नसक्ने कुँजिएको अवस्थामा पुगेकी कवयित्रीले पाँचसय रूपयाँको ज्यादै सानो रकमले आफू स्वस्थ हुने भए श्री ५ को सरकार वा नेपाल एकेडेमीको अगाडि झोली थाप्नुपर्ने नै थिएन (पृ. ६८) भन्ने कुरा उल्लेख गर्छन् ।

यस लेखमा पारिजातको दुःखपूर्ण जीवनको छोटो अंश प्रस्तुत गर्दै पारिजातलाई आधुनिक नेपाली गद्य कवितामा राम्रो ठाउँ भएकी प्रतिभाको रूपमा व्याख्या गरिएको छ (पृ. ६९) । प्रेमलाई आधुनिक मनोविज्ञानको हेराइले आकर्षक र कारुणिक रूपमा आफ्ना कविता व्यक्त गर्ने पारिजातबाट नेपाली साहित्यले धेरै आशा गरेको कुरा यहाँ प्रस्तुत गरिएको छ । यस्ती प्रतिभाकी धनी व्यक्ति रोगले थालिँदा पनि उनीप्रति वेवास्था हुँदा लेखक हाम्रो समाज र सरकारप्रति रोष प्रकट गर्छन् ।

यस लेखमा पारिजातको जीवनीको छोटो चर्चा गरिएको छ । प्रतिभाको सम्मान गर्नुपर्ने हो तर त्यसो नहुँदा हुने हानिप्रति लेखकले विशेष चासो देखाएका छन् । यहाँ बस्नेत पारिजातबाट नेपाली साहित्यले ठूलो आशा राखेको कुरो गर्दै पारिजातलाई आधुनिक कालकी उत्कृष्ट लेखिका भएको उल्लेख गर्छन् । पारिजातको प्रतिभालाई सम्मान गर्नुपर्छ भन्दै उनी रोगबाट बचाउन कुनै प्रयास नगरेकोमा दुःख पनि व्यक्त गर्दछन ।

### ३.२.४ हरिहरराज जोशी

'पारिजात : एक पारी, एक जात ! नेपाली साहित्यको पारिजात' (२०२१) शीर्षकको लेखमा हरिहरराज जोशी पारिजातको लेखनकलाको छोटो अध्ययन गर्दछन् । संस्मरणात्मक रूपमा पारिजातसँग देखभेट भएको र सुनेका कुराको चर्चा गर्दै उनी

पारिजातलाई पार्वती भन्दा अझ गहन र महान छिन भन्ने कुरा उल्लेख गर्छन्[६] (पृ. ४७) । यहाँ पारिजातको महानताको गुणगान गाउँदै हृदयको उर्लदो भेललाई सन्तुलित ढङ्गले अभिव्यक्त गर्नु, त्यसैले पनि पार्वती व्यक्ति भए पारिजात जात हो (पृ. ४७) भनिएको छ ।

बङ्गाली, संस्कृतका ज्ञाता लक्ष्मणराज जोशीले पनि पारिजातलाई महत्वपूर्ण सम्पत्तिको रूपमा चर्चा गरेको कुरा यस लेखमा व्यक्त भएको छ । हरेक लेखकको आफ्नो एउटा छुट्टै दर्शन हुन्छ, त्यस दर्शनलाई प्रतिपादन गर्ने, अभिव्यक्ति गर्ने तरिका हुन्छ, स्पष्ट शैली भावना र इमेजमा रहन्छ । त्यसै क्रममा मैले पारिजातलाई पाएको छु (पृ. ४८) भनी जोशी व्यक्त गर्दछन् । पारिजात आफ्नै शैली आयाम, दर्शन र अभिव्यक्तिको नाम हो भन्ने कुरा यस लेखमा प्रष्ट पारिएको छ । पारिजातका कविताहरूले हामी स्वयं छर्लङ्ग हुन्छौ भन्दै जाशीले पारिजात एउटा कविता हो, जति पढ्यो उति गहिरो जति गहिरो उति फराकिलो भन्छन् (पृ. ४९) । त्यसैले पारिजात प्रेरणा, पद्धति र अनुकरणीय स्रोत हुन भन्ने विचार पनि जोशीको रहेको छ ।

यस लेखमा जोशी पारिजातलाई एउटा दर्शन बोकेको प्रतिभा हो । जसबाट हामी धेरै आशा गर्न सक्छौं । जसको आफ्नै शैली र पद्धति छ भन्दै उनलाई रोगबाट मुक्त गराउनुपर्ने विचार व्यक्त गर्छन् ।

### ३.२.५ माधव ओम श्रेष्ठ

पारिजातको अध्ययन गर्ने क्रममा माधव ओम श्रेष्ठ 'पारिजात ! एक अभिव्यक्ति एक : स्वर' (२०२२) शीर्षकको लेखमा पारिजातसँग लिइएको अन्तर्वार्ताका साथै आफ्नो प्रतिक्रियालाई प्रस्तुत गर्दछन् । यस लेखमा पारिजातको जीवन दर्शनलाई उल्लेख गरिएको छ । यहाँ मानिसको विचार वातावरण समाज

---

[६] हरिहरराज जोशी, "पारिजात : एक पारी, एक जात ! नेपाली साहित्यको पारिजात", **मुकुट,** (वर्ष २, अङ्क २, पुस २०२१), पृ. ४७ ।

परिवर्तन हुँदै जान्छ । मानिस रहस्यमय र हत्तपत्त बुझ्न नसकिने प्राणी हो भन्ने पारिजातको भनाइलाई प्रस्तुत गरिएको छ ।[७] यहाँ लेखकले सोधेको प्रश्नको उत्तर दिँदै पारिजात आफूमा बाल्यकालदेखि नै अर्थहीन निराशा भएको (पृ. ४७) उनका संरक्षकहरूले उनलाई अर्कै बनाउन चाहेको तर उनी अरूको चाहना भन्दा फरक भएको भनाइलाई यस लेखमा अभिव्यक्ति गरिएको छ । उनले बाल्यकालको आफ्नो अवस्थाबारे यसरी भनेकी छन् "मुसलधारे पानी पर्दा एकान्तमा गएर रुनु, जुन लागेको देखेर छटपटाउनु, रातो घाम लाग्दा सुस्केरा छोड्नु जस्ता अनौठो अभिव्यक्तिहरूले उनीहरूलाई पिरोलेका थिए, तर पछि यो मेरो आफ्नो पन ज्थकतभचष्अ जस्तो हो, सस्तो भावुकता मात्र भनेर छोाडिदिए ।" (पृ. ४७) यस लेखमा बाल्यकालदेखि नै निस्सारतावादी दृष्टिले खोक्रो बनाएको पारिजातको दृष्टिकोण प्रस्तुत गरिएको छ "एउटा अर्थहीन मौलिकता र निस्सारताबाट भुइँफुट्टा भएर आएको मेरो जीवन दर्शनको पनि कुनै सार छैन" (पृ. ४७) ।

प्रस्तुत लेखमा श्रेष्ठ आफू र साथी स्वर्गमान पारिजातको कोठामा गएर अन्तर्वार्ता लिएको उल्लेख गर्दछन् । यस अन्तर्वार्ता लेखमा श्रेष्ठ पारिजातको शारीरिक अवस्था, शिक्षा, साहित्यिक यात्रा जन्म बाल्यकाल आदिको बारेमा चर्चा गर्दछन् । यहाँ पारिजातको जन्म वि.सं. १९९३ मा दार्जिलिङको लिंगिया चियाबगानको एक मध्यम वर्गीय नेपाली परिवारमा भएको थियो । सानैदेखि अनौठो स्वभाव भएकी पारिजातलाई बाबु आमा डाक्टर बनाउन चाहन्थे तर उनी पढ्न भन्दा खेल्न र मनोरञ्जन गर्न रुचि राख्थिन (पृ. ७६) भन्ने कुरा प्रस्तुत गरिएको छ । पारिजात सानी हुँदा नै उनकी आमाको मृत्यु भएको र उनको पालनपोषण उनका बाबुले गरेका थिए, परिवारको एकमात्र छोराको आकस्मिक मृत्यु भएपछि उनका बाबु विरक्ति भए, यही चोटले गर्दा पारिजातका बाबु दार्जिलिङ छोडेर काठमाडौं आए र पारिजात पनि बाबुसँगै २००९ सालमा काठमाडौं आएकी हुन् (पृ. ७६) भन्ने

---

[७] माधव ओम श्रेष्ठ, 'पारिजात एक : अभिव्यक्ति एक स्वर', **सगुन,** (वर्ष १, अङ्क १, २०२२), पृ. ४७ ।

कुरा यस लेखमा प्रस्तुत गरिएको छ । श्रेष्ठ पारिजातको शिक्षाको बारेमा यसो भन्छन् । "पारिजातले पद्मकन्या कलेजबाट बी.ए. सम्मको परीक्षा उत्तीर्ण गरेकी हुन् र उनी उनन्तीस वर्षको उमेरमा नै कुँजिएर थला परेकी छन्" (पृ. ७६) ।

श्रेष्ठ नेपाली साहित्यकारहरूको स्मरण गर्दै देवकोटा हृदयचन्द्रसिंह जस्ता साहित्यका उचित उपचार नपाएर नै विते पारिजातले पनि उपचार पाएकी छैनन् भन्दै बाँचुन्जेल कसैको चासो नगर्ने तर मरेपछि गुणगान गाउँने नेपाली समाज र नेपाल सरकारप्रति रोष प्रकट गर्दै मानवतावादी दृष्टिकोण अभिव्यक्त गर्दछन् (पृ. ७६) । यहाँ अन्तर्वार्ताको क्रममा पारिजातले भनेका कुरालाई पनि प्रस्तुत गरिएको छ । "२०१४ सालदेखि आफ्ना मनका भाव कविताका रूपमा पोख्न थालेको, काव्य दर्शन भनेको आफ्नै जीवन दर्शनको प्रतिच्छाया हो । तर कति विचार धारालाई मौलिकताको विपरित मान्न बाध्य भएकी छु" (पृ. ७७) । जस्ता पारिजातका भनाइलाई यस लेखमा राखिएको छ । मनमा आएका उकुसमुकुसलाई यथार्थ र सजीवतामा ढालेर व्यक्त गरेका कुरा नै कविता भएको, आफूलाई हल्का बनाउन लेख्ने क्रममा साहित्यिक रचना भएको हो, भन्ने कुरा यस लेखमा उल्लेख गरिएको छ (पृ. ७७) । जीवन सबैको उस्तै हो, एउटाको भावना अरूकोसँग पनि मिल्न सक्छ, साहित्य जीवनकै निम्ति हुन्छ (पृ. ७७) जस्ता पारिजातका साहित्यिक मान्यतालाई उक्त लेखमा प्रस्तुत गरिएको छ । पारिजातमा निराशावाद सर्प जकडिएझैं जकडिएको र यो साहित्यमा पनि प्रयोग हुने पारिजातको चिन्तनलाई पनि यहाँ व्यक्त गरिएको छ (पृ. ७७) ।

श्रेष्ठ यस लेखमा पारिजातको पहिलो रचना दुईवटा साना मुक्तक 'प्रगति' द्वैमासिक पत्रिकामा प्रकाशित भएको (२०१५ ?) सालमा 'आकाङ्क्षा' कविता सङ्ग्रह प्रकाशित भएको बताउँछन् । पारिजातका कविताहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका उनको गद्य रचना 'मैले नजन्माएको छोरो' र 'अनिदो र शून्यता' क्रमशः 'रचना' र विहान पत्रिकामा प्रकाशित भएको कुरा पनि उल्लेख गर्छन् (पृ.

७९) । यस लेखमा पारिजातका भनाइहरू व्यक्त गर्दै समस्याहरूको माझबाट साहित्यको जन्म हुन्छ, जति समस्या बढ्यो त्यति साहित्यको प्रगति हुन्छ । साहित्यमा यौनलाई धेरै निरङ्कुश बनाउनु हुँदैन । सार्त्र कामु आदिले पनि यौनको प्रयोग गरेका छन् । तर बढी अश्लीलतालाई व्यक्त गर्नु हुँदैन (पृ. ८०) । जस्ता पारिजातका भनाइलाई यहाँ उल्लेख गरिएको छ । उनी मोहन कोइराला, भूपि शेरचन, वासु शशिका कविताहरू, रमेश विकल, कुमार ज्ञवाली आदिका कथाहरू, शङ्कर लामिछानेको शैली र ताना शर्माको समालोचना पारिजातलाई मनपर्ने साहित्य र साहित्यकार भएको कुरा श्रेष्ठ उल्लेख गर्छन् ।

१४/१५ वर्षको उमेरदेखि पारिजातलाई हाडजोर्नी दुख्ने रोगले सताएको र दुई वर्षदेखि यता थलापारेको वीर अस्पतालमा भएको उपचारबाट विशेष लाभ नभएको र श्री ५ को सरकारले पनि उनको रोगको बारेमा चासो राखेको कुरा प्रस्तुत लेखमा उल्लेख गरिएको छ (पृ. ८०) । नेपाली नारी रूपको सम्बन्धमा पश्चिमी भेषभूषाको प्रभावमा नपरेकी शिक्षित र दूरदर्शी नारी पारिजातलाई मनपर्ने कुरा पनि यहाँ व्यक्त गरिएको छ ।

यस लेखमा पारिजातलाई उत्कृष्ट नारी लेखिकाको रूपमा मूल्याङ्कन गरिएको छ । "पारिजात मात्र नारी होइन एक अभिव्यक्ति हो, एक स्वर हो र एक सङ्गीत हो, जो हावाहरूसँगै फैलिन्छ, आफ्नो मिठास छर्दै र मानिसको अन्तर्मनलाई छुन पुग्दछ । उहाँको जिन्दगी अस्तित्व व्यथा सङ्घर्ष सबै थोक उहाँको आफ्नो छैन" (पृ. ८२) । पारिजात नेपाली साहित्यमा, उत्कृष्ट लेखिका हुन् उनका रचनाले प्रत्येक मान्छेको हृदय छुन सक्छ, भनेर यस लेखमा पारिजातको मूल्याङ्कन गरिएको छ । यस लेखले पनि उनको अध्ययन अघि बढाउन सहयोग गर्दछ ।

### ३.२.६ शङ्कर लामिछाने

साहित्यकार पारिजातको 'शिरीषको फूल' (२०२२) उपन्यासको भूमिका लेख्ने क्रममा साहित्यकार शङ्कर लामिछाने उनको लेखनकलाको गहिरो चर्चा गर्छन् ।

भूमिका लेख्न, पाण्डुलिपि प्राप्त भएको वातावरणको उल्लेख गर्दै लामिछाने पारिजातको लेखनकलासँग गहिरो प्रेम रहेको कुरा दार्शनिक रूपमा व्यक्त गर्छन् ।[८] यस क्रममा उनी पारिजातलाई आधुनिक साहित्यकारको रूपमा चिनाउँछन् । जसको परिभाषा दिन कठिन भएको कुरा उनी व्यक्त गर्छन् । पारिजातसँग भएका चिनजानको प्रसङ्ग उल्लेख गर्दै पारिजात, पारिजात बन्नका विभिन्न तर्कहरू पनि प्रस्तुत गर्छन् । डेनिस नामको चित्रकार सँगको संवादमा कुनै सङ्कोच विना क्जभ ष्क दभबगतषगा धचष्तभच भनेको प्रसङ्ग पनि यस लेखमा उल्लेख गरिएको छ ।

शङ्कर लामिछाने यस लेखमा पारिजातलाई यस युगको अन्तिम लेखिका भनेर चिनाउँछन् । लामिछाने यहाँ पारिजातलाई देवकोटा जस्तै युग निर्माता र एकल प्रतिभाको रूपमा चर्चा गर्छन् । उनी नेपाली पाठकहरू भूमिका कम पढ्छन् भन्ने कुराको व्याख्या गर्दै यस कृतिको भूमिका लेख्न धेरै कठिन भएको कुरा व्यक्त गर्छन् । उनी 'शिरीषको फूल' लाई काव्यन्यास भन्छन् । पहिलेदेखि नै पारिजातका लेख रचना हेर्ने गरेको तर यस उपन्यासले आफूलाई छक्क पारेको कुरा लामिछाने प्रस्तुत गर्छन् । उनले ४५/४६ वर्षे अधवैंसे सैनिकको चित्रण गरिन् आफू स्वास्नी मानिस, अझ कुमारी अवस्थाकी भएर पनि भन्ने व्याख्या लामिछानेको छ । जसलाई उनी महत्वपूर्ण उपलब्धि ठान्छन् । पारिजातको, भाषा बहाब र छनौट पनि सशक्त भएको लामिछानेको ठहर छ । यस उपन्यासको कथानकको सामान्य चर्चा गर्दै लामिछाने जापानी भाषाको 'द सेटिङ सन' सँग शिरीषको फूलको तुलना गर्छन । 'द सेटिङ सन' को अनुवाद गर्ने विचार गरिरहेका लामिछाने 'शिरीषको फूल' देखेपछि यो आवश्यकता पूरा भएको ठान्दछन् । उनी यस कृतिलाई विश्वसाहित्यकै उत्कृष्ट कृति भएको पनि बताउँछन् । युग निर्माण गर्ने रूपमती मुलुक बाहिर, अनुराधा आदि उपन्यासको चर्चा गर्दै शिरीषको फूल मार्फत पारिजातले नयाँ युगको थालनी गरेको लामिछानेको ठहर छ । शून्यवाद दर्शनको चर्चा गर्दै यसै परिप्रेक्ष्यमा

---

[८] पारिजात, **शिरीषको फूल** (काठमाडौं : साझा प्रकाशन, २०२२) भूमिका अनुसार ।

पारिजात र शिरीषको फूलको लामो चर्चा लामिछाने यस भूमिका लेखनमा स्मरण गर्छन् । शून्यवाद र यस उपन्यासका नायक नायिका सुयोगवीर र सकमबरी लगायत केही पात्रहरूको चर्चा गर्दै यो उपन्यास शून्यवादको भावभूमिमा लेखिएको उनी बताउँछन् । साथै उपन्यासको कथानक पनि सुयोगवीरकै वरिपरि घुमेको उल्लेख गर्छन् । लामिछाने पारिजातको गहन चिन्तनको विश्लेषण गर्दै भन्छन् "शून्यवाद दर्शनको गम्भीर र गहन सिद्धान्त यति सहज सुन्दर र सुकिलो रूपमा उपन्यासको रूपमा व्यक्त गरिएको मैले आजसम्म थाहा पाएको छैन, यस २००० वर्षको जीवनमा, त्यसैले त्रिकाललाई कालहीन वर्तमानमा परिणत गर्न, सक्ने क्षमता पारिजातको देखेर नै अघि कतै मैले भनेको थिएँ पारिजात वर्तमान हो ।" शिरीषको फूलको चर्चा गर्दै यसलाई अत्यन्तै सफल कृतिका रूपमा पाएको र यो फूल अत्यन्तै पवित्र रहने भाव यस लेखमा प्रस्तुत गरिएको छ ।

यस भूमिका लेखमा शङ्कर लामिछाने पारिजातको 'शिरीषको फूल' लाई युग निर्माण गर्ने शून्यवाद दर्शनको आधार भूमिमा रहेको भाषा र शैली उत्कृष्ट भएको पवित्र फूलरूपी उपन्यासको रूपमा चिनाउँछन् । उनी पारिजातलाई नेपाली साहित्यमा उत्कृष्ट साहित्यकारको रूपमा मूल्याङ्कन गर्छन् ।

यसरी नै बिम्ब प्रतिबिम्ब (२०२८) पुस्तकमा पनि पारिजातका बारेमा उल्लेख गरिएको छ ।[९] यस लेखमा उनी 'शिरीषको फूल' को भूमिका पाठकले राम्ररी नबुझेको र आफूले पारिजातको बारेमा केही लेखे पनि सबैले त्यसलाई 'शिरीषको फूल' को परिशिष्ट ठान्ने भय छ (पृ. ९०) । यस प्रकारको आरोप पारिजात र लामिछाने दुबै भएको उनी बताउँछन् । यहाँ पारिजातले एक पटक पत्र लेखेको उल्लेख गर्दै पत्रको छोटो अंश प्रस्तुत गरिएको छ । पारिजातले उपन्यासको चर्चा र सफलताले अब धेरै व्याप्त भइसकें भनेर आफूलाई पत्र लखेको लामिछाने बताउँछन् । सोचेकी थिएँ त्यसको पनि केही माने लाग्छ तर निस्सारता शायद

---

[९] शङ्कर लामिछाने, **बिम्ब प्रतिबिम्ब** (काठमाडौं : पुस्तक संसार, २०२८) ।

मानिसको अन्तिम खुट्किलो हो र जहाँबाट साटिने ठाउँ छैन (पृ. ९०) । जस्ता पारिजातका विचारलाई यस लेखमा प्रस्तुत गरिएको छ । पारिजात सुयोगवीरको जीवन विताइरहेकी छु भन्छिन् भनेर शङ्कर लामिछाने उल्लेख गर्दछन् ।

'शिरीषको फूल' उपन्यासको आलोचनालाई सङ्केत गर्दै, पारिजातले जन्माएका पात्रहरू हुर्की सके, तिनको आफ्नो स्थान समाजमा भइसक्यो आज तिनको हत्या न पारिजात नै गर्न सक्छे न म गर्न सक्छु न पाठक नै भन्ने विचार लामिछानेको छ (पृ. ९१) । ती पात्रहरूमा पारिजातको केही छाप परे पनि पूर्णरूपमा उनी त्यहाँ उपस्थित नभएको लामिछाने बताउँछन् । यसकारण एक अभियुक्त हो जसलाई वर्णन गर्न अज्ञय भन्छन् भन्ने विचार लामिछाने व्यक्त गर्छन् । पारिजात असलमा कुलटा हो । नैतिकता उसमा लेसमात्र छैन । उसैको चित्र अनुसार उ "स्वास्नी मानिस, स्वास्नी हुनुभन्दा जननी पहिले भइहोली भन्ने कुरा लामिछाने व्यक्त गर्छन् । यो जन्मिनु एउटा नयाँ युगको सिर्जना र नयाँ परिपाटीको उत्थान हुनु हो । यो आजसम्मका मान्यता, परम्परा र मूल्याङ्कनहरूलाई बगाल लगाएर अघि बढ्ने छु (पृ. ९३) जस्ता अभिव्यक्ति लामिछाने व्यक्त गर्छन् । शारीरिक अस्वस्थताको अवगुण्ठनमा बेरिएर उसले आफ्ना यौनाकाङ्क्षाहरूको तृप्ति मानसिक उचाइमा गरेकी छ । एक प्रकारले योग साधनको यो अन्तिम स्तर हो (पृ. ९३) जस्ता विचारहरू लामिछाने यस लेखमा व्यक्त गर्छन् ।

यस लेखमा पारिजात र शिरीषको फूलसँग सम्बन्धित विभिन्न प्रकारका प्रसङ्ग र भनाइहरूको उल्लेख गर्दै लामिछाने आफ्नो विचार प्रस्तुत गर्छन् ।

### ३.२.७ ताना शर्मा

पारिजातको व्यक्तित्व र कृतित्वको अध्ययन गर्ने क्रममा ताना शर्माको महत्वपूर्ण योगदान रहेको छ । उनी 'रत्नश्री' (२०२३) मा प्रकाशित रत्नश्री को नारी

अङ्क पद्दा शीर्षकको लेखमा विभिन्न नेपाली नारी लेखिकाहरूको चर्चा गर्दै पारिजातको साहित्यिक योगदानबारे आफ्नो विचार व्यक्त गर्छन् ।[१०]

यस लेखमा रत्नश्री पत्रिकाका संरक्षक श्री ५ रत्नराज्यलक्ष्मी देवीको शुभ जन्मोत्सवमा रत्नश्रीको नारी अङ्क निस्केको उल्लेख गर्दै पत्रिकाको बनावट, यसमा प्रकाशित रचनाहरू र विज्ञापनको पनि चर्चा गरिएको छ (पृ. ४७) रत्नश्रीका प्रकाशक शान्तदेव भट्टराई र स्तम्भ लेखक मदन भट्टराईको कार्यशैलीबारे पनि चर्चा गरिएको छ । लेखकले परिश्रम साथ सामग्री खोजेर रत्नराज्य लक्ष्मीको व्यक्तित्वको उज्यालोलाई भाषाको रूप दिइएको उल्लेख यस लेखमा छ (पृ. ४८) प्राध्यापक अम्बिकाप्रसाद शर्माको लेखले दरिलो खुट्टो टेक्न तम्सेका आइमाईहरूलाई प्रेरणा दिएको छ । भनेर त्यस लेखको प्रशंसा गरिएको छ । रत्नश्रीको सम्पादकीय लेखमा नारीले आदर्श गृहिणीको कर्तव्यपालन गर्दै बाहिरी क्षेत्रमा पनि प्रगति गर्नुपर्छ भन्ने भनाइलाई उचित हो भनिएको छ । (पृ. ४८) तर नेपाल एकेडेमीमा नारीले पनि स्थान पाउनुपर्छ भन्ने कुराको खण्डन गर्दै एकेडेमीजस्तो उच्च बौद्धिक स्थानमा लिङ्ग वा वर्गको आधारमा भन्दा पनि बौद्धिक व्यक्तिले स्थान पाउनुपर्छ भनेर आफ्नू तर्क राखिएको छ ।

शर्मा यस लेखमा रत्नश्रीको नारी अङ्कमा साहित्यिक रचना प्रकाशन गराउने नारी लेखिकाहरूको नाम र प्रकाशित रचनाहरूको टिप्पणी गर्छन् । यसै क्रममा पुण्यप्रभा देवीको 'रत्नश्री' जानकीदेवीको नारी जागृति गौरी सिंहको के गर्नु छ ? उषा ढकालका रुनु छ भने हास्नु किन ? दयासिंहको 'दाउरेको मृत्यु' शान्तिदेवीको काम लागेन, जस्ता पद्य कविता र कमला श्रेष्ठ वानीरा गिरी र पारिजातका गद्य कविताहरूको विश्लेषण र टिप्पणी गरिएको छ (पृ. ५०) ।

उनी पारिजात र वानीरा गिरीका कविताहरू अङ्ग्रेजी शब्दबाट आक्रान्त भएको बताउँछन् । पारिजातले इन्टलेक्चुअल (बौद्धिक) शब्दको र बानीरा गिरीले

---

[१०] ताना शर्मा, 'रत्नश्रीको नारी अङ्क' (२०२२), **रत्नश्री,** (वर्ष ३, अङ्क २, २०२३), पृ. ४७ ।

'पोट्रेट' (चित्र तस्विर) शब्दको मोहलाई त्याग्न नसकेको (पृ. ५४) पनि उल्लेख गर्छन् । यहाँ पारिजाको 'एक कोठा, एक उद्देश्य र एक इन्टलेक्चुअल नारी' शीर्षकको गद्य कविताको छोटो समीक्षा गरिएको छ । यस कवितामा सीमित तलवको भरमा जीवन चलाउने शिक्षित, अविवाहित कुमारी नारीको एउटा कोठाको वर्णन गरिएको छ (पृ. ५५) । भन्ने कुरा उल्लेख गरिएको छ । उनी यस लेखमार्फत पारिजातका कवितामा शिक्षित महिलाहरूको कमजोरीलाई देखाइएको बताउँछन् । उक्त कवितामा शिक्षित नारी समान अधिकारको लागि पुरुष ठिंटाहरूसँग सहसम्बन्ध राख्न चाहन्छे तर ठिटाहरू उसको नारित्वतिर लहसिएको थाहा पाएर पनि केही गर्न नसक्नु बौद्धिक नारीको कमजोरी र आश्चर्य हो भन्छन् । यस कविताकी नारी शिक्षित भएर पनि अशक्त र असहाय छे । अविवाहित नारीहरू ठिटाहरूको ओइरो पाउने आशामा चाँडो विवाह गर्न चाहदैनन् र आफूलाई निश्चित कार्यक्षेत्रमा व्यस्त राख्न पनि सक्दैनन् तर ठूलो महत्वाकांक्षा राख्छन् । त्यस्ता नारीले आफू सुहाउँदो लोग्नेसँग विवाहगरी आफूलाई कार्य क्षेत्रमा व्यस्त बनाउन सकेमात्र मादामकुरी जस्ता प्रसिद्ध नारीको जस्तो उपलब्धि प्राप्त गर्न सक्छन् भन्ने कुरालाई पारिजातले देखाउन खोजेको हो भन्ने कुरा यस लेखमा उल्लेख गरिएको छ । बुद्धिजीवी नारीहरू आर्थिक रूपमा सम्पन्न भए पनि यौनको भोकले छटपटिएका हुन्छन् जसले गर्दा उसको कोठामा ठिटाहरू जम्मा हुने र कोठा फोहोर बनाउने गर्छन् भन्ने कुरालाई कवितामा देखाएको शर्मा बताउँछन् ।

पारिजातका कवितामा भाषागत त्रुटि भएको शर्मा बताउँछन् । कृष्णको राधा, रामको सीता जस्ता 'की' हुनु पर्नेमा 'को' प्रयोग गरिएको, 'छन्' हुनुपर्नेमा 'छ' प्रयोग गरिएको 'इन्टलेक्चुअल', 'नोबल', 'ब्वाइफ्रेण्ड' ग्रेजुएट, पेस्कल जस्ता अङ्ग्रेजी शब्दको प्रयोगले कविता वेस्वादिलो भएको शर्मा बताउँछन् (पृ. ५५) । उनी आफूलाई सफल कवि बनाउनका लागि अङ्ग्रेजी शब्दको प्रयोग गर्ने तथा व्याकरणका नियम उलङ्घन गर्ने कविप्रति विरोध जनाउँदै त्यस्ता अङ्ग्रेजीको मोह

हुनेले अङ्ग्रेजीमै कविता लेखे अझ राम्रो हुने थियो (पृ. ५५) भन्ने विचार प्रस्तुत गर्छन् ।

ताना शर्माद्वारा लिखित यस लेखमा पारिजातको कवित्वको बारेमा टिप्पणी गरिएको छ । पारिजातका कविताहरू राम्रा भएर पनि अङ्ग्रेजी शब्दको बढी प्रयोग र व्याकरणगत त्रुटिले वेश्वादिला भएका छन् भन्दै पारिजात जस्ती नेपाली संस्कृतिलाई माया गर्ने लेखिकाले अङ्ग्रेजी शब्दको मोहलाई त्याग्नु पर्ने विचार यस लेखमा प्रस्तुत गरिएको छ ।

यसरी नै नेपाली साहित्यको इतिहास (२०२७) मा पनि पारिजातको बारेमा चर्चा गरिएको छ ।[११] यस पुस्तकमा विभिन्न साहित्यकारहरूको छोटो परिचय दिने क्रममा पारिजातको जन्म, शिक्षा लेखनप्रभाव आदिका बारेमा उल्लेख गरिएको छ ।

पारिजातले वि.सं. १९९४ मा दार्जिलिङको लिंगिया चियाबारीमा जन्मेर काठमाडौंको पद्मकन्या कलेजबाट बी.ए. पास गरेको, उनको 'शिरीषको फूल' उपन्यासले २०२२ सालको मदन पुरस्कार प्राप्त गरेको यस लेखमा वर्णन गरिएको छ । पारिजात बौद्ध दर्शन र शून्यवादबाट प्रभावित भएको पनि बताइएको छ । घरको नाउँ विष्णुकुमारी वाइवा भए पनि पारिजात नाउँले चर्चित भएकी पारिजात केही वर्ष शिक्षण पेशामा संलग्न भएकी तर कुँजिने रोगले च्यापेपछि, उक्त पेशा छोडेको उल्लेख पनि यहाँ गरिएको पाइन्छ (पृ. २१९) । 'शिरीषको फूल' उपन्यास निस्सारतावादबाट प्रभावित भएको पारिजातले सकमबरी नामकी शुष्क आइमाई र सुयोगवीर भन्ने अधवैंसे लाहुरेको राम्रो चित्रण गरेको कुरा यस लेखमा व्यक्त गरिएको छ । सकमबरीको मृत्यु र सुयोगवीरको जीवन शून्य जस्तो हुन्छ लक्ष्य नै हराएजस्तो हुन्छ र निस्सार हुन्छ तापनि ऊ निस्सार र व्यर्थको जीवनलाई रक्सीमा डुबाएरै भए पनि बाँची रहन बाध्य हुन्छ (पृ. २२०) । यस्तै बाध्यता, यस्तै

[११] ताना शर्मा, **नेपाली साहित्यको इतिहास** (काठमाडौं : सहयोगी प्रकाशन, २०२७) ।

निस्सारता र यस्तै लक्ष्यहीन शून्यताको चित्रण गर्नु नै 'शिरीषको फूल' उपन्यासको उद्देश्य हो (पृ. २२०) ।

ताना शर्मा 'शिरीषको फूल' मा यौन कुण्ठा यौन विकृतको चित्रण भएको देख्छन् । यसमा यस्तै यौनवृत्तिहीन र यौन विकृत पात्रहरूको चित्रण छ जसमा लेखिकाका आफ्नै शारीरिक र मानसिक अनुभूतिहरू जबरजस्ती आरोपित भएका छन् (पृ. २२०) भन्ने शर्माको ठहर छ । यस पुस्तकको विभिन्न पृष्ठमा पारिजातको बारेमा यसरी उल्लेख गरिएको छ । यौन वृतिजन्य भावहरूलाई उछिन्नतिर लागेका छन् मोहन कोइराला, प्रेमा शाह, पारिजात, पुष्कर शमशेर र कुमार नेपाल (पृ. १७४) जीवनलाई उग्र घृणको रूपमा हेर्ने पारिजातको कलम पनि थाकेको देखिन्न ( पृ. १९०) । पारिजातका शून्यवादी निस्सारतावादी र कुण्ठावादी कविताहरू पत्रपत्रिकाहरूमा छापिएका छन् । उहाँको लाहुरेलाई एक रोगी प्रेमिकाको पत्र निकै मार्मिक कविता हो । उहाँको 'आकांक्षा' भन्ने सिकारु कविताहरूको सङ्ग्रह पहिले नै निस्किसकेको थियो (पृ. २००) । पारिजातको यौनवृत्ति प्रतिको मोहले अस्वस्थ देखिन्छ । आफ्ना जीवनका कुण्ठापूर्ण अनुभूतिहरूलाई नै पात्रहरूमा पनि आरोपित गर्नु पारिजातको विशेषता हो (पृ. २१०) । शर्मा पारिजातका रचनाहरूमा लेखिकाका अनुभूतिहरू, चिन्तनहरू प्रस्तुत भएको बताउँछन् ।

यसरी नै नेपाली साहित्यको ऐतिहासिक परिचय (२०२९) मा पनि तारानाथ शर्मा पारिजातको बारेमा उल्लेख गर्छन् । उक्त पुस्तकमा पारिजातका उपन्यासहरूको विवरण दिएको पाइन्छ । उनी पारिजातका उपन्यासहरूको विवरणका बारेमा यसरी उल्लेख गर्छक्ष्न् "उनका उपन्यासहरू हुन् । 'शिरीषको फूल', 'महत्ताहीन' र 'बैंसको मान्छे' ।[१२] शर्मा पारिजातको शिरीषको फूलमा निस्सार र शून्य जीवनको चित्रण देख्छन् 'शिरीषको फूल' मा उनले २०२२ सालको मदन पुरस्कार पनि पाइन् । निस्सार र शून्य जीवनको चित्रण गर्नु पारिजातको विशेषता

[१२] तारानाथ शर्मा, **नेपाली साहित्यको ऐतिहासिक परिचय,** (विराटनगर : श्यामपुस्तक भण्डार, २०२९) पृ. ८० ।

हो (पृ. ८०) । यसरी पारिजातलाई कवि, तथा उपन्यासकारको रूपमा यस पुस्तक मार्फत चिनाइएको छ ।

### ३.२.८ क.दी.

कमल दीक्षित नेपाली पूर्णाङ्क २८ (२०२३) मा प्रकाशित भएको 'पारिजातको परिचय' शीर्षकको लेखमा पारिजातको जन्म, जन्मस्थान, नाम, पारिवारिक अवस्था, शारीरिक अवस्था आर्थिक अवस्था, शिक्षा आदिका बारेमा सङ्क्षिप्त चर्चा गर्छन् ।[ज्ञघ]

पारिजातको जन्म १९९४ सालमा दार्जिलिङ जिल्लामा डा. के.एस. वाइवाकी माहिली पत्नीकी माहिली छोरीका रूपमा भएको थियो । उनको पारिवारिक नाम विष्णुकुमारी वाइवा हो भन्ने कुरा यस चिनारीमा छ (पृ. ६८) । पारिजातको मूलघर नेपालको चैनपुर भएको पनि सूचना छ (पृ. ६८) । उक्त लेख अनुसार पारिजात समेत ६ जना केटाकेटीलाई छोडेर २४ वर्षको कलिलो उमेरमा उनकी आमाको मृत्यु भयो, आमाको मृत्यु भएपछि पारिजातका एक भाइ र एक दिदीको पनि मृत्यु भएको कुरा यस लेखमा प्रस्तुत छ । त्यसपछि पारिजातका पिता विरक्ति भएको र त्यसै कारणले पिताको डाक्टरी पेसामा शिथिलता आएर आय पनि घट्न थाल्यो भन्ने कुरा दीक्षित यस लेखमा चर्चा गर्छन् ।

पारिजातको परिचयदिने क्रममा दीक्षित पारिजातकी आमाको मृत्यु भएपछि उनको पालनपोषण बाबुले गरेका थिए । उनी सानैदेखि खेलकुदमा भन्दा पढाइमा ध्यान दिन्थिन् । उनका साथीहरू पनि धेरै थिएनन् (पृ. ६८) । भन्ने कुरा यस लेखमा व्यक्त गर्छन् । पारिजातले १५ वर्ष नपुग्दै गीता, बौद्धदर्शन लगायतका धार्मिक ग्रन्थहरू पढिसकेको, सानैदेखि मेघावी भएको कुरा पनि दीक्षित बताउँछन् । पारिजात सानामा पनि ठूला मान्छेले जस्तै कुरा गर्थिन् र उनले सानै उमेरदेखि कविता लेख्न थालेको कुरा दीक्षित उल्लेख गर्छन् ।

पारिजातको नेपाल आउनुपर्ने कारण शिक्षा आदिको बारेमा पनि प्रस्तुत लेखमा अभिव्यक्त गरिएको छ । पारिजातका बाँकी भएका एक जना भाई पोखरीमा डुबेर मरेपछि उनका बाबु पुत्रशोकले गर्दा अत्यन्तै विरक्तिए र दार्जिलिङ छाड्ने

---

[१३] क.दी., 'पारिजातको परिचय', **नेपाली,** (पूर्णाङ्क २८  २०२३) पृ. ६८ ।

विचार गरे त्यसपछि २०११ सालमा उनी आफ्ना दुईजना छोरी पारिजात र सुकन्यालाई लिएर काठमाडौं आए (पृ. ६९) । नेपाल आएपछि पारिजातले आफ्नो औपचारिक शिक्षालाई निरन्तरता दिइन् र काठमाडौंकै कलेजबाट पारिजात र उनकी बहिनी सुकन्याले बी.ए. को परीक्षा उत्तीर्ण गरे भनेर यस लेखमा उल्लेख गरिएको छ (पृ. ६९) । दार्जिलिङ हुँदा देखि नै कविता लेख्न थालेकी पारिजातका साहित्यिक रचनाहरू काठमाडौं आएपछि विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशन हुन थालेको दीक्षित बताउँछन् । पारिजात सानैदेखि विभिन्न रोगले पीडित थिइन् । उनलाई विस्तारै बाथ रोगले च्याप्दै लग्यो तर मानसिक रूपमा भने उनी स्वस्थ र सबल थिइन् । आफू अस्वस्थ भएकै समयमा पारिजातले 'शिरीषको फूल' उपन्यास लेखिन् । यस उपन्यासले नेपाली साहित्यमा ठूलो क्रान्ति नै ल्याइदियो । साथै यसै कृतिका लागि उनले २०२२ सालको मदन पुरस्कार पनि प्राप्त गरिन् (पृ. ६९) भनेर दीक्षित यस लेखमा पारिजातको गुणगान गाउँछन् ।

अनेक किसिमका रोगले ग्रस्थ भए पनि पारिजातले आफू विचलित नभइकन साहित्य लेखनलाई निरन्तरता दिइन् । भनेर यस लेखमा पारिजातको साहित्यिक व्यक्तित्वको मूल्याङ्कन गरिएको छ ।

### ३.२.९ पारिजात

'सुश्री पारिजातका मान्यता' (२०२३) शीर्षकको लेखमा कविताको अभिव्यक्ति, सम्प्रेषण र प्रभावका बारेमा चर्चा गरिएको छ । कवितामा सम्प्रेषण र अभिव्यक्ति दुबैलाई ध्यान दिनुपर्ने पारिजातको ठहर छ । यस सम्बन्धमा उनी भन्छिन् "काव्यमा सम्प्रेषणीयताको जहाँसम्म प्रश्न छ, सम्प्रेषणको शाब्दिक अर्थमा जाउँ भन्ने प्रश्न आफै अन्योलमा पर्न जान्छ । यो त अभिव्यक्तिको रूपमा निस्किसकेपछिको कुरो हो ।"[ञद्ध] उनी कवितामा सम्प्रेषण भन्दा अभिव्यक्ति महत्वपूर्ण हुने बताउँछिन् । "सिद्धान्ततः सम्प्रेषण र अभिव्यक्तिमा एउटा पक्षलाई खास महत्व

[१४] पारिजात, 'सुश्री पारिजातका मान्यता', **रहर,** (वर्ष १, अङ्क २, २०२३), पृ. ५५ ।

नदिएकै बेस होला तर मैले सधै कवितामा अभिव्यक्ति नै दिएकी छु । सम्प्रेषण पक्ष मात्र लिएर लेख्द बस्दा कवितवाको सायद हत्या हुन्छ" (पृ. ५५) ।

उनी साहित्य सिर्जना गर्दा स्वदेशी तथा विदेशी जो सुकैको पनि प्रभाव ग्रहण गर्न सकिने, साहित्य समाजसँगै परिवर्तन हुनाले र साहित्यमा जीवनको सूक्ष्म विश्लेषण गरिने हुनाले अरूसँग मिल्दोजुल्दो हुन्छ भनेर आफ्ना धारणा व्यक्त गर्छिन् । साहित्यमा परम्परा भत्किँदै जाने र नयाँ परम्पराको जग बस्तै जाने शैलीमा नयाँ प्रयोग हुँदै जाने कुरा पनि उनी व्यक्त गर्छिन् । उनी कवितामा दुरुहता हुनु भनेको लेखकको प्रगतिशीलता र अध्ययनको प्रतिक्रिया मात्र भएको भनेर आधुनिक नेपाली कवितामा देखापरेको प्रयोगवादलाई सङ्केत गर्छिन् । पारिजातद्वारा लिखित यो छोटो लेखमा उनको कविता सम्बन्धी मान्यतालाई व्यक्त गरिएको पाइन्छ । यस लेखले पारिजातको कविताप्रतिको धारणालाई बुझ्न सहयोग गर्ने हुनाले यहाँ समावेश गरिएको हो ।

### ३.२.१० कृष्णचन्द्रसिंह प्रधान

कृष्णचन्द्रसिंह प्रधानद्वारा लिखित 'नेपाली उपन्यासको क्रमिक विकास' (२०२३) शीर्षकको लेखमा, नेपाली उपन्यासको पृष्ठभूमिकालदेखि आधुनिककाल सम्मको विकासक्रमलाई देखाउँदै पारिजातको 'शिरीषको फूल' बारे चर्चा गरिएको छ । प्रधान, साहित्यमा उपन्यासको महवबारे चर्चा गर्दै उपन्यासको जीवनदर्शन र मानसिक प्रक्रियाको अध्ययन भएको बताउँछन् ।[१५]

प्रधान, नेपाली उपन्यासको आरम्भ धेरैपछि मात्र भएको र यसको विकास देशको राजनैतिक सामाजिक र आर्थिक विकाससँगै अगाडि बढेको बताउँछन् । मोतीराम भट्टको समयदेखि विशुद्ध गद्यसाहित्यको सुरुवात भएको र गद्यसाहित्यको सुरुवातसँगै उपन्यास लेखनको थालनी भएको उनी बताउँछन् (पृ. १२) । उनी उन्नाइसौ शताब्दीको पूर्वार्द्धलाई नेपाली उपन्यासको पृष्ठभूमिकाल मान्दछन् । त्यस

[१५] कृष्णचन्द्रसिंहप्रधान, 'नेपाली उपन्यासको क्रमिक विकास', **नेपाली,** (पूर्णाङ्क २९, २०२३), पृ. ११ ।

बेला फारसी तथा उर्दूका रोमान्सपूर्ण प्रेमकथा, जासुसी तथा तिलस्मी उपन्यासहरू हिन्दीमा अनुवाद हुने गर्दथे । त्यसैको प्रभावमा परेर बनारसमा बस्ने नेपाली विद्यार्थी तथा लेखकहरू पनि व्यावसायिक लाभ उठाउने दृष्टिले त्यतातिर झुके (पृ. १३) त्यस बेला नेपालका राणाहरू भोगविलासी प्रवृत्तिका भएकाले त्यस्ता रोमान्सपूर्ण जासुसी उपन्यासहरू नेपालमा भित्रिए र यसैबाट नेपाली उपन्यासको पृष्ठभुमिकाल आरम्भ भएको कुरा यस लेखमा उल्लेख गरिएको छ (पृ. १४) । प्राचीन कथा कुथुग्री, फारसी हिन्दी र उर्दूका जासुसी तिलस्मी आख्यानलाई नेपाली उपन्यासका स्रोत भएको बताइएको छ (पृ. १५) । प्रधान १८३३ को हितोपदेश मित्रलाभ 'मुद्राराक्षस' र वि.सं. १८७५/१८९२ तिरका बेनामी लेखकबाट अनूदित दशकुमार चरित्र जस्ता कृतिबाट कथात्मक साहित्यको सूत्रपात भएको बताउँछन् । अन्य भाषाबाट अनुवाद गर्ने परम्परासँगै मौलिक उपन्यास पनि लेखिए कादम्बरीबाट अनुदित वीर सिक्का (१९४६) सबैभन्दा पुरानो भएको अनुमान गरिन्छ । यस्तै प्रेमसागर, 'वेतालपचविंसति', 'नलोपाख्यान', 'विदुला पुत्र संवाद' संस्कृत भाषाबाट अनूदित कृति हुन् (पृ. १५) भनेर यस लेखमा उपन्यासको प्रारम्भिक अवस्थालाई देखाइएको छ । उनी सदाशिव शर्माको महेन्द्रप्रभालाई नेपालीको पहिलो मौलिक उपन्यास मान्दछन् (पृ. १७) । यस लेखमा नेपाली उपन्यासको मध्यकालको विकासमा गोरखापत्र, सुन्दरी जस्ता पत्रिकाको महत्वपूर्ण भूमिका भएको बताइएको छ । यस कालमा रसिकको 'विलासिनी' रामप्रसाद सत्यालको 'मधुवाला' र 'कलावती' विज्ञान विलासको 'महारानी प्रियम्बदा' र डा. सूर्यप्रसाद, वेदनाथ आचार्यको 'दयाकी भावी' जस्ता उपन्यासहरू महत्वपूर्ण भएको कुरा उल्लेख गरिएको छ (पृ. १९) ।

प्रधान रुद्रराज पाण्डेको रूपमती उपन्याससँगै नेपाली उपन्यासको आधुनिककाल सुरु भएको र रूपनारायण सिंहको भ्रमर, टुकराज पद्‌मराज मिश्रको रजबन्धकी लैनसिंह वाङदेलको मुलुकबाहिर जस्ता उपन्यासले यस काललाई अघि

बढाएको बताउँछन् (पृ. २५) । २००७ सालको राजनीतिक परिवर्तनसँगै उपन्यास लेखनमा अत्यधिक बृद्धि भयो त्यसपछि अन्याय अत्याचार शोषण, दमन गरिबी आदिलाई विषयवस्तु बनाएर उपन्यास लेख्न थालियो जसले गर्दा प्रगतिशील प्रवृत्ति मुख्य तत्व भएर देखापऱ्यो (पृ. २७) । "स्वास्नी मान्छे एक चिहान बसाइँ जस्ता उपन्यासले सामाजिक यथार्थवादको पृष्ठभूमिमा प्रगतिशील दृष्टिकोण प्रतिपादन गर्दछन्" (पृ. २७) । यस कालमा वस्तुपक्षलाई जोड दिएर जनपयोगी बनाउने कोशिश गरियो जसले गर्दा चरित्र गठनमा वास्ता राखिएन र कलापक्ष शिथिल भएर गयो (पृ. २८) । भनेर प्रधान आधुनिक उपन्यासमा देखापरेका मोडहरू देखाउँछन् ।

गोविन्द गोठालेको 'पल्लो घरको झ्याल' र शङ्कर कोइरालाको 'खैरेनीघाट' को प्रकाशनपछि उपन्यासले कोल्टो फेरेको प्रधान बताउँछन् (पृ. २८) । यसपछि शैलीमात्र होइन हेर्ने र समाउने दृष्टिकोणमै परिवर्तन भयो, उपन्यास सरल हलुको नभइ तथ्यपूर्ण र मनोविश्लेषणात्मक भयो (पृ. ३०) । यसै परम्परालाई अघि बढाउने काम विजय मल्लको अनुराधाले गऱ्यो भने पारिजातको 'शिरीषको फूल' ले गहकिलो रूप दिइ उपन्यासलाई नौलो बान्की दियो भन्ने कुरा उल्लेख गर्दै प्रधान आफ्नो दृष्टिकोण प्रस्तुत गर्छन् ।

'अनुराधा' र 'शिरीषको फूल'मा लेखकहरूको आफ्नो धारणा र दृष्टिकोण छ । यी उपन्यासमा दार्शनिक दृष्टिकोण प्रस्तुत गरिएको छ । जनजीवनको अर्थ त्यसको महत्ता, त्यसको अस्तित्व र मूल्य के हो ? प्रत्येकले आफ्नो कथाभित्र पात्रको मनोविश्लेषणद्वारा व्यक्त गर्ने कोसिस गरेका छन् । यो साँच्चै नै जीवनको र युगबोधको सूक्ष्म आधुनिक प्रवृत्ति हो (पृ. ३०) । भनेर यस लेखमा उल्लेख गरिएको छ । पारिजातको 'शिरीषको फूल' उपन्यासमा पनि यस्तै प्रवृति रहेको सङ्केत गरिएको छ । यस्तो आधुनिक प्रवृत्तिको विकासमा आफ्नो परिवेश र वातावरणको मात्र नभएर अन्तर्राष्ट्रिय साहित्य र वातावरणको देन भएको प्रधान बताउँछन् (पृ. ३०) । यस्तो प्रवृत्तिमा आधुनिक सङ्कट, जीवनका विकृतिहरू, मान्यताका

अवमूल्यन र जीवनप्रतिको नैराश्य र निस्सारताका अनुभूतिहरू चित्रित हुन्छन् । यसैका माध्यमबाट वर्तमान जीवनको व्याख्या खोज र चित्रण गरेर आजको युगलाई प्रतिबिम्बित गर्छन् शिरीषको फूलले यही गरेको छ (पृ. ३०) भनेर 'शिरीषको फूल' लाई विश्व परिवेश समेटेर लेखिएको नेपाली साहित्यको उत्कृष्ट उपन्यास भएको सङ्केत गएिको छ । प्रधान शिरीषको फूलमा आधुनिक विश्वमानवको समस्या र चरित्रलाई चित्रण गरिएको छ भन्ने कुरा व्यक्त गर्छन् । उनी पारिजातको शिरीषको फूलले नेपाली जनजीवनलाई चित्रण गर्न नसके पनि जीवनको खोज र व्याख्याद्वारा सम्पूर्ण युगको मनोवृत्तिलाई पक्रने कोसिस गरेको कुरा बताउँछन् (पृ. ३१) ।

प्रस्तुत लेखमा आधुनिक नेपाली उपन्यासमा पारिजातको 'शिरीषको फूल' ले महत्वपूर्ण भूमिका खेलेको सङ्केत गरिएको छ । टुसाउँदै गरेको नेपाली उपन्यासलाई नयाँ युग र नयाँ मूल्य दिने काम पारिजातको शिरीषको फूलले गरेको छ भन्ने कुरा यस लेखमा प्रस्तुत भएको छ । यस लेखकको धेरै जसो ठाउँमा नेपाली उपन्यासको विकासक्रमबारे चर्चा गरेर थोरै ठाउँमा पारिजातको कृतित्वको वर्णन गरिए पनि यसलाई पारिजातको कृतित्वको मूल्याङ्कन गर्दै लेखिएको महत्वपूर्ण लेखको रूपमा लिन सकिन्छ ।

### ३.२.११ प्रदीप गिरी

पारिजातका कृतित्व र व्यक्तित्वको टिप्पणी र मूल्याङ्कन गर्ने क्रममा प्रदीप गिरी 'पारिजातको उपन्यास : शङ्कर लामिछानेको भूमिका' (२०२३) शीर्षकको लेखमा 'शिरीषको फूल' उपन्यासको मूल्याङ्कन गर्छन् । गिरीद्वारा लिखित यस लेखमा शङ्कर लामिछानेद्वारा लिखित 'शिरीषको फूल' उपन्यासको भूमिकाको खण्डन गर्दै उक्त उपन्यासको मूल्याङ्कन गरिएको छ । गिरी उक्त भूमिकामा उपन्यासको विवेचना, दर्शनको व्याख्या र उपन्यास सम्बन्धी दावा भएको बताउँछन् । यस भूमिकामा शिरीषको फूल उपन्यासले नेपाली साहित्यलाई १९६६ को क्यालेण्डरमा पुऱ्यायो, यस उपन्यासको प्रकाशनले जापानी लेखक ओसामु दजाइको

'द सेटिङ सन' नेपालीमा अनुवाद गर्नु परेन भन्ने भनाइप्रति गिरी असहमत जनाउँछन् ।[१६] गिरी 'द सेटिङ सन' उन्नाईसौ शताब्दीको अन्तमा भैरहेको जापानी सांस्कृतिक नैतिक मूल्यको विघटनको साक्षी भएकाले यस उपन्याससँग 'शिरीषको फूल' उपन्यासको तुलना गर्नुको कुनै औचित्य नै नभएको उल्लेख गर्छन् (पृ. ४१) । गिरी भूमिका अतिशयोक्ति भएको उल्लेख गर्दै भूमिकाका कारणले स्वतन्त्र रूपले उपन्यास पढ्न नसकिने कुरा पनि उल्लेख गर्छन् । उनी शङ्कर लामिछानेको लेखनशैली मीठो भएको तर उपन्यास सम्बन्धी गरेको दावा चाहिँ अतिवादी भएको कुरा व्यक्त गर्छन् (पृ. ४१) । उनी नेपाली साहित्यमा ओसामु दजाइ वा अल्बेर कामुका जस्ता कृति हुनै नसक्ने दावा पनि गर्छन् (पृ. ४१) ।

यस लेखमा शिरीषको फूलको भूमिका र ईश्वर बल्लभको रूपरेखा ६६ मा छापिएको शिरीषको फूल सम्बन्धी लेखको तुलना गर्दै ईश्वर बल्लभको लेखमा अतिअवहेला र लामिछानेको लेखमा अति प्रशंसा भएको उनी बताउँछन् (पृ. ४२) । शङ्कर लामिछानेले भूमिका लेख्नुभन्दा पहिला उपन्यास राम्ररी पढेर पारिजातका कमजोरीहरूलाई सच्याइदिएको पनि उल्लेख गरिएको छ (पृ. ४२) ।

गिरी, 'शिरीषको फूल' उपन्यासको अध्ययन गर्दै उपन्यासमा आफ्नै पाराको निजत्व र रहस्यात्मकता भएको बताउँछन् । कथाका प्रमुख पात्र सुयोगवीर र सकमबरी हुन् । संयोगले गर्दा सुयोगवीरको सकमबरीसँग परिचय हुन्छ । सुयोगवीर एक अधबैंसे युद्धभोक्ता भुतपूर्व सिपाही । एउटा अविश्लेषणीय नितान्त अपरिच कस्तो-कस्तो गहिरो विषाद उसमा अवश्य छ । उसलाई उसको अतीत-मार्मिक अतीतप्रति क्षोभ छ" (पृ. ४३) । भनेर सकमबरी तथा सुयोगवीरको परिचय दिन्छन् । उनी सुयोगवीरलाई अमानवीय स्वभाव भएको भन्दै जति पनि स्त्री उसका सान्निध्यमा आए तिनले उसको बलिष्ठ बाहुको सहारा जतिसुकै स्नेहार्द्र भएर खोजे पनि, इमान्दारीपूर्वक खोजे पनि ती जम्मै पराभूत भए, लुटिए हत भए चुसिए र ती

---

[१६] प्रदीप गिरी, 'पारिजातको उपन्यास : शङ्कर लामिछानेको भूमिका', **रहर,** (वर्ष १, अङ्क २, २०२३), पृ. ४१ ।

बलात्कृत युवती नै उसको अतीतका प्रमुख परिच्छेद हुन् (पृ. ४३) । भनेर सुयोगवीरको अमानवीय चरित्रलाई देखाउँछन् ।

यस लेखमा सकमबरीको चरित्र चित्रण गर्दै २४ वर्षकी सकमबरी रहस्यात्मक भएकाले उसको बारेमा धेरै बुझ्न नसकिने कुरा गिरी बताउँछन् । यहाँ सुयोगवीरको भनाइलाई उद्धृत गर्दै "मेरो नाउँ सकमबरी ! एउटा बुलेट पड्केको जस्तो आवाज साथ ढोकामा अर्की स्वास्नी मान्छे देखापरी . . . पाँचफूट तीन इञ्च जति अग्ली, सेती, बेपत्ताको दुब्लो शरीरमा अस्वाभाविक उठेको छाती कोप्यो तर कालो र चम्किलो आँखामा रोल्ड गोल्डको फ्रेम भएको चश्मा लगाएको पुरानो हिब्रु सिपाहीहरूको एक इञ्च, डेढ इन्चको हिसाबले छाँटेर मुडुल्याएको बाल ......' (पृ. ४३) । यसरी सकमबरी एउटी रहस्यात्मक पात्र भएको उल्लेख यस लेखमा गरिएको छ । चुरोटप्रति अत्यधिक रुचि राख्ने सकमबरीलाई शङ्कर लामिछानेले शून्यवादी भनेपछि अथवा सुयोगवीरको पूरक र गौणपात्र भनिए पनि सकमबरी उपन्यासमा समस्या पात्र बनेर आएको गिरी बताउँछन् । (पृ. ४४)

गिरी, सकमबरी पारिजातकी जीवन दर्शन बनेर आएकी बौद्धिक युवती, प्रेम र जीवनप्रति निरासात्मक दृष्टिकोण स्पष्ट नभएकी प्रेममा विश्वास नगर्ने तर मायामा विश्वास गर्ने (शिवलाई माया गरेर) पात्र भएको उल्लेख गर्छन् । सकमबरी अविवाहित र प्रेममा विश्वास नगर्ने युवती हो । सुयोगवीरले सकमबरीलाई नजिकै बोलाएर सजिलै म्वाइ खान्छ त्यसपछि उ विरामी पर्छे र मर्छे । यस घटनाले सकमबरी स्वयं पारिजातकै यौन कुण्ठाको अभिव्यक्ति होइन ? (पृ. ४६) भनेर शङ्का उब्जाइएको छ । लेखकका कोखबाट उब्जने पात्रहरूमा लेखक कुनै न कुनै रूपमा सहभागी हुन्छ भन्ने शिलरको मान्यतासँग गिरी सहमत देखिन्छन् ।

उनी सुयोगवीरलाई एउटा ४६ वर्षको भूतपूर्व सैनिक जीवन सम्बन्धी प्रश्नमा घोरिने । शून्य र महाशून्यको कल्पनामा रङ्मगिने तीनवटी युवती बलात्कार गरेर फर्केको व्यक्ति हो उसको कमजोरीपन नै आइमाई हो । ऊ सकमबरीप्रति

आकर्षित हुन्छ तर सोच्न सक्दैन विगतमा जे जस्ता कार्य गरे पनि उसको अवचेतन मनले विवाह गरेर बस्ने प्रेम गर्ने र अन्तिम बन्न सक्ने केटी चाहेको छ (पृ. ४६) । भनेर गिरी सुयोगवीरलाई सैनिक जीवनमा नराम्रा कार्य गरे पनि त्यहाँबाट फर्केपछि सुध्रिन सक्ने चरित्रको रूपमा सङ्केत गर्छन् ।

यस लेखमा नेपाली उपन्यासको विकासमा पारिजातको 'शिरीषको फूल' उपन्यासले पारेको प्रभावका बारेमा पनि चर्चा गरिएको छ । आधुनिक कालमा देखापरेका एक चिहान स्वास्नीमान्छे जस्ता उपन्यासमा सामाजिक यथार्थका नाममा रोमानी घटना थोपरेर अशिक्षित पात्रबाट असम्भव कुरा बोलाएर अप्रगतिशील र हास्यास्पद बनाएको, ती उपन्यासमा टाल्सटाय्, लरेन्स जस्ता विश्वप्रसिद्ध उपन्यासकारका मान्यतालाई अँगाल्न नसकेको कुरा उल्लेख गरिएको छ (पृ. ४६) । पल्लो घरको झ्याल, अनुराधा खैरेनी घाट जस्ता उपन्यासमा यथार्थता भएको र यी उपन्यासले परम्परालाई तोडेको पनि यहाँ बताइएको छ । (पृ. ४७)

यस लेखमा पारिजातको लेखनदृष्टि सामाजिक यथार्थ भन्दा भिन्न रहेको, बताउँदै पारिजातको साहित्यिक चिन्तनलाई भर्जिनिया उल्फको साहित्यिक मान्यतासँग तुलना गर्दै भनिएको छ । "बाह्य सामाजिक घटना दुर्घटनाभन्दा कति कति रोमाञ्च, साहित्य खातिर उपादेय एवं महत्वपूर्ण विस्फोट, घात प्रतिघात ता हाम्रो चेतनाको स्रोतस्विनी मस्तिष्कमा हुन्छ जसले चित्रित हुनुपर्ने । पारिजातले यो कुरा स्वीकार गरेझैं देखिन्छ" (पृ. ४६) । भनेर पारिजातको मूल्याङ्कन गरिएको छ । एमिली डिकिन्सिन, एमिली ब्रोन्टे, क्रिष्टीला आदिका लेखनमा प्रेम ईश्वर जस्ता विषयवस्तु बनेको चर्चा गर्दै पारिजातका उपन्यासमा पनि त्यही विशेषता भएको उल्लेख पाइन्छ ।

यस उपन्यासको भूमिकामा शङ्कर लामिछानेले पारिजातलाई एन्यान नीन, एमिली ब्रोष्टेसँग तुलना गरे पनि पारिजातमा त्यस्तो दार्शनिक दृष्टिकोण नभएको उल्लेख यस लेखमा पाइन्छ (पृ. ४८) । भूमिकामा २००० वर्षको शून्यवादको

सर्वोत्तम व्याख्या पारिजातले प्रस्तुत गरिन भन्नु र पारिजातले सही थाप्नु फजूल हो । पारिजातले शिरीषको फूलको माध्यमबाट शून्यवाद नै भन्न खोजे पनि त्यो भन्न चाहिँ नसकेको कुरा गिरी यस लेखमा चर्चा गर्छन (पृ. ४८) । गिरी, भूमिकामा शङ्कर लामिछानेले शून्यवादको व्याख्या गरेर पाठकलाई अलमल्याएको छ, यो व्याख्या नभएको भए उपन्यास धेरै राम्रो हुने थियो (पृ. ४९) भनेर भूमिका सम्बन्धी आलोचना गर्छन् ।

गिरी, उपन्यासको भाषाशैली राम्रो भएको उल्लेख गर्दै "भाषाको काव्यपूर्ण सौन्दर्य, बगाई र सौष्ठवता ! अरू थुप्रा झैं म पनि धन्यवाद नदिइ रहन सक्तिन ।" (पृ. ५०) भन्छन् । पारिजातले सामाजिक यथार्थको साटो चेतनाको प्रवाहमा बहेर एउटा भूतपूर्व सैनिकको सफल चित्रण गरेकी छन् । युद्ध स्थलमा खटिएको सैनिक कसरी पाशविक बन्दछ भन्ने कुरालाई राम्ररी देखाएको चर्चा यहाँ गरिएको छ । भूमिकामा यस उपन्यासलाई विचारप्रधान भनेर व्याख्या गरे पनि यसमा विचार पक्ष शिथिल रहेको र शङ्कर लामिछानेले भनेजस्तो विश्वसाहित्यसँग तुलना गर्न नसकिने मात्र होइन नेपालीकै पनि श्रेष्ठ उपन्यास नभएको गिरीको ठहर छ । उनी पारिजातको प्रतिभाको कदर गर्दै "'शिरीषको फूल' उनको थालनी हो, 'शिरीषको फूल' सम्भावना हो- सफलता होइन । वर्तमान पारिजातको छैन तर भविष्य हुन सक्छ" (पृ. ५१) भन्छन् ।

यस लेखमा 'शिरीषको फूल' को विभिन्न कोणबाट व्याख्या गर्दै, भूमिकाबारे पनि चर्चा गरिएको छ । भूमिकामा यस उपन्यासलाई उत्कृष्ट भएको बताइए पनि उक्त उपन्यास उत्कृष्ट नभएको गिरीको ठहर छ । शिरीषको फूलबारे लेखिएको यस लेखलाई पारिजात सम्बन्धी गरिएको महत्वपूर्ण अध्ययन मानिन्छ ।

### ३.२.१२शक्ति लम्साल

'कवयित्री सुश्री पारिजात अन्तर्वार्ताको साहित्यिक दृष्टिबाट' (२०२३) शीर्षकको लेखमा पारिजातको छोटो चर्चा गर्दै उनीसँग गरिएको एक साहित्यिक

कुराकानीलाई प्रस्तुत गरिएको छ । यस लेखलाई मूलतः दुई खण्डमा हेर्न सकिन्छ । पहिलो भागमा पारिजातको काव्यकलाको चर्चा गरिएको छ भने दोस्रो भागमा साहित्यिक अन्तर्वार्ता प्रस्तुत छ । यस लेखमा नयाँ कविता परम्परामा पारिजातको 'शिरीषको फूल' उपन्यास निस्सारतावादलाई प्रतिनिधित्व गर्ने अत्यन्त सङ्गठित र बलियो किसिमबाट लेखिएको बौद्धिक उपन्यास भएको चर्चा गरिएको छ ।[१७]

विजय मल्लको अनुराधा उपन्यासको चर्चा गर्दै यो उपन्यास आउनु कुनै आकस्मिक घटना नभएर एउटा ऐतिहासिक परिस्थितिको उपज हो (पृ. ६) भन्दै लम्साल पारिजातको 'शिरीषको फूल' पनि त्यस्तै उपन्यास भएको बताउँछन् । यस उपन्यासले नेपाली साहित्यमा एउटा चमत्कार ल्याएको कुरा लम्साल बताउँछन् । नेपाली साहित्यमा महिला साहित्यकारहरूले दार्शनिक पृष्ठभूमिका बौद्धिक विषयलाई शिखरमा पुऱ्याएको अत्यन्त मीठो भाषामा कहिल्यै बिर्सन नसक्ने पारामा 'शिरीषको फूल' उपन्यास आएको चर्चा यस लेखमा गरिएको छ । भावनाको बेगमा मानिसका क्रियाकलाप चल्छ त्यसैमा खिया पर्छ, मानिस केवल खिया परेर घिस्रिरहेको मेसिनको कलपूर्जा मात्र हो भन्ने विचारमा निस्सारतावादको प्रभावको व्याख्या गर्दै यसै भावभूमिमा यो उपन्यास निर्माण भएको लम्सालको ठहर छ । लम्साल पारिजातलाई उत्कृष्ट लेखिकाको रूपमा व्याख्या गर्दै धेरै सङ्कटपूर्ण अवस्थामा पनि साहित्यिक अन्तर्वार्ता दिएको कुरा व्यक्त गर्छन् । उनबाट लिएको अन्तर्वार्ता नेपाली नयाँ परम्परा र निस्सारतावादी शून्यवाद बुझ्न पाठकहरूका लागि उपयोगी हुने विश्वास लम्सालको रहेको छ ।

साहित्यिक अन्तर्वार्ता लिने क्रममा उत्कृष्ट लेखिका रोगग्रस्त भएको कुरा उठाउँदै यस बारेमा पारिजातबाट केही जानकारी लिन खोजिएको छ । यस क्रममा पारिजातले आफ्नो छुट्टै दर्शन विश्वास र सिद्धान्त रहेको कुरा उल्लेख गरेकी छन् । यस क्रममा उनले आफू रोगी छु भनेर कसैलाई नभन्ने जसरी भए पनि जीवन

---

[१७] शक्ति लम्साल, 'कवयित्री सुश्री पारिजात अन्तवार्ताको साहित्यिक दृष्टिबाट', **भानु** (वर्ष ३, किरण ७, २०२३), पृ. २ ।

चलिरहेको छ, चलिरहन्छ । यो व्यथा सुनाएर कसैसँग दयाको भिख माग्न चाहन्न भनेकी छन् (पृ. ६) । पारिजातले अन्तर्वार्ता कै क्रममा आफूले कुनै परिस्थितिलाई ध्यानमा नराखी साहित्य सिर्जना गर्ने गरेको बताउँछिन् । उनी अरू जस्तो समाज र लेखकप्रतिको उत्तर दायित्वलाई ध्यान नदिइ फुका भएर कुनै पनि निष्कर्षमा नपुगी लेख्छु (पृ. ८) भन्ने कुरा बताउँछिन् । लेख्दा लेख्दै विस्मृतिमा पुऱ्याएर छोडिदिन्छु, आफ्नो इच्छा, चेतना र सत्य वस्तुको विपरीत अरूको इच्छालाई ध्यानमा राखेर चाहिँ कहिल्यै पनि लेख्ने प्रयास गरिन् भन्ने विचार पारिजातले व्यक्त गरेकी छन् ( पृ. ८) । यस क्रममा उनी निस्सारतावादी दर्शनलाई आफ्नो दर्शन बनाएको बताउँछिन् । आजको मान्छेको जीवन समस्यै समस्यामा बाँचेको छ । बाहिर जति उज्यालो छ भित्र त्यति नै अँध्यारो हुन्छ भन्ने कुरा उनी व्यक्त गर्छिन् । हामीले आफ्नो जीवनभित्र नै समस्या समाधानको बाटो पत्ता लगाउनु छ तर मलाई लाग्छ समाधान पाउनु र समाधान खोज्नु दुबैको कुनै अर्थ छैन, एक किसिमले मानिस विना अर्थ नै मर्न र बाँच्न सक्दछ (पृ. १२) भन्ने उनको विचारलाई लम्साल यहाँ प्रस्तुत गर्छन् । सामयिकताको प्रतिनिधित्व हाम्रा साहित्यमा हुनुपर्छ र पाठकको माग पनि यही नै हो । आजको साहित्यको प्रस्तुतिकरणमा भिन्नता आएको छ । मानवीय संवेदना, प्रस्तुति आदिमा परिवर्तन देखिएको कुरा पारिजातले अन्तर्वार्तामा उल्लेख गरेकी छन् । ध्रुवचन्द्र गौतम मदन रेग्मी आदि लेखकहरूका कृतिमा केही न केही नवीनता आएका कारण पाठकलाई प्रभावित पारेको हुन्छ भन्दै पारिजात विश्व साहित्य स्तरका कथाहरू हुनुपर्ने विचार व्यक्त गर्छिन् । पारिजात नेपाली साहित्यका लेखकहरू बौद्धिकता र सिर्जनाका साथ अगाडि आइरहेको बताउँछिन् । पारिजात आस्था र विश्वासमा फरक छ तर अर्थ केही पाउन सक्नुहुन्न गुमाएर अस्तित्व राखेर बाँच्नमा (पृ. १२) भन्ने निस्सारतावादी विचार उक्त वार्ताका क्रममा गर्छिन् । पारिजातका विचारमा साहित्यलाई यथार्थवादी बनाउने हो भने यौनको अभिव्यक्ति हुनुपर्छ आफ्ना कथाहरूमा केही बढी नै यौनको चर्चा पाइन्छ तर यौन यौनकै लागि होइन भन्ने दृष्टिकोण पारिजातको रहेको पाइन्छ ।

'शिरीषको फूल' उपन्यास समाज निर्माण र समाज विरोधार्थ दुबै उद्देश्यले लेखिएको होइन । समाजलाई दर्शाउनु उपन्यासको स्वभाव बस यसमा पनि समाज र व्यवस्था दर्शिन गएको छ (पृ. १४) । भन्ने पारिजातको विचारलाई यहाँ उल्लेख गरिएको छ । उपन्यासलाई विरोधाभाषपूर्ण रहेको स्वीकार्न, आजको जीवन जगत नै विरोधाभाषपूर्ण रहेकाले उपन्यास यहाँबाट मुक्त रहन सक्दैन । यस दृष्टिबाट यो उपन्यास अन्तर्राष्ट्रिय स्तरमा सफल नै होला भन्ने लाग्छ (पृ. १४) । भनी पारिजात शिरीषको फूलप्रति देखाएको विरोधाभाषपूर्ण अभिव्यक्ति दिन्छिन् ।

'शिरीषको फूल कि कागजको फूल' भन्ने लेखमा गोविन्द भट्टले एक पक्षीय भएर लेखे पनि भाषा शैलीलाई उत्कृष्ट भनेको कुरा पारिजात यहाँ उल्लेख गर्छिन् । यस अन्तर्वार्तामा देवकोटा, सिद्धिचरण गोपालप्रसाद रिमाल आदि मनपर्ने साहित्यकार भएको उनी बताउँछिन् । राजनीति र जीवन बीच नजिकको सम्बन्ध छ । राजनीति विना साहित्य चल्न सक्छ तर साहित्य विना राजनीति चल्न सक्दैन (पृ. १६) भन्ने विचार पारिजातको छ । यति भएर पनि राजनीतिले साहित्यमा खुला हस्तक्षेप चाहिँ गर्नु हुन्न भन्ने विचार उनको छ । मानिसलाई चेतना भर्न र विभिन्न प्रकारका पछौटेपनबाट अगाडि लैजान मार्क्सवादी साहित्य जति सफल अरू हुँदैन भन्ने दृष्टिकोण पारिजातको रहेको छ । साहित्य लेखनमा अध्ययनलाई बढी महत्व दिनुपर्ने कुरा पारिजात यस अन्तर्वार्तामा व्यक्त गर्छिन् ।

'शिरीषको फूल' उपन्यासलाई बौद्धिक पराकाष्ठमा पुऱ्याएर पाठकलाई अप्ठ्यारो पारेको प्रसङ्गमा उनी त्यो हाम्रो औपन्यासिक कला र पाठकको स्वादको दोष हो मेरो दोष होइन (पृ. १८) भन्ने विचार व्यक्त गर्छिन् । उनी आफूलाई गोर्कीको 'मदर' टाल्स्टायको वार एण्ड पिस जस्ता साहित्यकार र कृति मन परेको बताउँछिन् । उनलाई कामुको कथ्य व्यक्त गर्ने तरिका मन पर्छ । यस प्रसङ्गमा उनी भन्छिन् विशेष कतयचथ तभाँष्लिन कतथभि जति कामुको मनपर्छ त्यति अरूको मन पर्दैन

(पृ. २०) । पारिजात यस प्रसङ्गमा २०१७ सालपछि प्रत्यक्ष र परोक्ष रूपमा परिवर्तन भइरहेको कुरा व्यक्त गर्छिन् ।

यस लेखमा विशेष गरेर नयाँ कविता परम्पराकी प्रतिभा पारिजातलाई पारिजातबाटै बुझ्ने प्रयास गरिएको छ । यसका साथै नयाँ कविता परम्परा निस्सारतावादी परम्परा शून्यवादको वैचारिक छलफल पनि यस अन्तर्वार्ता लेखमा उल्लेख छ । निष्कर्षमा भन्दा यस अन्तर्वार्ता लेखले पारिजात सम्बन्धी देखिएका अन्योललाई हटाउने कोसिस गरेको छ ।

### ३.२.१३ गोविन्द भट्ट

गोविन्द भट्ट 'शिरीषको फूल कि कागजको फूल ?' (२०२३) भन्ने शीर्षकको लेखमा पारिजात र उनको शिरीषको फूलबारे चर्चा गर्छन् । विशेष गरेर यस उपन्यासको भूमिकाको विरोध गर्दै भट्ट आफ्नो विचार प्रस्तुत गर्छन् । उनी शङ्कर लामिछानेद्वारा लेखिएको भूमिका लेखलाई अतिशयोक्ति भएको उल्लेख गर्छन् । पारिजात आधुनिक कालकी चर्चा पाएकी कवि र कथाकार हुनुले र उक्त समय उपन्यासको खडेरी लाग्नुले 'शिरीषको फूल' धेरै चर्चामा आएको भट्ट बताउँछन् ।[१८] उनी यस उपन्यासलाई घटना प्रधान र चरित्र प्रधान दुबै नभएर विचार र दर्शन मुखी भएर कुदिएको छ भन्छन् । रित्तो हृदय, रित्तो, रित्तो मस्तिष्क, प्रेम निस्सार छ, खोक्रो बाँचेर, रित्तो बाँचेर जीवनको बोझ जस्ता वाक्यांशहरू उपन्यासको झण्डै हरेक पातोमा पाइन्छ, आधुनिक कवितामा आएको मूल्यहीनता आस्थाहीनता पलायनको प्रवृत्ति, अस्पष्टता र गूढ प्रतीकवाद आदि कुराहरू पनि यस उपन्यासमा पाइन्छ । (पृ. १२३) भन्ने कुरा भट्ट उल्लेख गर्छन् । पारिजात मूलत कवयित्री हुन् (पृ. ११२) र उनमा शून्यवादी दर्शनको कुनै खाँचो छैन भन्ने कुरा यस लेखमा उल्लेख गरिएको छ । उनी शिरीषको फूलाई पारिजातकै आत्मकथा भन्छन् (पृ. ११३) । सकमबरीको एक्लो जीवन जिउने अभिव्यक्ति र सुयोागवीरको

---

[१८] गोविन्द भट्ट, 'शिरीषको फूल कि कागजको फूल', **हिमानी,** (वर्ष २, अङ्क ४, २०२३), पृ. १२३ ।

आत्महीनता, यौनकुण्ठा आदि पनि कलाकारको अर्को रूप हो (पृ. १२४) भन्ने विचार भट्टको छ । विशेष गरेर यो उपन्यास दर्शनलाई प्रतिपादित र समर्थन गर्न नै लेखिएको भन्ने भट्टको ठहर छ । जुन कुरा उपन्यास र भूमिका दुबैले गरेका छन् (पृ. १२४) । भन्ने कुरा भट्ट व्यक्त गर्छन् ।

यस लेखमा 'शिरीषको फूल' उपन्यासको चर्चा गर्दै यस उपन्यासका दुवै प्रमुख चरित्रहरू असामाजिक प्राणी हुन भनिएको छ (पृ. १२४) । प्रमुख पात्र सुयोगवीरको चरित्र चित्रण गर्दै ऊ सैनिक भन्दा बढी दार्शनिक देखिन्छ भनिएको छ । उसका दृष्टिमा सबै सारहीन छन् । सकमबरीको पौरुषयुक्त र प्रभावशाली व्यक्तित्वको पृष्ठभूमिमा सुयोगवीर एकदमै व्यक्तित्वहीन र लर्तरो देखिन्छ । एकातिर सकमबरीबाट प्रभावित अर्कातिर उसकी बहिनी भुजुराको यौवन र सुकुमारताप्रति आकर्षक हुनु, त्यति मात्र नभएर पनि प्रेम निस्सार, जम्मामा निरर्थक मेरो निम्ति पनि भन्दै जानु जस्ता कुराले सुयोगवीरको चरित्रलाई असन्तुलित प्रमाणित गर्दछ (पृ. १२४) । भन्ने भट्टको विचार यस लेखमा प्रस्तुत छ ।

यस लेखमा सुयोगबीरको आत्मलापको उल्लेख गर्दै ऊ आफै असन्तुलित छ, विकृत छ भन्ने कुरा प्रस्तुत गरिएको छ । सुयोगबीर भन्छ "मैले जसलाई बलात्कार गरें उनीहरूलाई प्रेम गर्न सकिन र जसलाई प्रेम गर्छु उसलाई बलात्कार गर्न सक्दिन" (पृ. १२५) । प्रेम गर्ने शक्ति र स्वास्नी स्थापना गरेर एउटा कोठामा जीवनको विहानी डाक्ने क्षमता नभएको सुयोगवीरले प्रेमको सामयिक उत्तरदायित्व र विवाह प्रथालाई खुलमखुल्ला भर्त्सना गर्छ । ऊ कुनैपनि उत्तरदायित्व बाट बाँधिन चाहदैन (पृ. १२५) । भन्ने भट्टको विचार यस लेखमा छ । उपन्यासले शून्यवादको दर्शनलाई मुख्य बनाएको उल्लेख गर्दै 'मृत्यु नै जीवनको मूल्य हो, हामी निस्सार जन्मन्छौ बाँच्छौ र मर्छौ !' मानिस मेसिन भन्दा बढी केही होइन, यो एउटा निस्सार संसार हो । हामी महाशून्यभित्र बाँचिरहेका छौं (पृ. १२५) ।

उनी यस उपन्यासकी नायिका सकमबरीको चरित्र चित्रण गर्दै सकमबरीले पनि शून्यवाद दर्शनकै खोजी गरिरहेको उल्लेख गर्छन् । भँमराको संयोगबाट फूल विग्रन्छ र असुरक्षित हुन्छ (पृ. १२६) । भन्ने उसको धारणा विक्षिप्त धारणा मात्र हो भनिएको छ । यस प्रसङ्गमा भट्ट सकमबरीको भनाइ उद्धृत गर्छन् । आफ्नो निम्ति फुल्नु आफ्नै निम्ति फक्रिनु, झर्नु जस्तो यौटा बाध्यतालाई स्वीकार गर्नको निम्ति भँमरासँग लाप्पा खेल्नुपर्छ, झर्नु त पर्छ पर्छ भने भँमराको चोट सहेरै किन झर्ने ? आफू मात्र झर्ने आफ्नो इच्छाले झर्ने" (पृ. ११९) । जस्ता अभिव्यक्तिहरू भट्ट यहाँ समावेश गर्छन् । शिरीषको फूलमा कुनै तारतम्यता वा क्रमबद्धता छैन । यौटा अविवाहित पुरुष र एउटी अविवाहित नारीका परस्परका वार्तालाप र आत्मप्रलापहरू मात्र यसमा सङ्ग्रहित छन् । कामु लरेन्स जोला र अन्य अस्तित्ववादी उपन्यासकारहरू यसमा लुकेका छन् । (पृ. १२८) भन्ने कुरा यस लेखमा उल्लेख गरिएको छ । मनोविश्लेषण र यौनमनोविज्ञानको प्रयोग गरिएका 'अनुराधा', 'पल्लोघरको झ्याल' आदि उपन्याससँग 'शिरीषको फूल' को तुलना गर्दै शिरीषको फूलमा कतै अलङ्कार, उपमा शब्द प्रयोग र वाक्यविन्यासहरू ज्यादै बौद्धिकता र दार्शनिकताले अल्मलिएको, पढ्दा, साधारण पाठक त के बुद्धिजीवीहरूले पनि चस्मा पुछ्ने र कपाल कन्याउने स्थिति आइपर्छ । तर ठाउँ ठाउँमा भएको कवितामय शैलीले मार्मिक प्रभाव पार्दछ (पृ. १२९) । भन्ने विचार भट्टको रहेको छ । एउटा भूतपूर्व सिपाही र अविवाहिता केटीको मुखबाट दार्शनिक अभिव्यक्ति आउनु अस्वाभाविक भएको उनको ठहर छ (पृ. १३०) । यस क्रममा उनी गोर्खालीको सैनिक जीवन, विदेश र युद्धहरूमा उनका अनुभवहरूको सङ्केत, देशका पाखा, लालीगुराँस र जङ्गलको सम्झना, सिपाहीको जीवन, प्रेमलाप, जीवन मरणको दोसाँधमा पनि मायाको तिर्खा र तरुनीको सम्झना आदिको वर्णनले भावुकता र यथार्थको समिश्रणले उपन्यास हृदयस्पर्शी भएको छ । भन्ने अभिव्यक्ति यस लेखमा रहेको पाइन्छ (पृ. १३०) । यति भएर पनि लेखिकाले बीच-बीचमा दार्शनिकता र अस्तित्ववादी धारणाको बलपूर्वक प्रयोग गरेकाले उपन्यासको यथार्थ र स्वाभाविकता खलबलिएको छ (पृ. १३०) । भन्ने कुरा व्यक्त गरिएको छ ।

उनी उपन्यासको वर्णन गर्दै यसले सर्वसाधारणमा लोकप्रियता पाउने कुनै क्षमता छैन । यो कुनै नेपाली लेखिकाको नभएर विदेशी लेखिकाले लेखेको उपन्यासको नेपाली उल्था जस्तो लाग्दछ (पृ. १३१) । भन्ने विचार प्रस्तुत गर्छन् । उनी उपन्यासका पात्र वातावरण, वार्तालाप र यसका सबै कुरा राष्ट्रिय वातावरणबाट असम्बन्धित भएको बताउँछन् । भाषा शैलीमा मीठोपन भए पनि व्याकरपणगत त्रुटि उपन्यासमा पाइन्छ भन्ने कुरा उनी उल्लेख गर्छन् । यस लेखको अन्त्यतिर पुनः भूमिका लेखको चर्चा गर्दै पुस्तकको बनावटको व्याख्या गरिएको छ । उनी पुस्तकको गेट अप राम्रो सफाइ र सुन्दर भए पनि मोल भने सर्वसाधारणले आँट्न नसक्ने खालको छ भन्दै यो उपन्यास बौद्धिक पाठकका लागि लेखिएको बताउँछन् (पृ. १३२) ।

यस लेखमा 'शिरीषको फूल' उपन्यासलाई गन्धहीन कागजको फूलसँग तुलना गर्दै शैली आफैमा साध्य होइन, यो साधनमात्र हो । सुन्दर शैलीमा समाजको हानी गर्ने र मान्छेलाई नपुङ्सक बनाउने कृतिभन्दा नराम्रो शैलीकै भए पनि मान्छेलाई प्रेरणा दिने र शान्तवना दिने कृति नै ज्यादा उपयोगी र श्रेयकर हुन्छ (पृ. १३२) भन्ने निष्कर्ष निकालिएको छ । यस लेखमा शिरीषको फूल सामान्य उपन्यास र भूमिका लेखन अतिशयोक्ति भएको भट्टको ठहर छ ।

## ३.२.१४ उत्तर कुँवर

उत्तम कुँवरको स्रष्टा र साहित्य (२०२३) पुस्तकमा पारिजातको जीवनी साहित्यलेखन आदिका बारेमा चर्चा गरिएको छ । पारिजातको जन्म १९९३ सालमा दार्जिलिङमा भएको हो, उनको बाल्यकाल प्रवासमा नै बितेको र काठमाडौं आएपछि यहीको कलेजबाट बी.ए. सम्मको औपचारिक शिक्षा पूरा गरेको साथै पाटनको मदन मेमोरियल गर्ल्स हाई स्कुलमा केही समय शिक्षिका भएर काम गरेको चर्चा यस लेखमा गरिएको छ ।[ज्ञढ]

---

[१९] उत्तम कुँवर, **स्रष्टा र साहित्य** (काठमाडौं : रूपायन प्रकाशन, २०२३), पृ. ३३२ ।

धेरै वर्ष अगाडिदेखि नै पारिजात, कविता र कथा लेखनमा सम्लग्न भए पनि आधुनिक कालमा उनको उपन्यासले मात्र पुरस्कार प्राप्त गरेको उल्लेख गरिएको छ । उनी शिरीषको फूल उपन्यासको भाषा शैली प्रस्तुतिकरण मात्र होइन विषयवस्तुमा पनि विवाद रहेको र त्यस विवादलाई शङ्कर लामिछानेको भूमिकाले झन् उचाईमा पुऱ्याएको चर्चा गर्छन् । शारीरिक अस्वस्थता आर्थिक कठिनाइ, जीवनप्रतिको कुण्ठा आदिद्वारा सिर्जना हुन  गएका पहिलेका सोचाइप्रतिको अनास्था र वाममार्गी दर्शनको प्रभावले स्वयं पारिजातको सबभन्दा बढी चर्चित र लोकप्रिय कृति 'शिरीषको फूल' बाट टाढिएर वा भनौं अल्मलिएर यस प्रतिको आफ्नो स्वामित्व भाव नै त्याग्न पुगी त्यसको अर्को संस्मरण छपाउने पक्षमा छैनन् । एक किसिमले उक्त उपन्यासलाई उहाँले पारपाचुके गरिसक्नुभयो भने पनि हुन्छ (पृ. ३३२) । भनेर कुँवर पारिजातले शिरीषको फूलप्रति देखाएको नैराश्यलाई चर्चा गर्छन् ।

यस लेखमा 'शिरीषको फूल' पछिको पारिजातको लेखनकलाको पनि चर्चा गरिएको छ । 'शिरीषको फूल' पछि लेखिएको महत्ताहीन राम्रैमा गनियो, यस पछिको बैंसको मान्छे पनि निकै लोकप्रिय मानिनुका साथै सहासिलो कृतिका रूपमा रहेको कुरा उल्लेख गरिएको छ । त्यसपछि पारिजातका ६ वटा पुस्तकहरू प्रकाशित भए पनि ती कृतिको विशेष उल्लेख कतै सुनिएन् (पृ. १३३) । भनेर यस लेखमा पारिजातको पछिल्लो चरणका कृति कम महत्वका भएको सङ्केत गरिएको छ । पारिजातको आत्मसंस्मरण चार भागमा रहेको र पहिलो भाग 'धूपि सल्ला र लाली गुराँसको फेदमा' नामले रूपरेखा पत्रिकामा धारावाहिक रूपमा प्रकाशित भएको कुँवर बताउँछन् (पृ. १३३) । पारिजात अरू तीन भाग आत्मासंस्मरण अहिले नछाप्ने पक्षमा रहेको पनि उनी उल्लेख गर्छन् । आफ्ना जीवनसँग सम्बन्धित अनेक व्यक्तित्वका नाम र तत्सम्बन्धी घटना प्रकाशित गरेर अहिले ती व्यक्तिलाई किन अप्ठ्यारोमा पार्नु ? भन्ने सोचाइ पारिजातको रहेको कुँवर बताउँछन् ।

कुँवर पारिजातको स्वास्थ्य स्थितिको बारेमा पनि चर्चा गर्छन् । रोगका कारणले पारिजात कहिले तराई कहिले काठमाडौं बस्ने गरेको कुरा उनी बताउँछन् । पारिजातलाई २०३० सालमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको विद्वतवृत्ति प्रदान गरिएको र मदन पुरस्कार प्रदान गरिएको बाहेक कुनै सहयोग प्राप्त नभएको कुँवर बताउँछन् । यस लेखको अन्त्यमा उनी पारिजातका प्रकाशित कृतिहरूको विवरण प्रस्तुत गर्छन् ।

यो छोटो लेखमा पारिजातको संक्षिप्त विवरण दिइएको छ । यस लेखले पनि पारिजात सम्बन्धी जानकारी हासिल गर्न सहयोग पुऱ्याएको छ ।

### ३.२.१५श्रीमती रोहिणी शाह

पञ्चायत झलक पत्रिकाको वर्ष १, अङ्क १२ मा 'पारिजात र मदन पुरस्कार' (२०२३) सम्पादकीय लेख लेखिएको छ । उक्त लेखमा नयाँ वसन्तमा २०२३ सालको मदन पुरस्कारले पारिजातलाई विभूषित गरेर लेखिकाको ठूलो कदर गरेको उल्लेख गरिएको छ । धेरै वर्ष अगाडिदेखि बाथ रोगले थलिएकी लेखिकाको सक्रिय मस्तिष्कको जिउँदो सिर्जना र भावनाको तपस्या हो 'शिरीषको फूल'[२०] भन्ने कुरा यहाँ उल्लेखित छ । शिरीषको फूलमा पारिजातको संवेदनाको गरिमालाई बुझेर उनलाई चिन्नु प्रत्येक साहित्यप्रेमीको कर्तव्य हुनेछ (पृ. २२) । भन्ने कुरा यस सम्पादकीय लेखमा प्रस्तुत गरिएको छ ।

पारिजातलाई स्नेह र संवेदनाबाट उपेक्षित रहेको चर्चा गर्दै उनलाई यस पुरस्कारले कदर गर्नुका साथै यो धनराशीले केही राहत पुऱ्याएको पनि यस लेखमा उल्लेख गरिएको छ। यस लेखमा यस्तो महत्वपूर्ण कामको लागि मदन पुरस्कार गुठीको स्थापना गर्ने रानी जगदम्बाप्रति आभार व्यक्त गरिएको छ । साथै रानी जगदम्बा जस्ता व्यक्तिले यस्तो सहयोगलाई निरन्तरता दिने विश्वास पनि यस लेखमा गरिएको छ ।

---

[२०] श्रीमती रोहिणी शाह, 'पारिजात र मदन पुरस्कार', **पञ्चायत झलक,** (वर्ष १, अङ्क १२, २०२३), पृ. २२ ।

यस सम्पादकीय लेखमा परिजातलाई मदन पुरस्कार प्रदान गरेर ठूलो कदर गरेको र पारिजातप्रति हामी सबैले स्नेह भाव राख्नुपर्छ भन्ने विचार व्यक्त गरिएको छ । छोटै भए पनि यस लेखले पारिजातलाई चिनाउने प्रयास गरेको छ ।

### ३.२.१६ चूडामणि बन्धु

नेपाली कविता क्षेत्रमा योगदान पुऱ्याउने विभिन्न कविहरूको चर्चा गर्दै चूडामणि बन्धु साझा कविता (२०२४)को सम्पादन गर्ने क्रममा पारिजातको बारेमा पनि उल्लेख गर्छन् । उनी पारिजातको जन्म तथा साहित्यिक योगदानको बारेमा यसरी भन्छन् "पारिजातको जन्मभूमि दार्जिलिङ भए पनि कर्मभूमि काठमाडौं भयो । आफ्नो काव्यात्मक उपन्यास (काव्यान्यास) मा २०२३ को मदन पुरस्कार पाएकी पारिजात प्रथमतः कवयित्री अनि कथा र उपन्यासकार हुनुहुन्छ । २०१४ सालदेखि कविता लेख्न थालेर आकांक्षासङ्ग्रह प्रकाशन गरे पनि पारिजातका फूलहरूमा १७ साल यता सुगन्ध आएका हुन् । त्यसपछि अहिले सम्मका उहाँका कविताहरूमा धेर-थोर एउटै स्वर, एउटै चीत्कार पाइन्छ । कवयित्रीले हाम्रो अगाडि देखेको शून्य ।"[२१] बन्धु पारिजातका कवितामा निस्सारता र शून्यवादी चिन्तन प्रस्तुत भएको उल्लेख गर्दै भन्छन् । "कवयित्रीले युगको कुञ्जित अस्तित्वमा जीवनलाई नै बेवारिस मृत्युको मुचुल्काको रूपमा देख्नुभयो अनि हाम्रो गतिलाई जानेर होइन भौतारिएर आएको ठान्नुभयो । पारिजातका कवितामा निस्सारता फिट्जेरल्डको अनुवादमा झैं सजीव र मार्मिक हुन आयो" (पृ. २२) ।

यस लेखमा २०१४ सालदेखि कविता लेख्न सुरु गरेकी पारिजात २०१७ सालदेखि चर्चित भएकी हुन् । प्रवासमा जन्मेर पनि उनले नेपाली साहित्यमा ठूलो योगदान पुऱ्याएकी छन् । भन्ने कुरा उल्लेख गरिएको छ ।

[२१] चूडामणि बन्धु, **साझा कविता : प्राक्कथन** (काठमाडौं : साझा प्रकाशन २०२४), पृ. ११-१२) ।

### ३.२.१७ पारिजातको व्यक्तिगत फाइलबाट

रूपरेखा पत्रिकामा प्रकाशित 'पारिजातको व्यक्तिगत फाइलबाट' (२०२४) शीर्षकको लेखमा पारिजातका विभिन्न अभिव्यक्तिहरूलाई आधार बनाएर विभिन लेखकहरूका प्रतिक्रियाहरू व्यक्त गरिएका छन् । सुभद्रा कजसु मानिसको जीवन नै सङ्घर्षमय छ धैर्य र सन्तोष लिनुपर्छ, यसरी आफूलाई विचलित नपार्नुहोस् भन्ने विचार व्यक्त गर्छिन् ।[२२] पारिजातका विभिन्न अभिव्यक्तिहरूको टिप्पणी गर्दै बोध, मनु आदिले पनि आ-आफ्नो विचार प्रस्तुत गरेका छन् । भरत "जनजीवनको निस्सारताको बोध मेरो अति सामु पुग्छ त्यति बेला म साच्चै कसैको आड चाहन्छु विडम्बना होइन" (पृ. ५४) । भन्ने कुरा उल्लेख गर्छन् । कृष्ण पोखरेल प्रश्नात्मक ढङ्गबाट आफ्नो विचार व्यक्त गर्छन् । त्यस्तै हामी दिदी बहिनीकति टाढा छौ होइन ? तर हामीभित्रको माया ज्यादै नजिक र गहिरो भएजस्तो लाग्छ (पृ. ५५) भनेर प्रेमा श्रेष्ठ आफ्नो विचार व्यक्त गर्छिन् । मनको साइनो धेरै रमाइलो हुन्छ भनेर लेख्नु भएको कुरा म पनि विश्वास गर्छु । वास्तवमा यो एउटा कहिले नटुङ्गिने उत्सुकता न हो भन्ने मलाई पनि यहाँ लेख्न मन लाग्छ (पृ. ५६) भनेर यादव विराटनगरबाट लेख्छन् । म विवाह गर्दिन कष्टका क्षणहरू भोग्नै पर्छ मैले जबसम्म भाग्नलाई अर्को स्थितिको सृजना हुँदैन । स्थिति पनि एउटा विशाल नाङ्गो पर्खालजस्तो छ जसलाई हामी चिथोर्छौं, कोपर्छौं र निरुत्तर हुन्छौ जस्ता पारिजातका अभिव्यक्तिपछि वेणु आचार्यले न त तपाइँ काठमाडौं छोडेर निस्कने न त मेरो काठमाडौं आउने मौका त्यसैले आज म यस रूपमा तपाईको अगाडि उभिने प्रयत्न गरेकी छु (पृ. ५७) भन्ने अभिव्यक्ति दिएर पात्र मार्फत उनी नजिक भएको बताउँछिन् । पारिजातका विभिन्न विचारलाई प्रस्तुत गर्दै यस लेखमा विमल र सी.पी. नेपालीको छोटो भनाइलाई प्रस्तुत गरिएको छ ।

[२२] पारिजातको व्यक्तिगत फाइलबाट, **रूपरेखा,** (वर्ष ८, अङ्क ३, पूर्णाङ्क ७५, साउन, २०२४), पृ. ५५ ।

प्रस्तुत लेखमा पारिजातको बारेमा प्रत्यक्ष रूपमा अध्ययन नगरे पनि उनका व्यक्तिगत फाइलका अंशलाई लिएर विभिन्न व्यक्तिहरूले टिप्पणी गरेका छन् । यसलाई पनि पारिजातको बारेमा गरिएको अध्ययन मान्न सकिन्छ ।

### ३.२.१८ ईश्वर बराल

झ्यालबाटका सम्पादक ईश्वर बराल नेपाली कथाको चर्चा गर्दै पारिजातको साहित्यिक योगदानको बारेमा उल्लेख गर्छन् । "कथाको आधुनिक प्रवाहः क्रान्ति उत्तर काल" (२०२५) शीर्षकमा पारिजातले नेपाली साहित्यलाई पुऱ्याएको योगदानका बारेमा उल्लेख गरिएको छ । २००७ सालछि अथवा क्रान्तिउत्तर कालमा नयाँ शिल्प नयाँ ध्वनि र नयाँ व्यञ्जना देखापरेको यस कालमा पुराना तथा नयाँ कथाकारहरूका कथाहरू सङ्कलन भएको बताइएको छ । भिक्षु गोठाले तारिणीप्रसाद कोइराला, शङ्कर लामिछाने दौलत विक्रम विष्ट कृष्णप्रसाद सर्वहारा जस्ता स्वदेशी तथा इन्द्रबहादुर राई, अगमसिंह गिरी, देवकुमारी सिंह आदि नेपाल बाहिरका लेखकहरूले कथाको क्षेत्रमा नयाँ नयाँ प्रयोग गर्दै अघि बढ्ने उत्साह गरेको कुरा यस लेखमा उल्लेख गरिएको छ ।[२३]

नेपाली साहित्यमा नारी लेखिकाको अभाव भएको कुरा उल्लेख गर्दै भनिएको छ "नारी लेखिका अत्यल्प नै छन् । कविताका हकमा भने कुन्दन शर्मा, विजया शर्मा, पारिजात र प्रेमा शाहले निकै प्रगति गर्नुभएको छ । उहाँहरूमध्ये कुन्दन शर्मा बाहेक अरू सबैले कथाका क्षेत्रमा प्रयोग गर्न थाल्नु भएको छ । अहिले भर्खरै प्रेमा शाहका 'पहेंलो गुलाफ' औ 'एउटा जीवन्त क्षण-जो मरी मरी पनि बाँच्छ' अत्यन्त राम्रा कथा देखापरेका छन् । विजया शर्माको 'धुवाँ' र पारिजातको 'मैले नजन्माएको छोरो' हेर्दा नारी लेखिकाहरू कथाको शिल्पका चनाखा भइ रहेछन् भन्ने बुझिन्छ" (पृ. ६६) ।

[२३] ईश्वर बराल, **झ्यालबाट,** तेस्रो संस्करण (कालिम्पोङ : नरबहादुर दाहाल, २०२५), पृ. ६५ ।

यस छोटो लेखमा कविताका क्षेत्रमा प्रगति गर्ने तथा कथाका क्षेत्रमा नयाँ नयाँ शिल्पको प्रयोग गर्ने लेखिकाको रूपमा पारिजातलाई चिनाउने प्रयास गरिएको छ ।

यसरी नै मधुपर्क (२०२७) मा प्रकाशित भएको 'पारिजातका कथाको भावभूमि' शीर्षकको लेखमा पनि पारिजातका बारेमा चर्चा गरिएको छ ।[२४] यस लेखमा पारिजातको जीवनीबारे संक्षिप्त विवरण दिँदै उनको 'आदिम देश' कथासंग्रहमा सङ्कलित तथा अन्य कथाहरूको बारेमा उल्लेख गरिएको छ ।

पारिजातलाई चिनाउने क्रममा बराल २०१४ सालमा ४० पैसे 'आकांक्षा' कवितासंग्रह प्रकाशन गरेर देखापरेकी पारिजात उत्तरकालमा युवालेखकको एक विशिष्ट नवतन्त्रवादी वर्गकी अधिनेतृ भएको बताउँछन् (पृ. १) । २०२१ सालमा कथाकारका रूपमा देखापरेकी पारिजातले २०५५ सालको छेउछाउतिर कथा लेखनमा तिव्रता दिएको चर्चा गर्दै यस अवधिमा पारिजातका 'शिरीषको फूल' (२०२२), 'महत्ताहीन' (२०२५) उपन्यासहरू र 'आदिम देश' (२०२५) कथासंग्रह प्रकाशित भएको कुरा पनि उल्लेख गर्छन् (पृ. १) ।

यस लेखमा पारिजातका साहित्यिक रचनाहरूको प्रकाशनसँगै समीक्षात्मक मूल्याङ्कन पनि भएको कुरा उल्लेख गरिएको छ । यसरी मूल्याङ्कन गर्ने व्यक्तिहरूमा माधवओम श्रेष्ठ, वासु रिमाल 'यात्री' शङ्कर लामिछाने, पदीप गिरी आदिको नाम प्रस्तुत गरिएको छ (पृ. ३) । पारिजातले 'शिरीषको फूल' का लागि २०२३ सालको मदन पुरस्कार पाएको र यसै कृतिको प्रकाशनसँगै पारिजात बहुचर्चित भएकी उनको जस्तो सौभाग्य मोहन कोइराला, भूपि शेरचनले पनि नपाएको कुरा प्रस्तुत लेखमा व्यक्त गरिएको छ (पृ. ३) ।

पारिजातको जन्म १९९३ सालमा दार्जिलिङको चियाकमानमा भएको थियो सानै हुँदा आमाको मृत्यु भएकाले पारिजातको पालनपोषण उनका बाबुले गरेका थिए बाबु डाक्टर भएकाले उनको परिवार सम्पन्न थियो तर परिवारको एकमात्र

[२४] ईश्वर बराल, 'पारिजातका कथाको भावभूमि', **मधुपर्क,** (वर्ष ३, अङ्क ११, २०२७), पृ. १ ।

छोराको पोखरीमा डुबेर मृत्यु भएपछि उनका बाबु साह्रै विरक्ति भए र सपरिवार दार्जिलिङ् छोडेर २००९ सालमा काठमाडौं आएका हुन भन्ने कुरा यस लेखमा प्रस्तुत गरिएको छ (पृ. ४) । पारिजात काठमाडौं आउँदा १४ वर्षकी नवयौवना विष्णुकुमारी वाइवा थिइन् । काठमाडौंको नयाँ परिवेशमा बस्दा विष्णुकुमारीले अतितका त्रासद घटनाले आफ्ना सुकोमल भावना र आकाङ्क्षमाथि तुषारापात भएको अनुभव गरिन् भन्ने कुरा पनि यस लेखमा प्रस्तुत गरिएको छ । यस लेखमा पारिजातको शिक्षा, रोग, साहित्यिक प्रभाव आदिको बारेमा पनि चर्चा गरिएको छ । पारिजातले काठमाडौंबाट वी.ए. पास गरिन् । केही समयपछि सुखदः भविष्यको स्वभाविक कल्पना गर्ने उमेरकी पारिजात पक्षघातले थला पारेपछि एक कोठामा मात्र बस्न बाध्य भइन् । त्यही जीवनका कठीन अवस्थालाई सहेर बस्नुपर्दा उनी सार्त्रको अस्तित्ववाद र कामुको विसङ्गतिवादबाट प्रभावित भइन (पृ. ४) भनेर पारिजातको अवस्थालाई चिनाइएको छ । उनले अस्तित्ववादका पछि लागेर आफ्ना रचनामा “त्रासदीको सन्त्रास, व्यवस्थाजन्य अवरोधका अनुबन्धन, विस्थापन औ आत्मानिर्वासनको आतङ्क शून्यवाद औ विरसता आदिलाई विशेषीकृत विषय बनाइन् । जुन भीतिरोग, मनोग्रन्थि अवरोधन, विचलन, विषयजन्य, कामविपर्यास आदिले उहाँका आख्यान साहित्यका पात्र उत्पीडित औ परिमूढ देखिन्छन्” (पृ. ५) भनेर पारिजातका अस्तित्ववादी चिन्तनलाई स्पष्ट पार्न खोजिएको छ ।

पारिजात २०२१ सालपछि पूर्णरूपमा अस्तित्ववादी बन्न खोजिन् । ‘शिरीषको फूल’, ‘महत्ताहीन’ तथा बेलाबखत छापिएका उनका कविताले यस कुराको प्रमाणित गर्छ । अस्तित्ववादका सत्यापनका निम्ति पहिले ‘मैले नजन्माएको छोरो’ लाई अघि सारिन र ‘शिरीषको फूल’ लिई पारिजात आफ्नू चित्तबुभ्ग्दो विदेशी महाप्रसाद बाड्न लागेको अनुमान गर्न सकिन्छ (पृ. ६) । भन्ने कुरा यस लेखमा प्रस्तुत गरिएको छ । पारिजातको पहिलो कथा ‘मैले नजन्माएको छोरो’ (२०२१) भएको र उनका विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका कथाहरू ‘आदिम देश’ मा सङ्कलित भएका छन् । भनी यस लेखमा उल्लेख गरिएको छ ।

यस लेखमा पारिजातका कथाहरूको विश्लेषण र मूल्याङ्कन पनि गरिएको छ । यस क्रममा 'मैले नजन्माएको छोरो' कथामा एउटी बूढी कन्या नारीको मनोविश्लेषण गरिएको छ र यही कथाले नेपाली कथा साहित्यको नौलो दिशा सङ्केत गरेको कुरा उल्लेख गरिएको छ (पृ. ९) । बराल पारिजातको 'तिउरीको फूल', 'पायरियाको गन्ध' कथामा अस्तित्ववादको व्याख्या छ, तर कथाको आचरण भने कामविपर्यासिसित सम्बद्ध (पृ. १२) छ भन्छन् । यस कथामा एउटी लाटी, घर फर्कदै गरेको कथाबाचक र पतिलाई रुघेर बसेकी पत्नी आदिको चरित्र चित्रण गरिएको कुरा यस लेखमा उल्लेख गरिएको छ । 'सोफिज्म मेरो लोग्नेसँग कुराकानी' कथामा एउटी विद्वुषी नारीको चरित्र चित्रण गरिएको छ । ऊ अस्तित्ववादी चिन्तनलाई अँगालेर आदर्शमा दृढ हुन खोजे पनि अन्योलमा परी बारम्बार जीवन के हो ? यसको अर्थ के हो ? विवाह व्यक्तिको स्वतन्त्रता खोस्ने अस्त्र होइन ? जस्ता प्रश्न गर्छे र उसका यस्ता प्रश्नको उत्तर पतिका आसनमा बस्न खोज्ने व्यक्तिले दिने प्रयास गर्छ, त्यस्ता व्यक्तिलाई ऊ सोफिस्ट र आफ्ना विचारलाई डगमगाइदिने अर्काका विचार प्रक्रियालाई सोफिज्म भनेर खिसी गर्छे (पृ. १४) भन्ने कुरा यस लेखमा प्रस्तुत गरिएको छ ।

पारिजातको अर्को कथा 'बीसौं शताब्दी एक गल्लीमा' र 'साइनो : ग्रयानिटको टुक्रासँग' कथामा आतङ्कमय र वीभत्स चित्रण छ दुवै कथा वर्तमान परिवेशसँग सम्बद्ध रहेका छन् । यी कथामा अस्तित्वबोधको बाध्यता तथा अस्तित्व र अनस्तित्व सहचर रहेको पाइन्छ भन्ने कुरा उल्लेख गरिएको छ (पृ. ७२) । 'अप्ठ्यारो र अभ्यस्त' कथाका पात्रहरू आफ्नो इच्छा पूरा गराउन तल्लीन रहन्छन् र इच्छा पूरा नहुँदा रीस र औडाहाले भुटभुटिने रन्थनिने छट्पटाउने गर्दछन् । यसको कथाबाचक दैन्यजर्जर छ । तर ऊ कति कारणले अप्ठ्यारो हो भन्ने कुरा बुझ्न निकै कठिन हुन्छ भन्ने कुरा यस लेखमा व्यक्त गरिएको छ (पृ. ७४) । 'एक उडान' र 'अनिदो र शून्यता दुई बेग्ला बेग्लै भावदशाले पिरोलिएका युवतीका कथा हुन् ।

'एक उडान' मा सोफिया नाम गरेकी विमान परिचारिकाको विवशतालाई देखाएको छ । दाजुको कठोर निगरानीका कारण उ त्यसबाट मुक्त हुन चाहन्छे र विस्तारै ठिटाहरूसँग घुम्नजाने रक्सी, चुरोट आदि पिउने गरेर आफ्नो जीवनलाई वर्वाद पार्छे भन्ने कुरा पनि यहाँ उल्लेख गरिएको छ (पृ. ७८) । 'अनिदो र शून्यता' कथामा माधू नामकी युवतीको विवशतालाई देखाइएको छ । कलाकाराले एउटा नग्न चित्रका लागि माधूलाई प्रस्ताव गर्दा उ जङ्गिन्छे त्यसपछि उ छटपटाउन थाल्थे राती ननिदाउने, सपनामा बरबराउने, निद्रा नलाग्दा अनिदो रोग पो लाग्योकी भनेर झन छटपटिन्छे । यसरी यी दुबै कथामा युवतीका विवशतालाई देखाइएको कुरा यस लेखमा व्यक्त गरिएको छ । निर्माणको मोडेल 'समयभित्र' कथामा गरिबीले जर्जर र असहाय पात्रको चित्रण गरेर पनि त्यसलाई विशुद्ध आर्थिक समस्यालाई सफलतापूर्वक पर्गेल्न सकेको छैन (पृ. ८२) भन्ने लेखकको ठहर छ । अनेक असङ्गत सूत्रवद्ध कथनले गर्दा कथाको प्रभाव पन्यालिएको छ भन्ने कुरालाई पनि यस लेखमा व्यक्त गरिएको छ । पारिजातका 'सधै वित्नुपर्ने हामी' र 'सिमेण्टीभित्र एउटा राजवेली' दुवै प्रेमकथा भएको बताइएको छ । 'सधै वित्नुपर्ने हामी' कथामा एक पन्ध्रवर्षे बेबी नाम गरेकी एब्स्ट्रयाक्ट युवतीको चित्रण गरिएको छ (पृ. ८४) । कथामा अनेक सूत्रहरू जेलिएकाले कथाका सूत्र मिलाउन डायरीका रूपमा पढ्नुपर्छ भन्ने बरालको ठहर छ । 'सिमेन्टीभित्र एउटा राजवेली' कथा सिमेण्टीको खामालाई मानवीकरण गरेर लेखिएको कथा हो (पृ. ८५) । अमूर्त वस्तुलाई चेतन बनाई भावनात्मक बनाउनु कथाकारको उद्देश्य र केही रतिरागको धरातलीय वर्णन गर्नु लक्ष्य हो (पृ. ८६) भनेर यस लेखमा पारिजातका बारेमा टिप्पणी गरिएको छ ।

यसरी ईश्वर बराल यस लेखमा पारिजातका केही कथाहरूको टिप्पणी र मूल्याङ्कन गर्छन् । यस बाहेक यस लेखमा पारिजातका कथाको संरचना विशेषता आदिका बारेमा पनि उल्लेख गरिएको छ । "अस्तित्ववादीका मतमा प्रत्येक व्यक्तिको आफ्नो अस्तित्व हुनाले व्यक्ति नै सत्य हो तथा मानवजातिको इतिहास र

चिन्तन मानिसका व्यक्तिगत निश्चयसित सम्बद्ध हुने बस्तु हुन्" (पृ. ११) । पारिजातका कथामा कथातत्वको संरचना नहुनाले यस्ता रचनालाई कथा भन्न अप्ठ्यारो पर्छ । उनका कथा निबन्धीय पाराका छन् (पृ. ८६) भनेर पारिजातका विशेषताहरूलाई औल्याउन खोजिएको छ । पारिजातका कथाका पात्रहरू अहङ्कारी, आक्रोसी अकर्मण्य र अप्रतिबद्ध छन् । यस्ता पात्रहरू अनेक मनोवैज्ञानिक रोगले ग्रस्त छन् । तिनले अनुभूत गरेका विवशता विरोधाभाष, विसङ्गति, असन्तुष्टि आदि वर्तमान विषम सामाजिक र आर्थिक व्यवस्थाले उब्जाएका वस्तु हुन् (पृ. ८७) भन्ने बरालको ठहर छ । कथात्मक संरचना नभएका पारिजातका अकथा छेउ न पुच्छरका छन् । यो रचना एक प्रकारले एक ढाक्रेको हास्यप्रतिभा हो (पृ. ९२) । भन्दै यस लेखको अन्त्यमा "पारिजातका अकथाको ध्येय हो पात्रका विवशता औ जीवनका व्यर्थताको अस्वीकृति औ 'विश्वासहीनता' को जाहेरी गर्नु । तिनको गाथा समाजका 'नयाँ व्यक्ति' को 'नयाँ नैतिकता' को गाथा हो वा होइन भन्ने कुराको निर्णय गर्ने स्वतन्त्रता पाठकको हो" (पृ. ९३) भनिएको छ ।

यस लेखमा पारिजातका कथाको विश्लेषण गर्दै पारिजातका कथात्मक वैशिष्ठ्यलाई पहिल्याउने कोसिस गरिएको छ । सन्त्रास, विसङ्गति, हताशा, विवशता, शून्यवाद आदि विशेषताहरू अस्तित्ववादका बहुचर्चित विषय हुन् (पृ. ९३) । यस्तो विशेषता पारिजातका कथामा पनि पाइन्छ भन्ने कुरा उल्लेख गरिएको छ ।

यस बाहेक रूपरेखा वर्ष ११, पूर्णाङ्क १२० (२०२८) मा पनि ईश्वर बरालले पारिजातका बारेमा चर्चा गरेको पाइन्छ ।[२५] 'पारिजातका कथाको शिल्प तथा संरचना' शीर्षकको लेखमा पारिजातका कथा र कथाकारिताको बारेमा चर्चा गरिएको छ । पारिजातका प्रारम्भिक कथाहरू 'मैले नजन्माएको छोरो' र 'तिउरीको फूल पायरियाको गन्ध' मा कथातन्तु राम्ररी उनिएका कथाबस्तु राम्ररी संरचित र कौतुहलको सम्बर्द्धन भएको, चुडान्तको सफल सन्निवेश भएको छ । प्रभाव पनि

---

[२५] ईश्वर बराल, 'पारिजातका कथाको शिल्प तथा संरचना', **रूपरेखा** (वर्ष ११, पूर्णाङ्क १२०, २०२८), पृ. ३० ।

निकै समन्वित छ । तर अरू कथा भने श्लथाङग छन्" (पृ. ३०) । भन्ने उल्लेख छ । उनी पारिजातका कथामा प्रायशः कथकको नै एकालाप हुनाले कथा पनि सहलिया, वृतान्त निवेदन अथवा आत्मख्यापन, अथवा व्यक्तिवृत्व समान छन् । त्यसो हुनाले कथा शिल्पको रङ प्रशस्त खुइलिएको औ अनेक ठाउँमा कोतरिएको छ भन्छन् (पृ. ३१) ।

बराल, पारिजातलाई वैयक्तिक जीवनले गर्दा शून्यवादी तथा अस्तित्ववादी बनायो तर वास्तवमा उहाँ रोमान्सवादी हुनुहुन्छ भन्छन् (पृ. ३१) । उनी पारिजातका कथाका पात्रहरू नैतिक मूल्य तथा आस्थासित विद्रोह गर्ने असामाजिक स्वार्थी र भ्रष्टाचारी भएको देख्छन् । ती पात्रहरू जीवन इतिहास, प्रेम र निर्माणलाई व्यर्थ ठान्छन् । पारिजातका कथाका पात्रहरूले मार्क्सवादी खोल ओढिटोपले पनि ती मूलतः रोमान्से पलायनवादी हुन् । त्यसो हुनाले जतिसुकै त्रासद त□वसित परिचित हुने आग्रह गरे तापनि पारिजात त्रासदी कथा लेख्न असमर्थ हुनुहुन्छ (पृ. ३२) भन्ने बरालको ठहर छ ।

आधुनिक कालमा देखापरेका बौद्धिक व्यक्तिहरूले परिवर्तनका लागि सहरतिर लानुपर्ने स्थितिको चर्चा गर्दै यस लेखमा पारिजातका बौद्धिक लेखनले उनको अभिव्यक्तिलाई शुष्क बनाएको छ, उनका प्रायः कथा लघु हुन खोज्छन् । उनका कथामा हास्यतत्वको अभाव छ भनी पारिजातको टिप्पणी गरिएको छ । यी विभिन्न कारणले तिनका अभ्यन्तर, अशान्ति तथा क्षोभ स्वाभाविक लागे पनि उचित वाणीरूप पाउन नसक्ता एकाङ्गी प्रचारवादसित साङ्गी लाग्छन् त्यसो हुनाले पारिजातका कथाहरू श्लथाङ्ग र प्रभावहीन बनेका हुन भन्ने बरालको विचार व्यक्त गरिएको छ (पृ. ३३) । यस लेखमा पारिजातका कथालाई अकथा भएको मान्दै कथाका सबैजसो पात्रहरू नगरबासी भएको ठहर गरिएको छ । उनका पात्रहरू अन्यायका विरुद्ध संघर्ष गर्न असमर्थ छन् (पृ. ३४) भनिएको छ । धेरै जसो पात्र साधारण र बेनामी भए पनि ती समाजमा देखिने प्राणी नै हुन् भन्ने बरालको

विचार प्रस्तुत गरिएको छ । सबैलाई सामान्यकृत गर्ने उद्देश्यले हो वा अन्य उद्देश्यले हो पारिजातले पाँचवटा कथामा मात्र नामधारी पात्र राखेकी छन्, ती मध्ये दुई वटामा मात्र दुई लोग्ने मानिसको नाउँ हुनु बोधावह पनि हो (पृ. ३५) भन्ने बरालको विचार छ । पारिजातका केही पात्रहरू असुहाउँदिला, समाजदेखि टाढा भागेका र अपत्यारिला जस्ता छन् । आस्थाहीन पात्र मृत्युचेतना र निर्माणका निम्ति अप्रतिबद्ध भई दुर्बोध्य भएका हुनाले पारिजातका कथाबाट सामाजिक विषमता र अन्यायको निराकरण होला शोषणको अन्त्य होला भैरहेको सामाजिक व्यवस्था खजमजिएला भन्ने छाँट देखिन्न (पृ. ३६) । पारिजातका कथाका पात्रहरूको व्यक्तिगत सम्बन्ध टुटेको छ भन्ने धारणा बरालको रहेको छ । पारिजातका कथामा विभिन्न प्रकारका विकृत र आस्थाहीन पात्रहरू भएको बराल उल्लेख गर्छन् । उनी पारिजातले नारी पात्रलाई बढी उत्पीडित देखाएको उल्लेख गर्दै नारी नै भएकाले पारिजातले नारी जातिको बढी चरित्र चित्रण गर्नु स्वभाविक भएको ठान्छन् ।

पारिजातका कथामा सामाजिक सोद्देश्यता भए पनि पात्र अनुत्साहित भएर ऋणक तत्वसरह भएका छन् (पृ. ३८) । यसो हेर्दा कथामा पात्रहरू पिलन्धरे, मरन्च्यासे, पानीमरुवा हुतीहारा, हात बाँधेर बस्ने जस्ता छन् । तिनबाट निर्माणात्मक विद्रोह हुनु कठिन नै देखिन्छ (पृ. ३९) । आधुनिक भावबोध तारतम्य विहीन भएकाले सम्वेद्य र सम्प्रेष्य हुन सकेको छैन । सूत्रको घटनासित अत्यन्त झीनो सम्बन्ध छ । कथाका पात्रमा ऋणात्मक तत्वको प्राचुर्य छ तर नग्न यथार्थका लागि आग्रह देखाएर पनि पारिजातले आफ्नो उत्तरदायित्वको पालना गर्न सकेको छैन भन्ने बरालको ठहर छ (पृ. ४१) । कुनै पनि परिवेशले लेखकलाई प्रभावित पार्छ पारिजात त्यही तत्कालीन परिवेशबाट प्रभावित भएको उनी बताउँछन् । कुनै पनि देशको आ-आफ्नै यथार्थ हुन्छ । लेखकहरू जतिसुकै पलायनवादी भए पनि क्रान्तिको नारा लगाउने गर्दछन् तर पारिजात भने प्रायशः तथ्यलाई भेला पार्ने विद्वताको प्रभाव देखाउने र निर्माणात्मक आसनमा बस्ने प्रयास गर्ने लेखिका हुन

भन्ने विचार बरालको छ (पृ. ४३) । पारिजातले दुःखवाद असुरक्षा, विश्वासहीनता, असन्तुष्टि अस्वीकृति आदिलाई आफ्ना विषयवस्तु बनाइन् तर आफ्ना अनुभूतिलाई सम्वेद्य नबनाई पुस्तकका माध्यमले आर्जेका सिद्धान्त र दर्शनको पैठारी गर्ने प्रयास गरिन् यसो गर्नु राम्रो होइन (पृ. ४४) भन्दै बराल पारिजातको साहित्य लेखनको टिप्पणी गर्दछन् ।

बराल पारिजातमा ऋणात्मक तत्व धेरै भए पनि केही धनात्मक तत्व बादलमा विजुली झैं चम्किएको देख्दछन् । पारिजातको भाषा काव्यात्मक र प्रतीक तथा रूपकको राम्रो सन्निवेश छ । चित्र, बिम्ब तथा स्थानीयताको पनि राम्रो संयोजन भएको छ । उनले खरा एवं खाँटी कुरा भन्ने साहस देखाएकी छन् (पृ. ४४) भन्दै बराला पारिजातका सबल पक्षलाई पनि देखाउने प्रयास गर्छन् । पारिजातले आफ्ना विशिष्ट वैचारिक तीव्रता र चिन्तन प्रस्तुत गर्नका लागि नेपाली भाषा अपर्याप्त र असक्षम ठानेको बराल बताउँछन् । पात्रका चरित्रचित्रण र कथातन्तु अविजडित भएर प्रसाद गुणको अभाव छ । बौद्धिकीकरणका प्रक्रिया झन गणितीय र सूत्रात्मकताले जेलिएको हुनाले पाठकलाई विरस लाग्नु स्वाभाविक हो । पारिजातका कथा बौद्धिकताले मात्र होइन, पुस्तकका माध्यमले पैठारी गरिएका काँचा सिद्धान्तले मात्र होइन, भाषा शिथिल र त्रुटिपूर्ण भएका हुनाले उनका कथा ऋणात्मक भएका हुन भन्ने विचार यस लेखमा व्यक्त गरिएको छ ।

ईश्वर बरालद्वारा लिखित यस लेखमा पारिजातका कथाको शिल्प कथानक पात्र, विषयवस्तु आदिका बारेमा चर्चा गरिएको छ । उनी पारिजातका कथामा केही धनात्मक पक्ष भए पनि ऋणात्मक पक्ष बढी भएको बताउँछन् ।

### ३.२.१९ बासु रिमाल 'यात्री'

प्रस्तुत 'पारिजातसँगको भेट' (२०२५) शीर्षकको लेखमा वासु रिमाल 'यात्री' पारिजातलाई बाह्रै महिना फुलिरहने सुगन्धमय फूलको रूपमा चर्चा गर्छन् । उनी देशभरी पारिजातको सुगन्ध फैलिएको, बताउँछन् । उनी पारिजातका दुईवटा हाँगा

भएको चर्चा गर्दै एउटा हाँगो सुकेको छ भनेर पारिजातको शारीरिक बनावटलाई सङ्केत गर्छन् भने अर्को हाँगो हरियालीपूर्ण छ भनेर सिर्जनात्मक क्षमताको सङ्केत गर्छन् ।[२६] यसै प्रसङ्गमा उपनिषदको एक ठाउँमा दुई चराको बयान गरिएको प्रसङ्ग उठाउँदै यात्री ती दुई चरा देह र आत्माको प्रतीक भएको बताउँछन् । उनी पारिजातका विभिन्न रूपको वर्णन गर्दै पारिजातलाई देख्नुभन्दा अगाडि उनका बारेमा सुनिएका हल्ला पारिजात नभएको उल्लेख गर्दै भन्छन् "पारिजात त्यो पो हो जसलाई मैले उनका कृतिहरू पढेर चिनें । सकमबरीको आमा जसका गहन विचार र दर्शन मैंले बुझें, आज त्यही हो पारिजात ! (पृ. ८०) भन्दै पारिजातका कृतिहरू पढ्नु र बुझ्नु नै पारिजातलाई चिन्नु हो भन्ने भाव व्यक्त गर्छन् ।

'आदिम देश' को आलोचना प्रकाशित भएपछि पारिजातले 'यात्री' लाई बोलाएको, पारिजातले बोलाउँदा उनलाई भेट्न मानसिक डर उत्पन्न भएको तर पनि बाटो सोध्दै पारिजातको कोठामा पुगेको कुरा उनी बताउँछन् । उनी आफूभन्दा जेठी, मदनपुरस्कार प्राप्त र आधुनिक कालकी अग्रस्थानमा रहेकी साहित्यकार पारिजातलाई भेट्दा डर र काउकुती भएको उल्लेख गर्छन् (पृ. ८१) एकपटक पारिजातको आलोचना गरेर लेखेको लेखको प्रसङ्ग उठाउँदै त्यस लेखको कारणले आफू डराएको उनी उल्लेख गर्छन् । यसै प्रसङ्गमा यात्री भन्छन् "आलोचक लेखकदेखि टाढा भाग्नुहुन्न भन्ने पक्षमा म छु । नभाग बरु सामना गर । भाग्नु उज्यालोबाट विमुख हुनु हो । भाग्नेलाई आफ्नै छायाले तर्साउँछ । एक दार्शनिक सायद कृष्णमूर्तिको उक्तिले मलाई सधैं सान्त्वना दिन्छ । प्रेरणा दिन्छ । (पृ. ८१) यात्री पारिजातसँग भेटेर कुराकानी गरेपछि कथाकार पारिजात भन्दा व्यक्ति पारिजात धेरै बलियो र संयमित लागेको (पृ. ८२) बताउँछन् ।

यात्री र पारिजात बीच भएको कुराकानीलाई प्रष्ट पार्दै यस लेखमा यात्रीले गरेको प्राविधिक गल्तीहरू र 'आदिम देश' मा भएका केही त्रुटिहरूको चर्चा

---

[२६] वासु रिमाल 'यात्री', 'पारिजातसँग भेट', **मधुपर्क** (वर्ष १, अङ्क ८, २०२५), पृ. ७९ ।

गरिएको छ । आदिम देशमा साभार उल्लेख नगर्नु र यात्रीले राम्ररी नपढी नबुझी आलोचना गर्नु जस्ता दुई गल्ती बीच भएको छलफललाई यस लेखमा प्रस्तुत गरिएको छ । यस प्रसङ्गमा यात्री भन्छन् "कविले कविता कहिले प्रकाशित गरे, कहाँ छापियो वा अप्रकाशित रचना हालसालै प्राप्त भएको हो कि, यी कुरा खुलाउन उत्तिकै आवश्यक छ जतिको कि रचनामा रचनाकारको नाउँ रहनु (पृ. ८३) ।

यात्री र पारिजातबीच 'आदिम देश' को बारेमा धेरै चर्चा भएको यहाँ उल्लेख गरिएको छ । यात्री हाम्रो रीतिरिवाज चालचलन धर्म संस्कृतिमा दर्शन लुकेको व्याख्या गर्छन् भने पारिजात पुराना मान्यता नष्ट गरेर नयाँ मूल्य र मान्यताको सिर्जना गर्नुपर्ने अडानमा (पृ. ४) रहेको चर्चा यस लेखमा गरिएको छ । यस प्रसङ्गमा पारिजात दुई ध्रुवमा रहेको व्याख्या गर्छन् । यात्रीले तपाई आफूलाई निहिलिष्ट सम्झनु हुन्छ ? भन्ने प्रश्नमा पारिजात भन्छिन् निहिलिज्म भन्ने यस्तो कुरा हो जसको व्याख्या हुन सक्दैन तर्क गरेर म निहिलिस्ट हुँ भनेर कोही निहिलिस्ट हुन सक्दैन जो निहिलिस्ट हुँदै गइरहेको छ । अरूले उसको व्यवहारबाट यो कुरा थाहा पाउँछन् (पृ. ८५) । यसै प्रसङ्गमा यात्री र पारिजातका बीचमा सोफिज्मको बारेमा चर्चा भएको उल्लेख गरिएको छ । हाम्रो नजिकको संस्कृत वाङ्मयको ज्ञान नभएका तथा पश्चिमा साहित्य र दर्शनका प्रसङ्गहरूमध्ये पारिजात पनि एक हुन् (पृ. ८६) । भन्ने विचार यस लेखमा उल्लेख गरिएको छ । यात्रीले 'शिरीषको फूल' लाई लक्षित गर्दै अनेपाली उपन्यासहरू लेखिए, नेपालीत्व गुमाउँदै गए भन्ने जिज्ञासा उठाउँदै अनुराधालाई जित्न 'शिरीषको फूल' लेखेको हो ? भनी प्रश्न गर्दा पारिजात अरूले गरे होलान तर मैले त्यसो गरे जस्तो लाग्दैन 'शिरीषको फूल' अनुराधाको प्रतिस्पर्धामा अवश्य लेखिएको होइन (पृ. ८६) भन्ने विचार पारिजातले व्यक्त गरेको यहाँ उल्लेख गरिएको छ ।

पारिजात र यात्री बीचको कुराकानीलाई यस लेखमा यात्रीले विवेचनात्मक रूपमा प्रस्तुत गरेका छन् । यात्रीको नेपाली कथाहरू अश्लीलतातिर गइरहेका छन्

कि ? भन्ने प्रश्नमा पारिजात यसो भन्छिन् उत्तेजना र मनोरञ्जनको निमित्त मात्र यौनको अभिव्यक्ति गरिएको छ भने त्यो अश्लिलता हो । त्यसैले साहित्यमा त्यस्तो हुनुहुँदैन (पृ. ८७) । इमान्दारीपूर्ण अभिव्यक्ति व्यक्त गरेर कलमलाई सचेत राखी यौन साहित्यको पनि सिर्जना हुनुपर्छ । यो जीवनको अर्को आवश्यकता हो । साहित्यिक अभाव हो एक समस्या हो (पृ. ८७) । यसै क्रममा यात्री पारिजातसँग व्याकरणगत अशुद्धि धेरै भएको साहित्यकारले आफ्नो भाषा शुद्धसँग बोल्न र लेख्न नसक्नु लाजलाग्दो कुरा हो भन्ने टिप्पणी यस लेखमा गर्छन् (पृ. ८८) ।

'साझा कथा' मा पारिजातको 'मैले नजन्माएको छोरो' कथा प्रकाशित भएको कुरा गर्दै यो कथा भन्दा 'तिउरीको फूल पायरियाको गन्ध' कथा छापिनु पर्ने यसमा भैरव अर्यालको दृष्टि नपुगेको हुन सक्ने यात्री उल्लेख गर्छन् । अन्त्यमा यात्री दुई विचारलाई जति तन्काए पनि एकले अर्कोलाई भेट्न सक्दैन भन्ने विचार व्यक्त गर्छन् ।

यस लेखमा पारिजातसँगको भेट र गफलाई आधार बनाएर पारिजातको लेखनकला र सिर्जनात्मक क्षमता साहित्यमा देखिएका विभिन्न कुराहरू पारिजात सम्बन्धी देखिएका विवाद आदिको विश्लेषण यात्री र पारिजात भएर गरेका छन् । यात्री र पारिजातका दुई फरक विचार धारालाई सृजनात्मक रूपमा यस लेखमा चर्चा गरिएको छ ।

यसरी नै हिमाल (२०२५) मा प्रकाशित भएको रिमालको 'चिरफारको आँखालाई दुई नयाँ पुस्तक' शीर्षकको लेखमा पनि पारिजातको बारेमा चर्चा गरिएको छ ।[२७] यस लेखमा पारिजातको 'आदिम देश' र परशु प्रधानको 'फेरि आक्रमण' कथा संग्रहका बारेमा तुलनात्मक अध्ययन गरिएको छ । यात्री पारिजातको आदिमदेशप्रति असहमत जनाउँदै आदिम देशमा आदिम मान्छेको अनुहार टाँस्न खोजेको तर यथार्थता नभएको (पृ. १३) उल्लेख गर्छन् । यसको चर्चा

---

[२७] वासु रिमाल 'यात्री', 'चिरफारको आँखालाई दुई नयाँ पुस्तक', **हिमाल** (वर्ष २, अङ्क ४, मार्ग २०२५), पृ. १३ ।

गर्ने क्रममा उनी आदिम देशमा पारिजातको कथाकारिता छटपटाएको भए पनि त्यहाँका पात्र, परिवेश हाम्रो संस्कृतिसँग नमिल्ने र वातावरण डरलाग्दो भएको उल्लेख गर्दै यस्ता प्रश्नहरू गर्छन् । के यो मुलुक आदिम देश हो ? हामी आदिम मान्छे हौ ? (पृ. १४) पारिजातको कथामा विदेशी साहित्यको प्रभाव परेको सङ्केत गर्दै हामी लाखे बनेर नाच्छौ क्युरियो बनेर बेचिन्छौ हाम्रो कुनै इज्जत र गौरव छैन, (पृ. १४) तर हामीले आफ्नो स्वतन्त्रता र अस्तित्वलाई बचाउनु पर्छ । हामी कसैका लाखे होइनौ, अफ्रिकाका आदिम जाति होइनौ भनेर साहित्यमा आफ्नो संकृति र परम्परा झल्कनुपर्ने कुरा यस लेखमा उल्लेख गरिएको छ । उनी पारिजातका कथामा कथाकारकै असन्तुष्टिहरूको चित्रण भएको पनि सङ्केत गर्छन् (पृ. १५) पारिजातलाई कवयित्रीको रूपमा चिन्दै आए पनि 'शिरीषको फूल' उपन्यासले उनलाई उपन्यासकारको रूपमा र 'आदिम देश' ले कथाकारको रूपमा चिनायो भन्ने यात्रीको भनाइ लेखमा प्रस्तुत छ । 'यात्री', पारिजातका कथा कथानकहीन कथा भएको बताउँछन् । यसमा कथाका सामग्री छन् तर कथा छैन उनका 'बीसौ शताब्दी एउटा गल्लीमा', 'सिमेण्टी भित्र एउटा राजवेली', 'सँधै वित्नुपर्ने हामी', 'अनिदो र शून्यता', 'मैले नजन्माएको छोरो' कथामा कथानक नभएको र हास्यस्पद चित्रण भएको यात्री बताउँछन् (पृ. १६) । 'सधै वित्नुपर्ने हामी' कथामा प्रेमको निस्सारता देखाइएको छ । 'बीसौं शताब्दी एउटा गल्लीमा' र सिमण्टीभित्र एउटा राजवेली कथामा अपेक्षाकृत सफल यथार्थ चित्रण भएको उनको दाबी छ (पृ. १७) । पारिजातको 'मैले नजन्माएको छोरो' मा यथार्थ भएकाले कथा मार्मिक छ तर कल्पनाको नग्नता भएकाले हलुका छ (पृ. १७) । उनी पारिजातका कथामा बादलेयर, नित्से आदिको निस्सारतावादको प्रभाव परेको बताउँछन् । शिल्प र संरचनाका दृष्टिले पारिजातको 'तिउरीको फूल र पायरियाको गन्ध' कथा सफल भएको चर्चा गर्दै पारिजातका धेरै जसो कथामा आइमाई स्वभाव रहेको पाइन्छ तर यो त्यसबाट मुक्त छ । यसमा पुरुष पात्रको मनोविश्लेषण सफल रूपमा गरिएको

छ (पृ. १८) । 'सोफिजम मेरो लोग्नेसँग कुराकानी' पारिजातको अस्वस्थ मानसिकताकोा उपज हो (पृ. १८) भन्ने रिमालको दावी छ । कथाकारले सोफिजमको कुनै अर्थ दिन नसकेको र पाठकका अगाडि सोफिस्ट पनि उभ्याउन नसकेको साथै सोफिस्टमा नाम अनुसारको काम नभएको (पृ. १८) कुरा यात्री उल्लेख गर्छन् । त्यस्तै 'निर्माणको मोडेल समयभित्र' केही राम्रो कथा भए पनि कथाकार आफै बोलेकाले पात्रमाथि हस्तक्षेप गरिएको छ । यस कथामा कथाकारले आफ्ना सीमित घेरा या सङ्कुचित परिवेशलाई नाघेर बाहिर आई सामाजिक अवस्थामा चाख राखेको (पृ. २०) छ भनेर यात्री दाबी गर्छन् । पारिजातको 'अनिदो र शून्यता' मार्मिक कथा हो भने 'साइनो : ग्रयानीटको टुक्रासँग' र अप्ठ्यारो र अभ्यस्त मान्छे' अस्वाभाविक र असफल कथा हुन् (पृ. २०) भनेर यात्री यस लेखमा आफ्नो विचार प्रस्तुत गर्छन् ।

यस लेखमा कतै पारिजात र परशु प्रधानको कथाकारितालाई तुलनात्मक रूपमा अध्ययन र मूल्याङ्कन गरिएको छ भने कतै यी दुई कथाकारलाई छुट्टाछुट्टै रूपमा चिनाउने प्रयास गरिएको छ । साथै परशु प्रधान भन्दा पारिजात सफल कथाकार भएको निष्कर्ष निकालिएको छ । पारिजातका केही कथा सफल भए पनि धेरै कथा चाहिँ असफला नै छन् । पारिजातले उपन्यासमा भैं कथामा सफलता पाउन सकेकी छैनन् भन्दै यस लेखमा पारिजातलाई बामे सर्दै गरेकी तर सफलता प्राप्त गर्न नसकेकी कथाकारको रूपमा मूल्याङ्कन गरिएको छ ।

त्यस्तै मन्त्र ३ (२०२६) मा पनि बासु रिमाल 'यात्री' को आलोचनात्मक दृष्टिमा शीर्षकको लेख प्रकाशित भएको पाइन्छ । उक्त लेखमा पनि पारिजातको सन्त्रास कथाका बारेमा चर्चा गरिएको छ ।[२८] यस लेखमा तत्कालीन नेपाली साहित्यमा देखापरेका साहित्यकार र नेपाली साहित्यको चर्चा गर्दै मन्त्र पत्रिकामार्फत नयाँ सोचाइ र विचार आएको उल्लेख गरिएको छ ।

---

[२८] बासु रिमाल 'यात्री', 'आलोचनात्मक दृष्टिमा', **मन्त्र ३,** २०२६, पृ. ७१ ।

विभिन्न साहित्यकारहरूको चर्चा गर्ने क्रममा पारिजातको 'संत्रास' कथाको छोटो व्याख्या यस लेखमा गरिएको छ । यस क्रममा 'सन्त्रास' मा यथार्थता ज्यादै कम छ भनिएको छ । सन्त्रासकी आइमाई साह्रै कमजोर र विकृत छे त्यसैले उसलाई मनका बाघले खान्छ । उसको मानसिक पक्ष मात्र देखाइएको छ तर त्यसको विकृतिको कुनै कारण छैन, उसको यौन विकृति नै सन्त्रासको कारण बन्दछ । कति सजिलो सन्त्रास त्यसैले सन्त्रास प्रभाव शून्य छ (पृ. ७१) भनेर यात्री यस लेखमा विभिन्न घटनाहरूको चर्चा गर्दै पारिजातको सम्बन्धमा पनि संक्षिप्त वर्णन गर्दछन् ।

### ३.२.२० मञ्जुल राल्फा

महत्ताहीन (२०२५) उपन्यासको भूमिका लेखनका क्रममा मञ्जुल राल्फा पारिजातले 'शिरीषको फूल' उपन्यासमा भन्दा पनि 'महत्ताहीन' उपन्यासमा ठूलो सफलता पाएको चर्चा गर्छन् ।[२८] यस क्रममा उनी यसरी आफ्नो विचार प्रस्तुत गर्छन् "एकपल्ट थियो जब कि पारिजात भन्ने बित्तिकै 'शिरीषको फूल' याद आउँथ्यो तर मलाइ विश्वास छ 'महत्ताहीन' पढेपछि खैर 'शिरीषको फूल' बिर्सन नसकिएला तर पारिजात भन्ने बित्तिकै अब 'शिरीषको फूल' होइन 'महत्ताहीन' नै याद आउँछ । पारिजातले 'शिरीषको फूल' लेखेर पाएको सफलताभन्दा म यो सफलतालाई ठूलो सफलता मान्दछु र वास्तवमा हो पनि यही ।"

यस भूमिका लेखमा 'महत्ताहीन' उपन्यासमा पारिजातका नयाँ मूल्य र मान्यता स्थापना भएको चर्चा गरिएको छ । यस लेखमा मञ्जुल पारिजात र उनको महत्ताहीन उपन्यासका सम्बन्धमा यसो भन्छन् "पुराना मूल्य र मान्यताहरू परम्पराहरू जसरी आफै म्यूजियमका वस्तुहरू भएर मरिदिएका छन् या मृत स्केलेटन झैं भएर टाँगिएका छन् सिलिङहरूमा उसरी नै त्यो उपन्यास लेखिका त्यो पारिजात नयाँ मान्यता, नयाँ मूल्य बोध र नयाँ सुरुवात हो । कम भन्दा कम

[२९] पारिजात, **महत्ताहीन** (काठमाडौं : साझा प्रकाशन, २०२५) ।

'महत्ताहीन' पढेपछि यस्तो लाग्छ र यी सब कुराहरू केही पनि नभनेको भए हुन्थ्यो भने झैं लाग्छ ।"

यस लेखमा मञ्जुल पारिजातलाई एउटा युगपुरुष भएको उल्लेख गर्छन् । पारिजातको चर्चा जतातत‌ै हुन थालेको छ जसरी कुनै वस्तुको विज्ञापन हुन्छ । पारिजातको जीवन नै विज्ञप्त छ, जतातत‌ै उनकै चर्चा भइरहेछ भन्दै मञ्जुल भन्छन् ". . . चुरोटको पर्चा, चुनाउको पर्चा र सिनेमाको पर्चासँगै टाँसिएको उसको अनुहार जीवनको पर्चा भन्दा भिन्न केही थिएन तथापि उ विज्ञापन दिइरहेको छैन । मान्न पर्थ्यो, उ विज्ञापन दिइरहेको छैन तर जीवन स्वतः विज्ञप्त छ फुटपाथमा, लट्टामा, सटकमा र अँध्याराहरूमा, हुन सक्छ यो युग सत्य हो । त्यसै बेला शंका लागेको थियो कदाचित् युग-पुरुष पनि उ नै हो . . ."

यसरी 'महत्ताहीन' उपन्यासको भूमिका लेखमा मञ्जुल पारिजातलाई नेपाली साहित्यमा ठूलो सफलता पाएकी नयाँ मूल्य र मान्यता स्थापना गरेर एउटा युग पुरुष नै भएकी भनेर पारिजातको गुणगान गाउने काम गर्दछन् ।

### ३.२.२१ ईश्वर बल्लभ

'ईश्वर बल्लभ र रमेश श्रेष्ठ' शीर्षकको लेखमा पारिजातको छोटो चर्चा गरिएको छ । मन्त्र ४ (२०२६) मा ईश्वर बल्लभ आधुनिक नेपाली कविताको चर्चा गर्दै आधुनिक नेपाली कविताको क्षेत्र फराकिलो हुँदै गइरहेको छ, आफ्नो साँघुरो बाटोलाई फराकिलो बनाउँदैछ भन्ने कुरा उल्लेख गर्छन् । यस क्रममा भूपि शेरचन र मोहोन कोइरालाले कविताको क्षेत्रबाट यसलाई अगाडि बढाए भने पारिजातले कथाको क्षेत्रबाट अगाीड बढाइन् भनेर पारिजातको कथाको गुणगान गाउँछन् । यस सम्बन्धमा उनी पारिजातको बारेमा यसरी चर्चा गर्छन् । "पारिजातका कथाहरू आधुनिक मान्छेका सन्त्रास पीडा र अनिश्चयको स्थितिहरूको कथा हुनतिर गइरहेछन् ।[३०]" यो छोटो लेखमा पनि पारिजातलाई आधुनिक कालकी नेपाली साहित्यकारको रूपमा चिनाउने प्रयास गरिएको छ ।

---

[३०] ईश्वर बल्लभ, 'ईश्वर बल्लभ र रमेश श्रेष्ठ', **मन्त्र ४** २०२६, पृ. ४६ ।

### ३.२.२२ वासुदेव त्रिपाठी

रत्नश्री को वर्ष ७, अङ्क २, २०२६ मा वासुदेव त्रिपाठी साहित्यकार पारिजातको बारेमा चर्चा गर्छन् । यस लेखमा 'रत्नश्री' ले नारी अङ्क प्रकाशित गरेकोमा पत्रिकाका सम्पादक मदनदेव भट्टराईलाई धन्यवाद दिंदै रत्नश्रीको अङ्क १ मा प्रकाशित भएका रचनाहरूको मूल्याङ्कन गरिएको छ । सरिता ढकाल, प्रेम राजेश्वरी, बानीरा गिरी, प्रेमा शाह, पारिजात जस्ता नारी लेखिकाहरूले नेपाली साहित्यलाई फराकिलो बनाएको विचार वासुदेव त्रिपाठी व्यक्त गर्छन् ।[३१] यस लेखमा नयाँ नारी लेखिकाहरू देखापरेको उल्लेख गर्दै नारी प्रतिभाहरू छाँगा झैं छङछङ्गाइरहुन् त्यसले मात्र साहित्य र संस्कृतिको वास्तविक सन्तुष्टिको अनुभव हुन्छ भन्ने अभिव्यक्ति दिइएको छ । यस लेखमा पारिजातको बारेमा यसरी चर्चा गरिएको छ "पारिजातको स्वास्नीमान्छेप्रति केही धारणाहरू' मा विश्वका केही विशिष्ट भनिएका व्यक्तिहरूले स्वास्नीमान्छेका सम्बन्धमा व्यक्त गरेका राम्रा नराम्रा केही धारणाहरू प्रस्तुत छन् । विशेष रूपमा चेग्वेवाराले क्रान्तिकारी सन्दर्भमा देखेको नारी भूमिका यस लेखमा दर्शाइएको छ । नारीको मूल्यलाई औंल्याउने लेखक चिन्तकहरूको दृष्टिकोणले यस 'नारी अङ्क' लाई बढी खँदिलो बनाएको छ" (पृ. ६४) । यस लेखमा विभिन्न नारी लेखिकाहरूको साहित्यिक मूल्याङ्कनको कदर गर्दै पारिजातको साहित्यिक योगदानको पनि सम्मान गरिएको छ ।

यसरी नै नेपाली कविताको सिंहावलोकन (२०२७) मा पनि त्रिपाठी पारिजातको नाम उल्लेख गर्छन् । प्रस्तुत पुस्तकको 'घिमिरेका काव्य प्रवृत्तिका अभाव पक्ष' शीर्षकमा माधव घिमिरे भूपि शेरचन, मोहन कोइराला, वैरागी काइँला, ईश्वर बल्लभ पारिजात आदिको चर्चा गर्दै कवितामा माधव घिमिरेको जस्तो कर्मवादी दृष्टिले, मोहन कोइराला पारिजात आदिका कवितामा नभएको र पारिजात लगायतका कवितामा पश्चिमी कवि बादलेयर, टि. एस. इलियट आदिको प्रभाव

---

[३१] वासुदेव त्रिपाठी, 'रत्नश्रीको नारी अङ्क पढ्दा', **रत्नश्री,** (वर्ष ७, अङ्क २, २०२६), पृ. ६२ ।

रहेको बताउँछन् ।[३२] यही पुस्तकको कवि विजय : केही समालोचनात्मक रेखाङ्कन शीर्षकमा पनि पारिजातको नाम समावेश गरिएको छ । यहाँ लेखनाथ आदि कविमा भन्दा विजय र भूपीका कवितामा नयाँ चिन्तन देखापरेको र मोहन कोइराला, पारिजातको युग पनि भूपि र विजयका कवितामा सल्बलाएको कुरा उल्लेख गरिएको छ । (पृ. २४९) यही पुस्तकको 'कवि भूपीको काव्ययात्रा' र यसका तीन चरण शीर्षकमा पनि पारिजातको नाम समावेश गरिएको छ । यहाँ भूपीलाई उत्तरवर्ती कविको रूपमा चर्चा गर्दै, मोहन कोइराला पारिजात आदिले भूपीको युगलाई अघि बढाएको उल्लेख गरिएको छ (पृ. २७६) । यस्तै सोही पुस्तकको "मोहन कोइराला र उनको मण्डली" शीर्षकमा पनि पारिजातको नाम समावेश गरिएको छ । यहाँ मदन रेग्मीका भन्दा पारिजातका कविता बढी कलात्मक भएको बताइएको छ (पृ. ३०४) ।

त्यस्तै वासुदेव त्रिपाठीले विचरण पुस्तकको 'विजय मल्ल : उपन्यासकारका रूपमा' शीर्षकको लेखमा पारिजातको 'शिरीषको फूल' को प्रसङ्ग उठाएको पाइन्छ ।[३३] उनी 'शिरीषको फूल', 'आज रमिता छ' आदि उपन्यासहरूमा नवीनता प्रवृत्रिहरू विशेष रूपले प्रयुक्त छन् भन्ने बताउँछन् । यस लेखको विभिन्न प्रसङ्गमा त्रिपाठी विजय मल्लको अनुराधासँग पारिजातको शिरीषको फूललाई तुलना गर्छन् । त्रिपाठी पारिजातको 'शिरीषको फूल' लाई बौद्धिकता पूर्वक परम्पराको सन्दर्भमा त्यो नवीन प्रयोग हो जो उत्तरवर्ती उपन्यासकारको लागि प्रिय बन्छ भन्छन् । (पृ. ११९) उनी 'भ्रमर' र 'शिरीषको फूल' को कवितात्मक भाषा अनुराधामा छैन भन्दै (पृ. १२२) 'शिरीषको फूल' को भाषालाई कलात्मक भएको सङ्केत गर्छन् ।

### ३.२.२३ ठाकुरप्रसाद पराजुली

'नेपाली कविताको आधुनिक दिशा र प्रवृत्ति' (२०२७) शीर्षकको ठाकुरप्रसाद पराजुलीको लेख रूपरेखामा प्रकाशित छ । यस लेखमा आधुनिकताको मापन गर्दै लेखनाथ पौड्यालदेखि आधुनिकता आएको चर्चा गरिएको छ । पराजुली भन्छन्-

[३२] वासुदेव त्रिपाठी, **नेपाली कविताको सिंहावलोकन** (काठमाडौं : साझा प्रकाशन, २०२७) पृ. २०३ ।

[३३] वासुदेव त्रिपाठी, **विचरण**, (काठमाडौं : भानु प्रकाशन, २०२८), पृ. ११३ ।

आजको जीवन पद्धति र चिन्तनहरू नै आधुनिकताको मापदण्ड हो ।[घढ] प्राचीन शैलीमा आधुनिक भाव भरेर नेपाली साहित्यलाई लेखनाथले नयाँ दिशा दिएको हुनाले नेपाली साहित्यमा लेखनाथको प्रवेशलाई आधुनिकताको सुरुवात मानिन्छ (पृ. १३) भन्ने विचार पराजुली व्यक्त गर्छन् ।

आधुनिक नेपाली कविहरूको कालक्रमिक चर्चा गर्ने क्रममा पारिजातको पनि यस लेखमा चर्चा गरिएको पाइन्छ । यस लेखमा लेखनाथको कवित्व र परिष्कारवादी काव्यलेखनको चर्चा गर्दै उनका केही कृतिको विश्लेषण गरिएको छ । लेखनाथ पछि क्रमशः बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, केदारमान व्यथित, कृष्णचन्द्रसिंह प्रधान, मोहन कोइराला, कृष्ण भक्त श्रेष्ठ, उपेन्द्र श्रेष्ठ, तुलसी दिवस, भैरव अर्याल, वासुशशी आदिको चर्चा गर्दै यस लेखमा उनीहरूका साहित्यिक विशेषता र कृतिहरूको पनि छोटो चर्चा गरिएको छ ।

पारिजातलाई २०१७ सालपछि र विशेष गरेर आयमेली आन्दोलन पछिको एक अग्र साहित्यकारका रूपमा चिनाइएको छ । पारिजात आफ्ना बौद्धिक चिन्तनलाई परिष्कृत पार्दै कोमल वाणी दिने साहित्यकार हुन भन्ने विचार पराजुलीको छ । पारिजातका अभिव्यक्तिमा आजका कुण्ठित भयभीत र आफ्नो अस्तित्वलाई परम्पराको मूल्यहीन बन्धनमा सौपिएको मानवको विशीर्ण बिम्ब खडा हुन्छ (पृ. २८) भन्ने विचार लेखमा प्रस्तुत छ । जीवन नै शून्य हो र यो हाम्रो जीवन बेवारिस मृत्युको मुचुल्काको रूपमा आएको छ (पृ. २८) भन्ने पारिजातको जीवनप्रतिको दृष्टिकोणलाई पराजुलीले उल्लेख गरेको पाइन्छ । पारिजात युगका उल्टा सुल्टा नियमहरूलाई विवश भएर स्वीकार गर्छिन् अर्थात् विरोधाभाषका उनका स्वीकृतिहरू आफूमा स्वतः पूर्ण छैनन् केवल आफ्ना दृष्टिकोणहरूलाई अनुकूल पारिदिएको मात्र हो भन्ने उनी ठान्छिन् भन्दै पारिजातको भाषा सशक्त,

[३४] ठाकुरप्रसाद पराजुली, 'नेपाली कविताको दिशा र प्रवृत्ति', **रूपरेखा** (वर्ष ११, अङ्क १, पूर्णाङ्क १०९, २०२७), पृ. १३ ।

मीठो र कोमल भैकन पनि वैचारिक गहनतालाई वहन गर्न सक्ने भएको पराजुलीको ठहर छ (पृ. २९) ।

यसरी यस लेखमा आधुनिक नेपाली कविता परम्परामा देखिएका प्रतिनिधि कविहरूको चर्चा गर्ने क्रममा पारिजातको लेखनकला र विशेषताका बारेमा उल्लेख गरिएको छ ।

### ३.२.२४ कृष्ण कोइराला

'कुण्ठा र निराशा हाम्रा साहित्यक अभिव्यक्ति' (२०२७) शीर्षकको लेखमा कृष्ण कोइराला बदलिँदो नेपाली समाजसँगै थपिएका निराशा, कुण्ठा, सन्त्रास आदिलाई नेपाली साहित्यमा साहित्यकारहरूले आत्मसाथ गरेको कुरा बताउँछन् । पाश्चात्य नग्नशैलीले हामीलाई हित नगर्ने उल्लेख गर्दै २०१७ सालपछि सबैभन्दा बढी स्वतन्त्रता लेखकले पाएको यसै अवधिमा हाम्रो काव्य साहित्यले विगत शताब्दीभरको तुलनामा प्रौढ निर्माण यस शताब्दीमा गरेको छ ।[३५] भन्ने विचार लेखमा प्रस्तुत गरिएको छ । यही आधुनिक नेपाली साहित्यको चर्चा गर्ने क्रममा पारिजातको पनि उल्लेख गरेको पाइन्छ ।

कोइराला पारिजातको निस्सारतावादी शून्यवादी दृष्टिकोणलाई अहितकर ठान्छन् । न पारिजातको मृत्युन्मुखी पलायनशील प्रस्तुतीकरणले हामीलाई अभिभूत पार्न सक्छ न त मदन रेग्मीको कृत्रिम विभत्सतागत संयोजनाले । आजको माग पलायन होइन बरु निराशाजनक परिवेशहरूलाई नाघी नयाँ प्रजनन गर्नु वा त्यस्ता निराशाजनक परिप्रेक्ष्यलाई विजित गर्न दिशा औंल्याउनु चाहिँ हो (पृ. २२) । भन्ने विचार प्रस्तुत भएको छ । कोइराला यस लेखमा भन्छन् मलाई लाग्छ, पारिजात, रेग्मी, कृष्णभक्त, द्वारिका श्रेष्ठ र परशु प्रधानको सम्पूर्ण शून्यभन्दा भूपी, वैरागी, भट्ट दिवश र खरेलहरूको आशावादीताले धेरै दिन सक्छ (पृ. २७) ।

---

[३५] कृष्ण कोइराला, 'कुण्ठा र निराशा हाम्रा साहित्यिक अभिव्यक्ति', **मधुपर्क,** (वर्ष ३, अङ्क ३, २०२६), पृ. २० ।

यस लेखमा विशेष गरेर नेपाली साहित्यमा देखिएको निस्सारतावादी, शून्यवादीविचार धारका पारिजात लगायत अरू साहित्यकारका साहित्यिक दृष्टि हितकर छैनन् अब नयाँ हितकारी विचारको गर्भ धारणा हुनुपर्छ भन्ने विचार व्यक्त गरिएको छ ।

### ३.२.२५ पुष्कर 'पथिक'

त्रिफला (२०२८)ले हरेक अङ्कमा सम्बन्धित विषयको अन्तर्वार्ता लिने क्रममा यस लेखमा ताना शर्मा, पारिजात वाशु शशी र प्रेमा शाहसँग लिएको अन्तर्वार्तालाई प्रस्तुत गरिएको छ ।[३६]

त्रिफलाको प्रेम के हो ? कस्तो अनुभव गरिरहनु भएको छ ? भन्ने प्रश्नमा पारिजात प्रेम प्रवृत्ति हो, यसमा विभिन्न अनुभव हुन्छ भन्ने विचार व्यक्त गर्छिन् प्रेम प्राकृतिक हो कि कृत्रिम ? प्रेम जानेर गरिन्छ कि अञ्जानमा ? भन्ने प्रश्नमा प्रेम प्राकृतिक हो यो जानेर गरिन्छ भन्ने विचार प्रस्तुत गर्छिन् । बाध्यताको व्यावहारिक आधारमा र खुला रूपमा कुन चाहिँ वास्तविक प्रेम हो भन्ने प्रश्नमा पारिजात बाध्यताको व्यवहारिक आधारमा गरिएको प्रेम नै वास्तविक प्रेम ठान्छिन् । त्रिफलाको के प्रेमको अन्तिम पाइलो यौन तृप्ति हो ? भन्ने प्रश्नमा पारिजात एकै शब्दमा होइन भन्ने विचार व्यक्त गर्छिन् (पृ. १२२) । 'प्रेमको विकृत रूप घृणा हो' विश्वास गर्नुहुन्छ ? विश्वास गर्नुहुन्छ भने प्रेम गर्न नै छाडिदिन सक्नु हुन्छ ? भन्ने प्रश्नमा पारिजात प्रेमको विकृत रूप घृणा नभएको बताउँछिन् 'प्रेम त मरिसक्यो' भन्छन् नि ? भन्ने प्रश्नमा भन्छन् तर मैले थाहा पाएकी छैन भनेर पारिजात उत्तर दिन्छिन् (पृ. १२४) । के प्रेम पनि स्वार्थी हुन्छ भन्ने प्रश्नमा पारिजात हुन्छ भनेर उत्तर दिन्छिन् । भौतिक प्रेम र आध्यात्मिक प्रेमको आत्मिक सन्तुलन आजको युगमा सम्भव छ भन्ने प्रश्नको उत्तर दिँदै पारिजात म भौतिक प्रेम मात्र जान्दछु भनेर उत्तर दिन्छिन् । प्रेमबाट आत्मा, सन्तुष्टि लिन सफल हुनु भएको छ भन्ने प्रश्न गर्दा पारिजात छैन भनेर उत्तर दिन्छिन् ।

---

[३६] पुष्कर 'पथिक' **त्रिफला** प्रेम विशेषाङ्क २०२८ जेठ ।

यस अन्तर्वार्तामा पारिजातले अरू साहित्यकार भन्दा छोटो पाराले प्रेम सम्बन्धी उत्तर दिएकी छन् । उनी प्रेमलाई एउटा साधनको रूपमा मान्ने प्रेम नगरी पनि बाँच्न सकिने विचार प्रस्तुत गर्छिन् । यस अन्तर्वार्ताका क्रममा पारिजातले दिएको उत्तरबाट उनको प्रेम सम्बन्धी दृष्टिकोणलाई बुझ्न सजिलो भएको छ ।

### ३.२.२६ इन्द्रबहादुर राई

रूपरेखामा प्रकाशित भएको इन्द्रबहादुर राईद्वारा लिखित 'अस्तित्ववादी तीन नेपाली उपन्यासकारहरू' (२०२९) शीर्षकको लेखमा अस्तित्ववाद र विसङ्गतिवाद सम्बन्धी चर्चा गर्दै पारिजात, विश्वेश्वरप्रसाद कोइराला र असीत राईको अध्ययन गरिएको छ । राई यहाँ 'व्यक्तिको सम्बन्ध समाजसँग थियो नेपाली उपन्यासमा 'शिरीषको फूल' मा त्यो सम्बन्ध वैश्विक अव्यवस्थासँग गाँसिन पुग्छ, समाज मात्र होइन, यहाँ मानिसको जीवन नै अव्यवस्थित हुन्छ कारण अव्यवस्था सृष्टिबाटै विश्वमा छ । व्यापक यस अव्यवस्थाका आकाश र अन्तरिक्ष मनि मानवीय कार्यशीलताको आधार खोज्नु छ ।"[३७] भनेर 'शिरीषको फूल' उपन्यासमा नेपाली समाजको मात्र नभएर विश्वमा देखिएका मानव जीवनका अव्यवस्था र निस्सारता प्रस्तुत गरिएको बताउँछन् ।

यस लेखमा राई 'शिरीषको फूल' उपन्यासको अन्तिम वाक्यलाई उदाहरणको रूपमा लिंदै शून्यवाद (भविता) को व्याख्या गर्छन् । अनीश्वरवादी अस्तित्ववाद त्यसबाट वैश्विक अव्यवस्थावाद लिएर पारिजात सबै मूल्य र भावनाहरू निस्सार निरर्थक, निराधार र शून्य देखाउँछिन् (पृ. ५) भनेर 'शिरीषको फूल' मा अस्तित्ववादी, निस्सारतावादी चिन्तन प्रस्तुत भएको उल्लेख गर्छन् ।

सुयोगवीर र सकमबरीमा प्रेमको विसङ्गति (शून्यता)लाई नै कथाको माध्यम बनाइएको, बौद्धिकताको प्रयोगले विसङ्गत र शून्य ठम्याइएका छन् भन्ने विचार यस लेखमा प्रस्तुत गरिएको छ । इन्द्रबहादुर राई उपन्यासको व्याख्या गर्ने क्रममा

---

[३७] इन्द्रबहादुर राई, 'अस्तित्ववादी तीन नेपाली उपन्यासकार', **रूपरेखा** (वर्ष १३, अङ्क २, पूर्णाङ्क १३४, २०२९), पृ. ५ ।

भन्छन्- सुयोगवीर विश्वयुद्धमा भाग लिएर जापानी सेनासँग लड्न वर्मा पुगेको सिपाही हो उसले लडाइमा एक जना पनि मान्छे मार्न सकेन तर यौनका कारणले तीनवटी आइमाईहरू मारिसकेको छ । उसको चरित्र सुयोग होइन कुयोग भन्नु पर्ने खालको छ । "उसले आफ्नो नाउँमा व्यङ्ग्य र जीवनमा विसङ्गत थापेर हिडेको छ" (पृ. ६) । भन्दै राई सुयोगवीर विसङ्गत चरित्र भएको बताउँछन् । उनी सुयोगवीर र सकमबरीको प्रेम प्रसङ्गको चर्चा गर्दै त्यस प्रेम भित्र पनि निस्सारता रहेको उल्लेख गर्छन् । "सकमबरी युद्ध भोगेर होइन, भनुँ समयको मानसिक र नैतिक तनाउले शून्यकी द्रष्टा भएकी छ" (पृ. ६) । यस उपन्यासमा मृत्यु प्रेम चुम्बन सबै विसङ्गत भएको उल्लेख गर्दै भन्छन् "यै प्रेम प्रणय-एक चुम्बन र मृत्यु उत्तिकै विसङ्गति खोल्दछ सकमबरी तर्फ किन र कसरी बरी मरी ? (पृ. ६) उसले मर्नु अघि मृत्युको सम्मुखीनता र विसङ्गति बोधले उसमा उकासिएका बौद्धिक मुक्ति क्षणहरू बाँची बरीको मत्यु आस्तित्विक स्वातन्त्यले वरण गरिएको रूपमा एउटा सफा मनको सन्तुष्टि थियो (पृ. ७) । बरी जीवन छँदा पनि जीवनको कुनै अर्थ देख्दिनथिइ । त्यसैले उसको मृत्यु मनको सन्तुष्टि नै थियो भनेर राई आफ्नो विचार प्रस्तुत गर्छन् ।

यस लेखमा राई सुयोगवीरको पनि चित्रण गर्ने प्रयास गर्छन् । सकमबरीको मृत्युपछि सुयोगवीर भन्छ यस जीवनको पछि एउटा महाशून्य छ, अब केही पनि चिताउन्न सब निरर्थक छन् जस्ता सुयोगवीरका भनाइले उसमा पनि निस्सारतावादी दृष्टिकोण रहेको छ भन्ने राईको विचार छ । यी सुयोगवीरका भनाइलाई राई सार्त्र, किर्केगार्ड जस्ता अस्तित्ववादी विसङ्गतिवादी विचारकहरूका प्रसङ्गसँग जोडेर उल्लेख गर्छन् ।

यस लेखमा 'शिरीषको फूल' प्रकाशन भएको तीन वर्षपछि महत्ताहीन उपन्यास प्रकाशन भएको र महत्ताहीनमा पनि अस्तित्ववादी विचार प्रस्तुत भएको कुरा उल्लेख गरिएको छ । यस छोटो लेखमा पारिजात र उनको 'शिरीषको फूल'

उपन्यासलाई चिनाउने प्रयास गारिएको छ । साथै 'शिरीषको फूल' निस्सारतावादी शून्यवादी उपन्यास भएको सङ्केत पनि गरिएको छ ।

यसरी नै मधुपर्क (२०२९) को 'विसङ्गति, त्यसपछि शून्य सकमबरीको मृत्युमा' शीर्षकको लेखमा पनि पारिजातका बारेमा चर्चा गरिएको छ ।[३८] यस लेखमा राई मानिसको जीवनचक्र नै विसङ्गत छ त्यसैले ऊ शून्यबोध गर्दै मृत्युको मुखमा पुग्छ भन्ने कुरा व्यक्त गर्छन् । प्रेम महानतातिर उक्लन मात्र सुयोगवीरको प्रचेष्टालाई विसङ्गतिले ढुकेको छ - व्यवस्थाहीन विश्वसँगको मानिसको सम्बन्धबाट जागेको मानिस वैधका उच्चाभिलाषाको अभियान व्यर्थता र मानव आकाङ्क्षाको निरर्थकताको विसङ्गति (पृ. ४) भनेर राई विसङ्गत जीवन र मानिसको आकाङ्क्षाका बारेमा चर्चा गर्छन् । उनी 'शिरीषको फूल' लाई चिनाउने क्रममा 'शिरीषको फूलमा एक भ्रमर चुम्वनको पर्व छ अनि सकमबरीको मृत्यु छ' (पृ. ४) भन्छन् ।

यस लेखमा शंकर लामिछानेले लेखेको 'शिरीषको फूल'को भूमिकाको प्रसङ्ग उल्लेख गर्दै पारिजातको 'शिरीषको फूल' को सम्बन्ध हेनरी जेम्सको 'द पोट्रेट अफ ए लेडी' म्यालर्मेको हेरोडाइडी जस्ता कृतिसँग रहेको सङ्केत गरिएको छ (पृ. ४) । यहाँ उपन्यासको प्रेम प्रसङ्ग, सुयोगवीर र सकमबरीको कथा र सकमबरीले भनेका निस्सारतावादी दृष्टिकोणलाई पनि उल्लेख गरिएको छ । "म आफ्नो नियन्त्रणमा थिइन स्थिति छुट्याउन सक्ने सामर्थ्य ममा थिएन, म सर्वाङ्ग कामिरहेको थिएँ । आवेशमा आएर मैले उसको सेतो गर्धन अँठ्याएर उसको कमलो ओठमा म्वाइँ खाइदिएँ र आत्मतृप्तिको अनुभव गर्नै नपाइ मलाइ मोहले छोड्यो" (पृ. ५) बरीको मृत्यु सुयोगवीरले लक्ष्य बैरोध्यका रूपमा देखेको छ : "हामी एक अर्कामा स्पष्ट हुन सकेनौ र कहिल्यै सक्तैनौ पनि' यस विसङ्गतिलाई ऊ तिरस्कारले हेर्दैन तर भन्छ 'यस जीवनको पछि एउटा महाशून्य छ (पृ. ७) । जस्ता सुयोगवीरले उपन्यासमा

---

[३८] इन्द्रबहादुर राई, 'विसङ्गति, त्यसपछि शून्य सकमबरीको मृत्युमा', **मधुपर्क,** (वर्ष ५, अङ्क १, २०२९), पृ. ४ ।

भनेका कुरालाई उल्लेख गर्दै राई 'शिरीषको फूल उपन्यासमा जीवनको विसङ्गत पक्ष रहेको उल्लेख गर्छन् ।'

राई प्रस्तुत लेखमा सकमबरीका भनाइको पनि चर्चा गर्छन् । ईश्वर नभन्नुहोस् ईश्वरत्व भन्नुहोस् जस्ता सकमबरीका भनाइमा शून्यवादी दृष्टिरहेको उल्लेख गर्छन् । अन्त्यमा, पारिजात तिनै शून्यवादी मध्येकी एक हुन् । मानिसमा माया र भावनाको हत्या भइसकेपछि मानिस बाँच्छ र मानिस एक मेशिनभन्दा बढी केही होइन हामी साररहीन जीवन बिताइरहेका छौं । यसो भनौ प्रत्येक मेरा भावनाहरू अब सबै अर्थहीन भैसकेका छन् शून्यको यो अबमा सन्तुष्टिको एउटा परिधि खिच्न सकेको छु सुयोगवीरदेखि हामीलाई विश्वास छ यो मुक्ति मूल्यको आलोचनाले टुङ्दिैन (पृ. ८) । जस्ता भनाइले पारिजात स्वयं शून्यवादी लेखिका भएकी हुनाले उनका उपन्यासका पात्रहरू पनि शून्यवादी र निस्सारतावादी भएका हुन भन्ने निष्कर्ष यस लेखमा रहेको छ ।

### ३.२.२७ डी.पी. अधिकारी

'नेपाली उपन्यास र जनजीवन' (२०२९) शीर्षकको लेखमा डी.पी. अधिकारी नेपाली उपन्यास र त्यस भित्रको नेपाली जनजीवनको चर्चा गर्छन् ।[३९] उनी उपन्यासमा समाजको व्यापक अध्ययन गरिने हुनाले पाठक उपन्यासप्रति आकर्षित भएको बताउँछन् । नेपाली समाजलाई ध्यान दिएर लेखिएका उपन्यासहरू थोरै मात्र भएका र त्यसरी नेपाली जनजीवनलाई प्राथमिकता दिएर लेखिएका उपन्यासमा पनि स्थिरता नदेखिएको विचार अधिकारीको रहेको छ (पृ. ३५) ।

यस लेखमा नेपालीमा देखापरेका विभिन्न उपन्यासहरूको चर्चा गर्ने क्रममा पारिजातको 'बैंसको मान्छे' उपन्यासको छोटो चर्चा गरिएको छ । डी.पी. अधिकारी 'बैंसको मान्छे' उपन्यासलाई टी.आर. विश्वकर्माले नेपाली लोकजीवनको एउटा सशक्त उपन्यास भनेकोमा यस भनाइको खण्डन गर्छन् । विश्वकर्माले राम्ररी

---

[३९] डी.पी. अधिकारी, 'नेपाली उपन्यास र जनजीवन', **सकसक** (पूर्णाङ्क ६, २०२९), पृ. ३५ ।

उपन्यास नै नपढी हतारिएर उपन्यासको समीक्षा गरेको अधिकारी उल्लेख गर्छन् । उनी उपन्यासका पात्र विद्यार्थी र पियन दुवै क्रान्तिकारी हुन र उनीहरूले नेपाली मध्यम वर्गीय जनजीवनको प्रतिनिधित्व गरेका छन् भनी आफ्नो विचार प्रस्तुत गर्छन् । उपन्यासमा पियन जस्तो निम्नवर्गको पात्रको संघर्षमय जीवनलाई समेट्न नसकिएको र विद्यार्थीको बयान बढी मात्रामा गरिएको अधिकारी उल्लेख गर्छन् (पृ. ३७) । उपन्यासमा विद्यार्थीको एकोहोरो बयानबाट नयाँ नयाँ घटनाहरू थपिन आउँछन् । उपन्यासका अन्य पात्र लाटी श्यामो र हवल्दार अप्रासंगिक तरिकाले विलिन हुन्छन् (पृ. ३७) उपन्यासमा विद्यार्थी को हो ? भन्ने स्पष्ट हुन सकेको छैन । ऊ आवारा पनि होइन, यति जागरुक व्यक्ति आवारा बन्न सक्दैन । समाजमा रहेको बाध्यात्मक परिस्थितिलाई विद्यार्थीको व्यवहारले प्रष्ट्याउन सक्दैन । विद्यार्थी कुनै कामको खोजीमा हिडेको देखिदैन । आमाले ड्राइभरी सिक्ने कुरा गर्दा ऊ आफ्नो योग्यता मुताविकको पेशा गर्ने कुरा गर्छ ड्राइभरी पेशालाई घृणा गर्छ । यस्तो पात्रको बयानलाई महत्व दिएकाले उपन्यास नेपाली निम्न मध्यम वर्गीय जीवनको आजको कठोरता र बाध्यताको व्यापक स्वरूपलाई हेर्न असमर्थ छ (पृ. ३७) भन्ने अधिकारीको ठहर छ । उपन्यासको विद्यार्थी पात्र समाजभित्रको कुनै पनि चरित्र होइन खाली उपन्यासभित्रको कथानकको वर्णन गर्न राखिएको कोही पात्र मात्र हो (पृ. ३७) भन्ने विचार अधिकारी व्यक्त गर्छन् । चरित्रहरूको व्यापक अध्ययनको अभावमा विना छाला र मासुको जीवनलाई जबर्जजस्ती उभ्याए जस्तो लाग्छ (पृ. ३७) भन्ने कुरा यस लेखमा उल्लेख गरिएको छ । यस लेखमा 'बैंसको मान्छे' उपन्याससँग जगदीश शमशेरको 'लीलाम' उपन्यासको तुलना गर्दै चरित्रको आधारमा 'बैंसको मान्छे' भन्दा 'लीलाम' सफल उपन्यास भएको तर लीलामले 'बैंसको मान्छे' समान सन्देश लिएर हिड्न नसकेको कुरा उल्लेख गरिएको छ ।

यस छोटो लेखमा पारिजातको कृतित्वको अध्ययन र मूल्याङ्कन गरिएको छ । यहाँ 'बैंसको मान्छे' उपन्यासलाई सामान्य उपन्यासका रूपमा बर्णन गरिएको छ ।

### ३.२.२८ एक पाठक

'राल्फाको प्रगतिशीलता के ?' (२०२९) राल्फा पूर्वाग्रहको रहस्यतामा !!!' शीर्षकमा एक पाठकले लेखेको लेखमा राल्फा आन्दोलन र पारिजातको बारेमा चर्चा गरिएको छ । राल्फा आन्दोलनलाई हिजोसम्म विकृतिपूर्ण मष्तिष्कको परिचय मानिन्थ्यो कातरता र पलायनको उपज मानिन्थ्यो तर केही समय यता राल्फाले प्रगतिवादी हुँ भनेर घोषणा गरिसकेको छ ।[४०] भनेर यस लेखमा पारिजातलाई राल्फा आन्दोलनसँग जोडेर अध्ययन गरिएको छ । राल्फाको केही कमजोरी रहेको बताउँदै कमजोरी सुधारेर अगाडि बढ्दा राम्रो हुने सुझाव प्रस्तुत लेखमा उल्लेख गरिएको छ । यसै परिप्रेक्ष्यमा राल्फा जमातका अन्य सदस्य झैं पारिजात अब मार्क्सवाद तर्फ फर्कने प्रयासमा छिन (पृ. १९) भनी लेखक उल्लेख गर्छन् । "उनका केही अस्पष्टता द्वैधता रहस्यमयता छोडेर भन्ने हो भने पारिजात पूरा प्रगतिवादी नभए पनि अप्रगतिवादी छैनन्" (पृ. १९) भन्ने लेखकको ठहर छ ।

एक पाठकका नामबाट लेखिएको यस लेखमा पारिजातको संक्षिप्त वर्णन गर्ने काम भएको छ । यस लेखमा पारिजात राल्फा आन्दोलनसँगै प्रगतिवादतिर ढल्किएको सङ्केत गरिएको छ ।

### ३.२.२९ खिलबहादुर भावुक

'पारिजातको विवादास्पद व्यक्तित्व' (२०२९) शीर्षकको लेखमा खिलबहादुर भावुक पारिजातको आलोचनात्मक लेखको उल्लेख गर्दै उनको 'शिरीषको फूल' बारे चर्चा गर्छन् । भावुक, 'नरेन्द्र दाइ' उपन्यासको आलोचना गर्दा पारिजातले लेखक बढी छिल्लिएको पाएँ भनेको कुरालाई पनि यस लेखमा उल्लेख गर्छन् । पारिजातको बारेमा चर्चा गर्ने क्रममा भावुक भन्छन् "पारिजात जे हुन, जे सुकै गरुन के वास्ता ? भन्न चाहिँ म सक्तिन । म त भन्छु पारिजातको मूल्याङ्कन गर्ने स्थिति आइसकेको छ । पारिजातको साहित्य पढ्नु छ, र पारिजातलाई हेर्ने दृष्टिकोण प्रगतिवादीले निश्चित गर्नुपरेको छ"[४१] (पृ. १३) ।

---

[४०] एक पाठक, 'राल्फाको प्रगतिशीलता के ?', **नौलो नेपाली,** (वर्ष ३, अङ्क ८, २०२९), पृ. १८ ।

* *लेखकको आग्रह बमोजिम नाम नछापिदिएको कुरा सम्पादकले लेखको अन्त्यमा जानकारी दिएका छन् ।*

[४१] खिलबहादुर 'भावुक' 'पारिजातको विवादास्पद व्यक्तित्व', **नौलो नेपाली** (वर्ष ४, अङ्क १, २०२९), पृ. १३ ।

भावुक पारिजातले साहित्यलाई रहस्यमय र बौद्धिक बनाउन चाहेको उल्लेख गर्छन् । यस लेखमा पारिजातको साहित्यिक बाटो स्पष्ट नभएको आलोचकहरूले पारिजातको बारेमा धेरै लेखेपनि प्रगतिवादी साहित्यकार र लेखकहरूले उनको बारेमा केही चर्चा नगरेको कुरा उल्लेख गरिएको छ । 'भावुक' कुमार नेपालले पारिजातको बारेमा चर्चा गरेको कुरा उल्लेख गर्दै भन्छन्, 'शिरीषको फूल' सँगै पारिजात हलक्क आइन्, उनलाई मध्यम वर्गीय प्रवृत्ति लोलुपता नरकङ्कालहरूले खुब उचाले त्यतिबेला जतिबेला उनी उचाल्न योग्य थिइन" (पृ. १४) । पारिजातले आफ्नो साहित्यिक बाटो स्पष्ट बनाउन नसकेका कारणले यसरी अरूले उचाल्ने र पछार्ने गरेको उनी बताउँछन् । उनी पारिजातको साहित्यिक र राजनीतिक धार स्पष्ट नभएको उल्लेख गर्दै प्रश्न गर्छन् । "साहित्य र राजनीतिक अभिन्न अङ्ग हुन भने तपाइँ राजनीतिमा आस्थावान हुनुहुन्छ ?" (पृ. १४) उनी पारिजातका साहित्यिक रचनाहरू राम्रा भए पनि माथि उठ्न नसकेको पनि चर्चा गर्छन् । लेखको अन्त्यमा उनी पारिजातको साहित्यिक बाटो स्पष्ट र फराकिलो होस् भनि शुभकामना व्यक्त गर्छन् । यस छोटो पत्रात्मका लेखमा पारिजातको साहित्यिक र राजनीतिक बाटो स्पष्ट नभएको कुरा उल्लेख गरिएको छ ।

### ३.२.३० खेम कोइराला 'बन्धु'

२०२८ साल चैत्र ६ गतेको गोरखापत्रमा पारिजात सहित १५ जना साहित्यकारहरूबाट लिएको अन्तर्वार्ता प्रकाशित भएको थियो । त्यही अन्तर्वार्ताका आधारा खेम कोइराला 'बन्धु' ले 'वर्तमान नेपाली साहित्य : केही सन्दर्भ केही चर्चा' (२०३०) शीर्षकमा प्रस्तुत लेख लेखेको उल्लेख गरिएको छ ।[४२]

यस लेखमा विश्व साहित्यसँग नेपाली साहित्यको तुलना गर्दै नेपाली साहित्यको वर्तमान अवस्था विकासको क्रममा रहेको उल्लेख गरिएको छ (पृ. ९) । विभिन्न बाधाहरू हुँदाहुँदै पनि नेपाली साहित्यले प्रगति गरिरहेको कोइरालाको ठहर छ । नेपाली कवितवाको विकास परम्पराको चर्चा गर्दै उनी देवकोटा वाङ्देल, कोइराला आदिबाट आधुनिकता आएको बताउँछन् । आधुनिक काललाई विभिन्न

---

[४२] खेम कोइराला, 'वर्तमान नेपाली साहित्य : केही सन्दर्भ केही चर्चा', **नौलो नेपाली** (वर्ष ४, अङ्क २-३, २०३०), पृ. ९ ।

चरणमा विभाजन गर्दा तेस्रो समूहमा पारिजात इन्द्रबहादुर राई, शङ्कर लामिछाने आदिको नाम लिन सकिन्छ (पृ. १०) । भनेर यस लेखमा पारिजातलाई आधुनिक नेपाली साहित्यको तेस्रो समूहमा पर्ने लेखिका भनेर पारिजातको नाम उल्लेख गरिएको छ ।

यसैगरी नौलो नेपाली पत्रिकाको पारिजातसँग लिएको अन्तर्वार्ता यही पत्रिकाको वर्ष ४, अङ्क २-३ (२०३०) मा प्रकाशित छ अन्तर्वार्ताको क्रममा खेम कोइरालाले पारिजातको छोटो परिचय दिएको पाइन्छ ।[४३]

यस लेखमा कोइराला पारिजातको संक्षिप्त परिचय दिन्छन् । जस अनुसार पारिजातको जन्म १९९३ सालमा दार्जिलिङको चिया बगानमा भएको हो । उनको प्रारम्भिक जीवन दार्जिलिङमा वितेको, उनको खास नाम विष्णुकुमारी वाइवा भए पनि पारिजात नामबाट चिनिएकी छन् । पारिजातले बी.ए. सम्मको शिक्षा लिएकी छन् । साहित्यको क्षेत्रमा हेर्दा उनका आकांक्षा कवितासंग्रह, 'आदिम देश' कथासंग्रहका साथै 'शिरीषको फूल', 'महत्ताहीन', 'बैंसको मान्छे' उपन्यासहरू प्रकाशन भएका छन् । उनले २०२२ सालमा 'शिरीषको फूल' उपन्यासका लागि मदन पुरस्कार प्राप्त गरिन् । उनका केही कथा र कविताहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशन भएका छन् भनेर पारिजातको परिचय दिने काम गरिएको छ (पृ. ५) साथै पारिजातसँग लिएको अन्तर्वार्ता पनि उल्लेख गरिएको छ ।

### ३.३ निष्कर्ष

पारिजातका बारेमा झण्डै ३० जना अध्येताले उनका व्यक्तित्व, कृतित्व र जीवनदर्शनका विषयमा चर्चा गरेका छन् । पारिजातको कविताकृति र उपन्यास कृतिका बारेमा नै विशेष चर्चा भएको पाइन्छ ।

---

[४३] खेम कोइराला, 'बन्धु', 'साहित्यिक मान्यता विवाद र खण्डन', **नौलो नेपाली,** (वर्ष ४, अङ्क २-३, २०३०), पृ. ५ ।

## चौथो परिच्छेद

# पारिजातको अध्ययनपरम्पराको मूल्याङ्कन

### ४.१ पारिजातको अध्ययन परम्परामा उनको जीवनीको अध्ययन

पारिजातको जीवनी सम्बन्धी अध्ययनको आरम्भ ‘आकांक्षा’ (२०१४) कवितासंग्रहको भूमिकाबाट साङ्केतिक रूपमा भए पनि जन्ममिति, जन्मस्थान आदिको किटान गरेर अध्ययनको सुरुवात भने २०२२ सालबाट मात्र भएको पाइन्छ । जन्मस्थान जन्ममिति तोकेर पारिजातको जीवनीको अध्ययन गर्ने पहिला व्यक्ति माधव ओम श्रेष्ठ हुन् । उनी पारिजात ! एक अभिव्यक्ति एक : स्वर शीर्षकको लेखमा पारिजातको जीवनी सम्बन्धी अध्ययन गर्छन् ।[१]

यस लेखमा श्रेष्ठ पारिजातको जीवनी सम्बन्धमा यसरी चर्चा गर्छन् । पारिजातको जन्म १९९३ सालमा दार्जिलिङ लिंगिया टी स्टेटको एक मध्यम वर्गीय नेपाली परिवारमा भयो । सानैदेखि अनौठो स्वभाव भएकी पारिजातलाई बाबु आमा अर्कै बनाउन चाहन्थे । तर उनी पढ्नमा भन्दा मनोरञ्जन गर्नमा रुचि राख्थिन् । पारिजात सानै छँदा आमाको मृत्यु भएकाले उनको पालन पोषण बाबुले गरेका थिए । यसै क्रममा परिवारको एक मात्र छोराको पोखरीमा डुबेर मृत्यु भएपछि उनका बाबु विरक्ति भएर २००९ सालमा दार्जिलिङ छोडि नेपाल आए । पारिजात पनि बाबुसँगै काठमाडौं आइन र पारिजातले पद्मकन्या कलेजबाट बी.ए. को परीक्षा उत्तीर्ण गरिन् ।[२] श्रेष्ठ पारिजातको शारीरिक अवस्थाबारे चर्चा गर्दै भन्छन् १४, १५ वर्षको उमेरदेखि नै हाडका केही जोर्नीहरू दुख्ने रोगले ग्रसित पारिजात दुईवर्षदेखि यता यसै रोगबाट पीडित छिन् ।[३]

---

१ माधवओम श्रेष्ठ, पूर्ववत्, पृ. ७४-८२ ।

२ ऐजन ।

३ ऐजन, पृ. ८१ ।

यसरी नै कमल दीक्षित 'पारिजातको परिचय' शीर्षकको लेखमा पारिजातको जन्म १९९४ सालमा दार्जिलिङमा भएको उनको मूलघर चैनपुर हो, उनी सानै छँदा आमाको मृत्यु भएकाले बुवाको पालन पोषणमा हुर्किएकी हुन् । उनले १५ वर्ष नपुग्दै गीता र बौद्ध दर्शनका पुस्तकहरू पढिसकेकी थिइन् । उनी २०११ सालमा बाबुसँगै काठमाडौं आएकी र बी.ए. सम्मको शिक्षा लिएकी हुन भनेर उल्लेख गर्छन् ।[४]

उत्तम कुँवर, स्रष्टा र साहित्य नामक पुस्तकमा १९९३ सालमा दार्जिलिङको चिया बगानमा जन्मिएकी पारिजातको वाल्यकाल प्रवासमा वितेको थियो । उनले काठमाडौं आएपछि बी.ए. सम्मको अध्ययन पूरा गरिन् । उनी केही समयसम्म पाटनको मदन मेमोरियल गर्ल्स हाइस्कुलमा शिक्षिका पनि भइन भनेर पारिजातको जीवनी सम्बन्धी चर्चा गर्छन् ।[५]

ताना शर्मा नेपाली साहित्यको इतिहास (२०२७) मा पारिजातको जन्म १९९४ सालमा दार्जिलिङको लिंगिया चियाबारीमा भएको र काठमाडौंको पद्मकन्या कलेजबाट बी.ए. पास गरेको बताउँछन् । यसै क्रममा उनी भन्छन् पारिजात बौद्ध दर्शन र शून्यवादबाट प्रभावित थिइन् । उनको घरको नाम विष्णुकुमारी वाइवा भए पनि पारिजात नामले चर्चित भएकी हुन् । केही वर्ष शिक्षण पेशामा संलग्न भएकी पारिजात शरीर कुँजिने रोगले पीडित भइन् ।[६]

ईश्वर बराल, पारिजातको जन्म १९९३ सालमा दार्जिलिङको लिंगिया चियावगनमा भएको, आमाको मातृस्नेहबाट वञ्चित पारिजातको पालनपोषण बाबुबाट भएको थियो । परिवारमा एक मात्र छोराको पोखरीमा डुबेर मृत्यु भएपछि उनका बाबु विरक्ति भएर २००९ सालमा काठमाडौं आए । पारिजात पनि बाबुसँगै काठमाडौं आइन् । उनले काठमाडौंबाट वी.ए. को परीक्षा उत्तीर्ण गरिन् । सुखद

[४] क.दी., पूर्ववत्, पृ. ६८-६९ ।

[५] उत्तम कुँवर, पूर्ववत्, पृ. ३३१-३३३ ।

[६] ताना शर्मा, पूर्ववत्, पृ. २१९ ।

भविष्यको कल्पना गर्ने पारिजात पक्षघातले थला परिन भनेर पारिजातको जीवनीको बारेमा चर्चा गर्छन् ।[७]

खेम कोइराला 'बन्धु' पारिजातको जन्म १९९३ सालमा दार्जिलिङको चियावगानमा भएको थियो । उनको प्रारम्भिक जीवन दार्जिलिङमा वितेको थियो । पारिवारिक नाम विष्णुकुमारी वाइवा भए पनि पारिजात नामले चर्चित भएकी पारिजातले काठमाडौंको पद्मकन्या कलेजबाट बी.ए. सम्मको परीक्षा उत्तीर्ण गरिन् । उनका 'आकांक्षा' कवितासंग्रह 'आदिमदेश' कथासङ्ग्रह र 'शिरीषको फूल', 'महत्ताहीन', 'बैंसको मान्छे' उपन्यास प्रकाशित छन् । उनले २०२२ सालको मदन पुरस्कार पनि प्राप्त गरिन् भनेर बताउँछन् ।[८]

पारिजातको जीवनी सम्बन्धी अध्ययनको सर्वेक्षण गर्दा पारिजातको जन्ममिति र काठमाडौं आगमनको सम्बन्धमा विद्वान्हरूबीचमा फरक फरक मत रहेको देखिन्छ । माधव ओम श्रेष्ठ, उत्तम कुँवर, ईश्वर बराल, खेम कोइराला जस्ता विद्वान्हरूले पारिजातको जन्म १९९३ सालमा भएको उल्लेख गरेका छन् भने कमल दीक्षित र तारानाथ शर्मा पारिजातको जन्म १९९४ सालमा भएको उल्लेख गर्छन् । त्यस्तै पारिजातको काठमाडौं आगमनको सम्बन्धमा माधव ओम श्रेष्ठ उत्तम कुँवर, ईश्वर बराल जस्ता विद्वान्हरू २००९ साल उल्लेख गर्छन् भने कमल दीक्षित २०११ साल उल्लेख गर्छन् । यस बाहेक पारिजातको जन्मस्थान, शिक्षा, रोग, नाम आदिका सम्बन्धमा भने सबैको एउटै मत रहेको देखिन्छ ।

### ४.२ पारिजातको अध्ययनपरम्परामा उनको विविध व्यक्तित्वको अध्ययन

पारिजातको व्यक्तित्वको अध्ययन गर्ने परम्पराको सुरुवात खालिङबाट भएको देखिन्छ । उनी 'आकांक्षा' (२०१४) कवितासङ्ग्रहको भूमिका लेख्ने क्रममा पारिजातलाई कवि व्यक्तित्वका रूपमा चिनाउँछन् ।[९] यस क्रममा उनी भन्छन्

---

[७] ईश्वर बराल, पूर्ववत्, पृ. २-९३ ।

[८] खेम कोइराला 'बन्धु', पूर्ववत्, पृ. २० ।

[९] पारिजात, **आकांक्षा,** पूर्ववत् ।

“सुश्री पारिजातका कविता पढेर पाठक पाठिकाले धेरै आक्षेप लाउलान भन्ने निश्चय गर्दछु, कलिलो भाषा त्यसमा पनि अनेपाली शब्दको उपस्थिति तथा व्याकरण र रचनादोष विशेष यिनमा सबैको नजर पुग्ला तर यी चूक क्षम्य नै छन् ।[10]

धनुषचन्द्र गौतम ‘नयाँ मूल्यको खोज र आधुनिक नेपाली कविता’ भन्ने लेखमा पारिजातलाई नयाँ कवि व्यक्तित्वका रूपमा चिनाउँछन् ।[11]

मुकुट पत्रिकाका सम्पादक पुरुषोत्तम बस्नेत, पारिजातलाई गद्य कवितामा राम्रो ठाउँ बनाएकी प्रेमलाई आधुनिक मनोविज्ञानको हेराइले आकर्षण र कारुणिक बनाउने साथै प्रेमलाई साहित्यमा स्थान दिने कवि व्यक्तित्वका रूपमा चिनाउँछन् । साथै पारिजातका कथाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित छन् भनेर पारिजातलाई कथाकार व्यक्तित्वका रूपमा चिनाउने प्रयास पनि गर्दछन् ।[12]

चूडामणि बन्धु, ‘साझा कविता’ (२०२४) मा पारिजातले २०१४ सालदेखि कविता लेख्न थालेर ‘आकांक्षा’ कवितासंग्रह प्रकाशित गरे पनि २०१७ सालपछि मात्र उनका साहित्यिक रचनामा सुगन्ध आउन थालेको बताउँछन् । साथै उनी पारिजातका कवितामा एउटै स्वर एउटै चित्कार भएको उल्लेख गर्छन् ।[13]

ईश्वर बल्लभ, पारिजातका कवितामा आधुनिक मान्छेको सन्त्रास, पीडा प्रस्तुत भएको उल्लेख गर्छन् । उनी पारिजातका कवितामा आधुनिकता भएको पनि उल्लेख गर्छन् ।[14]

वासुदेव त्रिपाठीको कविताको सिंहावलोकन (२०२७) पुस्तकमा पनि पारिजातको कवि व्यक्तित्वका सम्बन्धमा सामान्य टिपोट गरिएको छ । त्यस्तै

---

[१०] ऐजन, पृ. ६ ।

[११] धनुषचन्द्र गौतम, पूर्ववत्, पृ. १७-४६ ।

[१२] पुरुषोत्तम बस्नेत, पूर्ववत्, पृ. ६८-६९ ।

[१३] चूडामणि बन्धु, **साझा कविता,** पूर्ववत्, पृ. २१ ।

[१४] ईश्वर बल्लभ, पूर्ववत्, पृ. ३८-४९ ।

त्रिपाठीको 'विचरण' (२०२८) मा पारिजात कथाकार, उपन्यासकार भएको सङ्केत गरिएको छ ।[१५]

ठाकुरप्रसाद पराजुली नेपाली साहित्यमा देखापरेका कविहरूको चर्चा गर्दै पारिजातलाई कवि व्यक्तित्वका रूपमा चिनाउने प्रयास गर्छन् । यस क्रममा उनी भन्छन् "पारिजात बौद्धिक चिन्तनहरूलाई परिष्कृत पार्ने, कोमल वाणी दिने कवयित्री हुन्"[१६] भनेर पारिजात बौद्धिक कवि भएको सङ्केत गर्छन् ।

खेम कोइराला बन्धु पारिजातलाई आधुनिक साहित्यकारका रूपमा मूल्याङ्कन गर्दै भन्छन् "नेपाली साहित्यको तेस्रो समूहमा पारिजात, इन्द्रबहादुर राई, शङ्कर लामिछाने आदिको नाम लिन सकिन्छ ।"[१७]

यसरी पारिजातको अध्ययनका सम्बन्धमा विभिन्न विद्वान्हरूले उनको विविध व्यक्तित्वका बारेमा चर्चा गरेको पाइन्छ । उनलाई विशेष गरेर कवि, कथाकार र उपन्यासकार व्यक्तित्वका रूपमा चिनाउने प्रयास गरेको देखिन्छ । यी विभिन्न व्यक्तित्वहरूमध्ये पनि धेरै जसो विद्वान्हरूले पारिजातको कवि व्यक्तित्वका बारेमा बढी चर्चा गरेको पाइन्छ ।

## ४.३ पारिजातको अध्ययनपरम्परामा उनको कृतित्वको अध्ययन

पारिजातका पुस्तकाकार कृतिको प्रकाशनसँगै उनको कृतित्वको मूयाङ्कन गर्ने परम्परा सुरु भएको देखिन्छ । उनका कृतित्वको मूल्याङ्कन गर्ने पहिला व्यक्ति खालिङ हुन् । खालिङ 'आकांक्षा' कवितासङ्ग्रहको भूमिका लेख्ने क्रममा पारिजातका कवितामा अनुभव र वेदनाको भारी भएकाले पारिजातका कविता मीठा भएको बताउँछन्। ।[१८] साथै कतिपय ठाउँमा कमजोरी रहेको सङ्केत गर्दै भन्छन् । "एकाध ठाउँमा व्यक्तिकरणका अपूर्णताले अलिनु पनि पाइन्छ" त्यस्तै उनी 'आकांक्षा' ले

---

१५ वासुदेव त्रिपाठी, **विचरण** पूर्ववत् ।

१६ ठाकुरप्रसाद पराजुली, पूर्ववत्, पृ. २८ ।

१७ खेम कोइराला 'बन्धु', पूर्ववत्, पृ. १० ।

१८ पारिजात, पूर्ववत्, पृ. ७ ।

मलाइ जस्तै अरूलाई पनि आनन्द देला, अझ साहित्य सेविकालाई त उत्साह देला भन्ने कुरा यस भूमिकामा उल्लेख गर्छन् । यसबाट पारिजातका कविता कृतिको मूल्याङ्कन भएको मान्न सकिन्छ ।

शङ्कर लामिछाने 'शिरीषको फूल' (२०२२) उपन्यासको भूमिकामा 'शिरीषको फूल' उपन्यासको प्रकाशनले नेपाली उपन्यास परम्परालाई विश्व साहित्यको क्यालेण्डरमा १९६६ मा पुऱ्याएको चर्चा गर्छन् । उनी शिरीषको फूल उपन्यासलाई जापानी उपन्यास 'द सेटिङ सन' सँग तुलना गर्दै, 'शिरीषको फूल' उपन्यास प्रकाशन भएकाले द सेटिङ सनलाई अनुवाद गर्नु नपरेको उल्लेख गर्छन् । उनी 'शिरीषको फूल' नेपालीमा लेखिएको उत्कृष्ट उपन्यास भएको बताउँछन् ।[१९]

कमल दीक्षित पारिजातको 'शिरीषको फूल' २०२२ सालको मदनपुरस्कार प्राप्त गर्न सफल र नेपाली साहित्यमा क्रान्ति ल्याउने उपन्यास भएको उल्लेख गर्छन् ।[२०]

कृष्णचन्द्रसिंह प्रधान, 'शिरीषको फूल' उपन्यासको व्याख्या गर्दै 'पल्लो घरको झ्याल', 'खैरेनीघाट' जस्ता उपन्यासले सुरु गरेको नेपाली उपन्यासको नयाँ मोडलाई शिरीषको फूल उपन्यासले गहकिलो रूप दिएको, शिरीषको फूलमा जीवनको खोज, निस्सारता र विकृति उल्लेख गरिएको छ भन्ने कुरा व्यक्त गर्छन् ।[२१] यस लेखलाई पनि शिरीषको फूलको चर्चा गरिएको महत्वपूर्ण लेख मान्न सकिन्छ ।

प्रदीप गिरी, 'शिरीषको फूल' उपन्यासको चर्चा गर्ने क्रममा यो उपन्यास शङ्कर लामिछानेले भने जस्तो विश्व साहित्यमा गनिने उपन्यास होइन । लामिछानेले भनेजस्तो शून्यवादी दृष्टिकोण पनि यस उपन्यासमा छैन यो त नेपालीमा लेखिएको सामान्य, उपन्यास मात्र हो भन्ने कुरा उल्लेख गर्छन् ।[२२] उनी

---

[१९] पारिजात, 'शिरीषको फूल' पूर्ववत् ।

[२०] कमल दीक्षित पूर्ववत्, पृ. ६८ ।

[२१] कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ. ११ ।

[२२] प्रदीप गिरी, पूर्ववत्, पृ. ४१-५१ ।

शिरीषको फूल कुनै नयाँ मूल्य र मान्यता नभएको एउटा सामान्य उपन्यास हो भनेर यस उपन्यासको मूल्याङ्कन गर्छन् ।

उत्तम कुँवर, स्रष्टा र साहित्य (२०२३) नामक पुस्तकमा पारिजातको 'शिरीषका फूल' मदन पुरस्कार प्राप्त उपन्यास सबैभन्दा विवादास्पद उपन्यास हो । यस उपन्यासमा जीवनका निराशा कुण्ठा आदिको प्रस्तुतिकरण गरिएको छ र यो उपन्यास पारिजातको सबैभन्दा चर्चित र लोकप्रिय उपन्यास हो भनेर शिरीषको फूल उपन्यासको उच्च मूल्याङ्कन गर्छन् । यसै क्रममा उनी पारिजातका 'महत्ताहीन' र 'बैंसको मान्छे' उपन्यासका बारेमा पनि चर्चा गर्छन् ।[२३]

ताना शर्मा पारिजातको एक कोठा एक उद्देश्य र एक इन्टलेक्चुअल नारी शीर्षकको कविताको विश्लेषण गर्दै यस कवितामा अङ्ग्रेजी शब्दको अत्यधिक प्रयोग भएको उल्लेख गर्छन् । साथै शर्मा 'नेपाली साहित्यको इतिहास' (२०२७) पुस्तकमा पनि पारिजातको 'शिरीषको फूल' उपन्यासको बारेमा चर्चा गर्छन् । उनी 'शिरीषको फूल' उपन्यास कामुको निस्सारतावादबाट प्रभावित भएको बताउँछन् साथै उनी महत्ताहीन उपन्यासमा पारिजातको आफ्नै शारीरिक र मानसिक अनुभूतिलाई प्रस्तुत गरेको उल्लेख पनि गर्दछन् ।[२४]

गोविन्द भट्ट पारिजातको 'शिरीषको फूल' को व्याख्या गर्दै शिरीषको फूल सुन्दर शैलीमा लेखिएको उपन्यास भएर पनि खोक्रो भएको चर्चा गर्छन् । उनी शिरीषको फूल कागजको फूल जस्तो भएको उल्लेख गर्छन् ।[२५] उनी 'शिरीषको फूल' शङ्कर लामिछानेले भनेजस्तो धेरै गतिलो कृति नभएको भनी यसको मूल्याङ्कन गर्छन् ।

[२३] उत्तम कुँवर, **स्रष्टा र साहित्य,** पूर्ववत्, पृ. ३३२ ।

[२४] ताना शर्मा, पूर्ववत् ।

[२५] गोविन्द भट्ट, पूर्ववत्, पृ. १२३-१३२ ।

श्रीमती रोहिणी शाह, पारिजातको कृति 'शिरीषको फूल' उपन्यासको विश्लेषण गर्दै यो रचना उत्कृष्ट भएको हुनाले नै २०२२ सालको मदन पुरस्कार प्राप्त गर्न सफल भएको हो भनेर शिरीषको फूलको उच्च मूल्याङ्कन गर्छिन् ।[२६]

ईश्वर बराल, झ्यालबाट (२०२५) पुस्तकमा पारिजातको 'मैले नजन्माएको छोरो' कथाको चर्चा गर्छन् ।[२७] साथै उनी मधुपर्क वर्ष ३, अङ्क ११, २०२७ मा पनि पारिजातको 'आदिम देश' कथासंग्रहमा सङ्कलित कथाहरूको विश्लेषण गर्छन् उनी पारिजातलाई आफ्नै जीवनदर्शनलाई समेटेर साहित्य सिर्जना गर्ने कथाकारको रूपमा मूल्याङ्कन गर्छन् ।

वासु रिमाल 'यात्री', पारिजातको 'आदिम देश' कथा संग्रहमा सङ्कलित कथाहरूको विश्लेषण गर्दै यो उत्कृष्ट कथा नभएर सामान्य पढ्न लायकको पुस्तक मात्र भएको बताउँछन् ।[२८] उनी मधुपर्क १:८ (२०२५) मा एउटा लेख लेखेर पारिजातका 'शिरीषको फूल' उपन्यास र आदिम देश कथाका बारेमा चर्चा गर्छन् । यस बाहेक उनी मन्त्र ३ (२०२६) मा पनि पारिजातको 'सन्त्रास' कथाको चर्चा गर्छन् । उनी पारिजातका कथाहरू त्यति उत्कृष्ट नभए पनि 'शिरीषको फूल' उपन्यास चाहिँ सुगन्धमय र उत्कृष्ट भएको निष्कर्ष निकाली पारिजातको मूल्याङ्कन गर्छन् ।

वासुदेव त्रिपाठी, पारिजातको स्वास्नीमान्छे प्रति केही धारणाहरू शीर्षकको लेखबारे चर्चा गर्छन् ।[२९] उनी यो लेखबारे विश्वका विभिन्न व्यक्तिहरूले आफ्नो विचार राखेको उल्लेख गर्दै पारिजातको यो लेख निकै राम्रो भएको सङ्केत गरेर पारिजातलाइ राम्री लेखिकाको रूपमा मूल्याङ्कन गर्छन् ।

---

[२६] श्रीमती रोहिणी शाह, पूर्ववत्, पृ. २२ ।

[२७] ईश्वर बराल, पूर्ववत् ।

[२८] वासु रिमाल 'यात्री', पूर्ववत्, पृ. १३-२५ ।

[२९] वासुदेव त्रिपाठी, 'रत्नश्रीको नारी अङ्क पढ्दा', पूर्ववत्, पृ. ६२ ।

डी.पीं अधिकारी पारिजातको 'बैंसको मान्छे' उपन्यासलाई अन्य विभिन्न उपन्यासहरूसँग तुलना गर्दै यो उपन्यास क्रान्तिकारी र नेपाली उपन्यास परम्परामा उत्कृष्ट उपन्यास हो भनी पारिजातको मूल्याङ्कन गर्छन् ।[३०]

पारिजातको अध्ययन परम्पराको सर्वेक्षण गर्दा, पारिजातको जीवनी, व्यक्तित्व र कृतित्व तीनै पक्षमा अध्ययन भएको पाइन्छ । उनको व्यक्तित्वको पाटोको भन्दा कृतित्वको पाटोमा बढी अध्ययन गरिएको पनि भेटिन्छ । उनको पहिलो कवितासंग्रह 'आकांक्षा' (२०१४) को प्रकाशनसँगै पारिजातका कृतित्वका बारेमा टिप्पणी र मूल्याङ्कन गर्न थालिएको र त्यसपछि उनका 'शिरीषको फूल' (२०२२), 'महत्ताहीन' (२०२५), 'बैंसको मान्छे' (२०२९) उपन्यासहरू र 'आदिम देश' (२०२५) कथासंग्रहका बारेमा चर्चा गरिएको पाइन्छ । उनको मदनपुरस्कार प्राप्त कृति 'शिरीषको फूल' (२०२२) उपन्यास प्रकाशित भएपछि यस कृतिका बारेमा अत्यधिक धेरै टिप्पणी र मूल्याङ्कन गरिएको पाइन्छ साथै पारिजातका सबै कृतिहरूका बारेमा चर्चा गरिए पनि यो 'शिरीषको फूल' उपन्यासका बारेमा सबैभन्दा बढी अध्ययन भएको पनि भेटिन्छ । शङ्कर लामिछाने, ताना शर्मा, उत्तम कुँवर, कृष्णचन्द्रसिंह प्रधान, कमल दीक्षित, शक्ति लम्साला, श्रीमती रोहिणी शाह, वासु रिमाल, यात्री आदिले, शिरीषको फूल उपन्यास नेपाली साहित्यमा नयाँ मूल्य र मान्यता लिएर आएको उत्कृष्ट कृति भएको बताएका छन् भने, प्रदीप गिरी, गोविन्द भट्ट आदिले 'शिरीषको फूल' लाई सामान्य कृतिका रूपमा मूल्याङ्कन गरेका छन् । जे जसरी मूल्याङ्कन भए पनि पारिजातको शिरीषको फूललाई अस्तित्ववादी, विसङ्गतिवादी दृष्टिकोणलाई प्रस्तुत गर्दै लेखिएको एक उत्कृष्ट उपन्यासका रूपमा मान्न सकिन्छ ।

### ४.४ पारिजातको अध्ययनपरम्परामा विविध अध्ययन

पारिजातको अध्ययन परम्परामा उनको जीवनी, व्यक्तित्व र कृतित्व बाहेक अन्य विविध पक्षमा पनि अध्ययन भएको पाइन्छ । पारिजातको साहित्यिक आन्दोलन

---

[३०] डी.पी. अधिकारी, पूर्ववत्, पृ. ६२-६५ ।

'राल्फा आन्दोलन' को पाटो पनि महत्वपूर्ण रहेको छ । विभिन्न लेखहरूमा पारिजातले राल्फा आन्दोलनको नेतृत्व गर्दै नेपालका विभिन्न ठाउँहरू घुमेको उल्लेख पाइन्छ ।[घञ] यसका साथै उनीसँग लिएका विभिन्न अन्तर्वार्ताहरूमा उनको प्रेम र यौन सम्बन्धी धारणा, उनका रुचिका विषयहरू आदिका बारेमा पनि अध्ययन गरिएको पाइन्छ । पारिजातका बारेमा विविध पक्षमा भएका अध्ययनहरूलाई यसरी प्रस्तुत गर्न सकिन्छ ।

शक्ति लम्साल, पारिजातसँग अन्तर्वार्ता लिंदै पारिजातलाई मनपर्ने कुराहरू, पारिजातको जीवन दर्शन साहित्य लेखन आदिबारे छलफल गर्छन् ।[घद]

श्रीमती रोहिणी शाह, 'पारिजात र मदन पुरस्कार' शीर्षकको लेखमा पारिजातको रोग, मदन पुरस्कारको औचित्य आदिका बारेमा उल्लेख गरेर पारिजातको उच्च मूल्याङ्कन गर्छिन् ।[घघ]

मन्त्र ४ (२०२६) मा प्रकाशित ईश्वर बल्लभको लेखमा पारिजातको राजनीति सम्बन्धी धारणा, यौन सम्बन्धी धारण उनको दर्शन आदि विषयमा चर्चा गरिएको छ ।[घढ] यस लेखमा पारिजातको कम्युनिस्ट राजनीतिप्रति झुकाव रहेको, साहित्यमा यौनलाई समावेश गर्न सकिने धारणा पारिजातमा रहेको उल्लेख गरिएको छ ।

पारिजातको 'एउटा राल्फा अर्को राल्फाको डायरीमा' नामको लेखमा यो कल्पनामय संसारमा मानिसको जीवन निस्सार रहेको भन्ने जस्तो पारिजातका विचारहरू समेटिएका छन् ।[घछ] यस लेखबाट उनी राल्फा आन्दोलनमा खुलेर लागेको, राल्फाको नेतृत्व गर्दै २०२६ सालमा नेपालका नारायणगढ हेटौडा पोखरा आदि

---

[३१] पारिजात 'एउटा राल्फा अर्को राल्फाको डायरीमा', **रूपरेखा,** (वर्ष १०, अङ्क ५, पूर्णाङ्क १०१, असोज, २०२६), पृ. ६-८ ।

[३२] शक्ति लम्साल, पूर्ववत् ।

[३३] श्रीमती रोहिणी शाह पूर्ववत् ।

[३४] ईश्वर बल्लभ, पूर्ववत् ।

[३५] पारिजात, पूर्ववत् ।

ठाउँहरूमा घुम्न गएको आदि कुरा थाहा पाउन सकिन्छ । त्यस्तै 'पारिजातको डायरीका पाताहरूबाट' नामको लेखमा पनि पारिजातको राल्फा आन्दोलनप्रतिको धारणा राल्फा आन्दोलनका सम्बन्धमा उनको भ्रमण आदिका बारेमा उल्लेख गरिएको पाइन्छ ।

सम्पादक पुष्कर 'पथिक' को त्रिफलाको प्रेम विशषाङ्कमा प्रकाशित पारिजात, ताना शर्मा, वासु शशी, प्रेमा शाह आदि सँग लिएको अन्तर्वार्ता लेखमा प्रेम सम्बन्धी विषयमा चर्चा गरिएको छ ।[घट] यस लेखमा सम्पादकको तर्फबाट प्रश्न गर्ने र पारिजात लगायतका अन्य लेखक तथा साहित्यकारहरूले उत्तर दिने गरिएको छ । यस अन्तर्वार्ता लेखले पारिजातको प्रेम सम्बन्धी धारणाबारे बुझ्न सहयोग पुऱ्याएको छ ।

एक पाठकद्वारा लिखित राल्फापूर्वको प्रगतिशीलता के ? 'राल्फा' पूर्वाग्रहको रहस्यतामा !!! शीर्षकको लेखमा पारिजात र उनले नेतृत्व गरेको राल्फा आन्दोलनका बारेमा उल्लेख गरिएको छ ।[घठ] यस लेखमा राल्फा आन्दोलन एक महत्वपूर्ण आन्दोलन हो र यसको नेतृत्व पारिजातले गरेकी छन् । भन्ने कुरा उल्लेख गरिएको छ । यस सम्बन्धमा एक पाठक भन्छन् "हिजोसम्म राल्फा विकृतिपूर्ण मस्तिष्कको परिचय मानिन्थ्यो, यसलाई कातरता पलायनको उपज भनिन्थ्यो र त्यो शून्य महलमा आकाश बनाउने रूपमा परिचित थियो ।[घड] यस लेखमा राल्फा आन्दोलनसँगै पारिजात कम्युनिस्ट सिद्धान्तप्रति झुकाउ राख्न थालेको उल्लेख पनि गरिएको छ । राल्फा जमातका अन्य सदस्य झैं पारिजात अब मार्क्सवादतर्फ फर्कने प्रयासमा छिन ।[घढ] यस छोटो लेखमा गरिएको पारिजातको साहित्य र राजनीति सम्बन्धी धारणाले पारिजातको मूल्याङ्कन गर्न सहयोग पुऱ्याएको छ ।

---

[३६] पुष्कर पथिक, पूर्ववत्, पृ. १२१-१३३ ।

[३७] एक पाठक, पूर्ववत्, पृ. १८-२० ।

[३८] ऐजन, पृ. १८ ।

[३९] ऐजन, पृ. १९ ।

खेम कोइराला 'बन्धु' द्वारा लिखित एक लेखमा पनि पारिजातको प्रगतिवादी चिन्तन, राल्फा सम्बन्धी धारणालाई प्रस्तुत गरिएको छ ।[४०] यस लेखले पनि पारिजातको अध्ययन र मूल्याङ्कनमा सहयोग पुऱ्याएको छ ।

## ४.५ निष्कर्ष

कविता विधाबाट साहित्य यात्रा सुरु गर्ने पारिजातको अध्ययनको सुरुवात उनको पहिलो कवितासङ्ग्रह 'आकांक्षा' (२०१४) को प्रकाशन भएपछि भएको देखिन्छ । यसरी पारिजातको अध्ययन गर्ने पहिला व्यक्ति 'आकांक्षा' कवितासङ्ग्रहका भूमिका लेखक खालिङ हुन् । उनी यस कवितासङ्ग्रहको भूमिका लेख्ने क्रममा पारिजातका कवितामा केही भाषागत र व्याकरणगत त्रुटि देखिन्छन् तर त्यस्ता त्रुटिहरू भविष्यमा हटेर जाने कुरा उल्लेख गर्छन् । यसपछि अन्य विभिन्न समालोचकहरूले पनि पारिजातका कविताहरूको अध्ययन विश्लषण र मूल्याङ्कन गरेको पाइन्छ । पारिजातको पहिलो उपन्यास 'शिरीषको फूल' प्रकाशन भई उक्त उपन्यासले मदनपुरस्कार प्राप्त गरेपछि पारिजात निकै चर्चामा आइन्। यस उपन्यासका भूमिका लेखक शङ्कर लामिछानेले 'शिरीषको फूल' उपन्यासलाई विश्व साहित्यमा तुलना हुने उत्कृष्ट उपन्यास भनेपछि त्यसको पक्ष र विपक्षमा धेरै लेखक तथा समालोचकहरू देखापरे त्यस पछि पारिजातको विविध व्यक्तित्वका बारेमा टीकाटिप्पणीहरू गर्न सुरु भएको पाइन्छ । कतिपय समालोचकहरू पारिजातको जीवनी र व्यक्तित्वको अध्ययनमा केन्द्रित भए भने कतिपय कृतित्वको मूल्याङ्कनमा केन्द्रित भए ।

पारिजातको जीवनी र व्यक्तित्वलाई महत्व दिएर अध्ययन गर्ने प्रमुख व्यक्तिहरू माधव ओम श्रेष्ठ, कमल दीक्षित, उत्तम कुँवर, ताना शर्मा, ईश्वर बराल आदि हुन् । पारिजातको जीवनीलाई महत्व दिएर अध्ययन गर्ने व्यक्तित्वमध्ये माधव ओम श्रेष्ठ, उत्तम कुँवर, ईश्वर बराल, खेम कोइराला आदि समालोचकहरूले

[४०] खेम कोइराला, पूर्ववत्, पृ. ५ ।

पारिजातको जन्म १९९३ सालमा भएको उल्लेख गरेका छन् भने कमल दीक्षित, ताना शर्मा जस्ता समालोचकहरूले १९९४ साल भएको उल्लेख गरेका छन् । यो विषय अहिले सम्म पनि विवादकै विषय बनेको छ ।

पारिजातको अध्ययन गर्ने क्रममा कतिपय समालोचकहरू पारिजातका कवि, कथाकार, उपन्यासकार आदि व्यक्तित्वहरूको अध्ययनमा केन्द्रित रहेको पनि देखिन्छ । यसरी व्यक्तित्वको पाटोलाई महत्व दिएर पारिजातको अध्ययन गर्ने समालोचकहरू हुन् खालिङ धनुषचन्द्र गौतम पुरुषोत्तम बस्नेत, हरिहरराज जोशी, माधवओम श्रेष्ठ, चूडामणि बन्धु, ईश्वर बल्लभ, वासुदेव त्रिपाठी, ठाकुरप्रसाद पराजुली, खेम कोइराला 'बन्धु आदि । उनीहरू मध्ये कसैले कवि पारिजात, कसैले कथाकार पारिजात र कसैले उपन्यासकार पारिजातको रूपमा उनको मूल्याङ्कन गरेको पाइन्छ ।

साहित्यकार पारिजातको अर्को महत्वपूर्ण पाटो भनेको कृतित्वको पाटो हो । कतिपय लेखक तथा समालोचकहरूले पारिजातका कुनै खास एउटा कृतिमा आवद्ध भएर उनको अध्ययन र मूल्याङ्कन गरेको पाइन्छ । उनको पहिलो कविता कृति 'आकांक्षा' (२०१४) कथासंग्रह 'आदिम देश' (२०२५), र उपन्यासहरू 'शिरीषको फूल' (२०२२), 'महत्ताहीन' (२०२५) र 'बैंसको मान्छे' (२०२९) कृतिहरू नै त्यस कालका अध्ययनका विषय थिए । २०१४ देखि २०३० सालासम्मको समयावधिमा पारिजातका यी प्रकाशित कृतिहरू मध्ये सबैभन्दा बढी 'शिरीषको फूल' उपन्यास र 'आदिम देश' कथासंग्रहका बारेमा अध्ययन भएको देखिन्छ । यसरी पारिजातका कृतिहलाई महत्व दिएर पारिजातको अध्ययन गर्ने समालोचकहरू खालिङ, शङ्कर लामिछाने, कमल दीक्षित कृष्णचन्द्रसिंह प्रधान, प्रदीप गिरी, उत्तम कुँवर, ताना शर्मा, गोविन्द भट्ट, शक्ति लम्साल, ईश्वर बराल, बासु रिमाल 'यात्री', श्रीमती रोहिणी शाह, वासुदेव त्रिपाठी, डी.पी. अधिकारी, इन्द्रबहादुर राई, आदि हुन् । यी मध्ये शङ्कर लामिछाने, प्रदीप गिरी, गोविन्द भट्ट, इन्द्रबहादुर राई आदिले 'शिरीषको फूल' उपन्यासलाई महत्व दिएर अध्ययन गरेको देखिन्छ ।

पारिजातको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गर्ने क्रममा उनका अन्य विविध पक्षको पनि अध्ययन भएको पाइन्छ । पारिराजातसँग लिएका विभिन्न अन्तर्वार्ता, पारिजातका व्यक्तिगत फाइल आदिबाट पनि पारिजातका ।विभिन्न पक्षका बारेमा अध्ययन गरिएको देखिन्छ । उनीसँग लिएका अन्तर्वार्ताबाट उनको साहित्य सम्बन्धी  दर्शन र सिद्धान्त, प्रेम र यौन सम्बन्धी उनको धारणा आदिका बारेमा उल्लेख गरिएको छ । त्यस्तै पारिजातको जीवनसँग जोडिएको राल्फा आन्दोलन पनि उनका बारेमा गरिने महत्वपूर्ण अध्ययनको विषय हो । २०२५/२६ सालतिर पारिजात यस आन्दोलनको नेतृत्व गर्दै नेपालका नारायणगढ, भैरहवा, पोखरा आदि ठाउँहरूको भ्रमण गर्दै हिँडेको कुरा उनका व्यक्तिगत फाइलबाट थाहा हुन्छ । यसरी पारिजातको विविध पक्षमा चर्चा गर्ने व्यक्तिहरू हुन् शक्ति लम्साल, श्रीमती रोहिणी शाह, ईश्वर बल्लभ, पुष्कर पथिक, खेम कोइराला आदि ।

निष्कर्षमा भन्नुपर्दा पारिजातको अध्ययन यिनै विभिन्न पक्षहरूमा भएको देखिन्छ । उनको अध्ययनको महत्वपूर्ण व्यक्तित्वको पक्ष भने साहित्यिक व्यक्तित्व नै हो ।

## पाँचौ परिच्छेद

# उपसंहार

यस शोधकार्यमा नेपाली साहित्यकी चर्चित लेखिका पारिजातका बारेमा गरिएका अध्ययनको सर्वेक्षण र मूल्याङ्कन गरिएको छ । आरम्भदेखि २०३० सालसम्म पारिजातका बारेमा गरिएका अध्ययनको सर्वेक्षण गर्नु यस शोधकार्यको विषय बनेको छ । यस शोधकार्यको पहिलो परिच्छेद शोधपरिचय रहेको छ । दोस्रो परिच्छेदमा पारिजातको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा चर्चा गरिएको छ । यस शोधकार्यको तेस्रो परिच्छेदमा आरम्भदेखि २०३० सालसम्म पारिजातका बारेमा गरिएका अध्ययनको सूक्ष्म रूपमा अध्ययन गरी तिनीहरूको सर्वेक्षण गरिएको छ । २०१४ सालदेखि वर्तमान अवस्थासम्म पारिजातका बारेमा निरन्तर रूपमा अध्ययन हुँदै आएका छन् । तर यस शोधपत्रमा २०३० सालसम्म भएका अध्ययनलाई मात्र समावेश गरिएको छ । एकै चोटिमा समग्र अध्ययनपरम्पराको टिपोट गर्नुभन्दा चरण विभाजन गरेर थोरै अवधिमा भएका कार्यको सूक्ष्म विश्लेषण गर्नु बढी महत्वपूर्ण हुने हुनाले यस शोधकार्यमा पनि २०३० सालसम्मको अध्ययन परम्परालाई समावेश गरिएको हो । यस शोधकार्यको चौथो परिच्छेदमा पारिजातका अध्ययन परम्पराको मूल्याङ्कन रहेको छ । जहाँ २०३० सालसम्म पारिजात सम्बन्धी केकसरी र कुनकुन पक्षमा अध्ययन भयो त्यसको मूल्याङ्कन गरिएको छ र पाँचौ परिच्छेदमा शोध निष्कर्ष रहेको छ ।

१९९० सालमा दार्जिलिङको लिँगिया चियाकमानमा जन्मिएकी पारिजातको नेपाली साहित्यमा महत्वपूर्ण भूमिका रहेको छ । सानै उमेरमा मातृस्नेहबाट बञ्चित पारिजातको पालन पोषण उनका बाबु डा. के.एस. वाइवाबाट भएको थियो । पारिजातको शारीरिक र साहित्यिक व्यक्तित्वलाई छुट्टाछुट्टै रूपमा हेर्दा साहित्यिक व्यक्तित्व जति सबल र सक्षम देखिन्छ शारीरिक व्यक्तित्व त्यति सबल देखिंदैन ।

उनलाई सानैदेखि अनेक रोगले सताउने गरेको र पछि त बाथ रोगले थला नै पारेको थियो ।

पारिजातका जीवनमा सानैदेखि अनेक प्रकारका घटनाहरू घटेको देखिन्छ । उनका परिवारमा आमाको मृत्यु भएपछि परिवारका अन्य सदस्यहरूको पनि क्रमशः मृत्यु हुन थाल्यो जसले गर्दा पारिजातका बाबु विरक्ति हुन थाले । अझ परिवारको एकमात्र छोराको पोखरीमा डुबेर मृत्यु भए पछि त उनी साह्रै विरक्ति भएर दार्जिलिङ नै छोड्ने विचार गरे फलस्वरूप उनी २०११ सालमा बाँचेका आफ्ना दुई छोरी पारिजात र सुकन्यालाई लिएर काठमाडौँ आए । दार्जिलिङबाट नै शिक्षा आरम्भ गरेकी पारिजातले काठमाडौं आएपछि पनि शिक्षालाई निरन्तरता दिएको देखिन्छ । उनले काठमाडौंबाट नै एस.एल.सी. पास गरिन् । त्यसपछि पछि पद्मकन्या कलेजबाट आइ.ए. र बी.ए. उत्तीर्ण गरिन् । पारिजातले एम.ए. पनि पढ्न सुरु गरेको तर त्यसलाई पूरा गर्न भने नसकेको बुझिन्छ ।

वाल्यकालदेखि नै साहित्य सिर्जनामा चासो राख्ने पारिजात २०१३ सालमा 'धरती' पत्रिकामा कविता प्रकाशन गरेर सार्वजनिक भएकी हुन् । उनको प्रथम पुस्तककार कृति आकाङ्क्षा (२०१४) कवितासंग्रह हो । यसपछि उनका कथा उपन्यास कविता निबन्ध आदि प्रकाशित भएको पाइन्छ । पारिजातको पहिलो उपन्यास 'शिरीषको फूल' प्रकाशन भएपछि उनी धेरै चर्चामा आउन थालिन् । अहिलेसम्म पारिजातका दशवटा उपन्यास तीनवटा कवितासंग्रह, चारवटा कथासंग्रह, एउटा लेख निबन्धसंग्रह, बालगीतकाव्य, नाटकसंग्रह, आत्मसंस्मरणहरू गरी जम्मा २३ वटा पुस्तकाकार कृतिहरू प्रकाशन भैसकेका छन् । यी पारिजातद्वारा लिखित सम्पूर्ण रचनाहरूलाई अहिले ग्रन्थ एक देखि ग्रन्थ छ सम्म विभाजन गरेर सिक्किमबाट प्रकाशन गरिएको पाइन्छ ।

पारिजातको साहित्ययात्रा कविता विद्याबाट सुरु भएको हो । उनले कक्षा ६ मा पढ्दा देखिनै कविता लेख्ने गरेको उनका आत्मसंस्मरणबाट जानकारी पाउन

सकिन्छ । उनको सर्वप्रथम प्रकाशित पुस्तकाकार कृति आकाङ्क्षा (२०१४) कवितासंग्रहको प्रकाशन भएपछि पारिजातका बारेमा अध्ययन गर्न थालिएको पाइन्छ । उनलाई कवयित्रीका रूपमा चिनाउने पहिला व्यक्ति खालिङ हुन् । उनी 'आकाङ्क्षा' कवितासंग्रहको भूमिका लेखनबाट पारिजातलाई चिनाउने काम गर्छन् । उनी पारिजातका कवितामा भाषा र व्याकरणगत त्रुटि भए पनि भविष्यमा उनीबाट राम्रा कविता लेखिने सङ्केत गर्छन् । यसपछि पारिजातलाई कवयित्रीका रूपमा चिनाउने अन्य व्यक्तिहरू हुन् हरिहरराज जोशी, माधव ओम श्रेष्ठ, चूडामणि बन्धु, ठाकुरप्रसाद पराजुली, ताना शर्मा वासुदेव त्रिपाठी आदि ।

'आकाङ्क्षा' (२०१४) कवितासङ्ग्रह प्रकाशन भएपछि पारिजात उपन्यास लेखनतिर उन्मुख भएको पाइन्छ । उनले 'संघर्ष', 'वरपीपल', 'मानवअन्तर्यामी' र 'शारदा' गरी चारवटा उपन्यास लेखेर जलाएको बुझिन्छ । कवितापछि केही उपन्यासहरू लेखेपनि पारिजातका उक्त प्रारम्भिक उपन्यास प्रकाशित भएको देखिंदैन । उनी वि.सं. २०१८ देखि कथालेखनमा सक्रिय भएको पाइन्छ । उनको पहिलो प्रकाशित कथा भने 'मैले नजन्माएको छोरो' (२०२१) हो । त्यसपछि उनको 'आदिमदेश' (२०२५) कथासङ्ग्रह प्रकाशन भयो । 'आदिम देश' पछि उनका 'सडक र प्रतिभा' (२०३२) साल्गीको वलात्कृत आँसु (२०४३), बधशाला जाँदा आउँदा ( २०४९) कथासंग्रहहरू प्रकाशित छन् । २०३० साल भन्दा अगाडि 'आदिम देश' कथासंग्रह मात्र प्रकाशित भएकाले यस अवधिमा 'आदिम देश' कथासंग्रहमा सङ्कलित कथाहरूको अध्ययन र मूल्याङ्कन भएको पाइन्छ । यस समयावधिमा ईश्वर बल्लभ मानव ओम श्रेष्ठ, ईश्वर बराल, इन्द्रबहादुर राई, वासु रिमाल यात्री आदि लेखक तथा समालोचकहरूले पारिजातको कथाकारिताको अध्ययन विश्लेषण र मूल्याङ्कन गर्दै उनलाई कथाकारका रूपमा चिनाउने काम गरेको पाइन्छ ।

कविता कथा निबन्ध नाटक उपन्यास आदि विधामा कलम चलाए पनि पारिजातलाई चर्चित बनाउने साहित्यिक विधा उपन्यास हो । उनको प्रथम

प्रकाशित उपन्यास । 'शिरीषको फूल' (२०२२) ले उनलाई चर्चित बनाएको देखिन्छ । उनका जम्मा दशवटा उपन्यासहरू प्रकाशन भएका छन् । २०३० साल भन्दा अगाडि चाहिँ उनका 'शिरीषको फूल' (२०२२) 'महत्ताहीन' (२०२५) र 'बैंसको मान्छे' (२०२९) उपन्यास प्रकाशित भएको देखिन्छ । २०३० सालभन्दा अगाडि पारिजातका यिनै तीनवटा उपन्यासको चर्चा गरिएको पाइन्छ । यी उपन्यासहरूमध्ये पनि यस अवधिमा उनको मदन पुरस्कार प्राप्त 'शिरीषको फूल' उपन्यासको बढी चर्चा गरिएको देखिन्छ । पारिजातका उपन्यास कृतिको विश्लेषण र मूल्याङ्कन गर्ने व्यक्तिहरू हुन् शङ्कर लामिछाने, प्रदीप गिरी, गोविन्द भट्ट, कमल दीक्षित, कृष्णचन्द्रसिंह प्रधान, उत्तम कुँवर, ताना शर्मा, इन्द्रबहादुर राई, श्रीमती रोहिणी शाह, डी.पी. अधिकारी आदि । यी मध्ये शङ्कर लामिछाने कमल दीक्षित, रोहिणी शाह, ताना शर्मा आदिले 'शिरीषको फूल' को चर्चा गर्दै यसलाई उत्कृष्ट उपन्यास र पारिजातलाई युग परिवर्तन गर्ने उत्कृष्ट उपन्यासकारको रूपमा मूल्याङ्कन गरेका छन् भने गोविन्द भट्ट प्रदीप गिरी आदिले 'शिरीषको फूल' सामान्य उपन्यास भएको उल्लेख गरेका छन् । यस बाहेक उनका 'महत्वाहीन' र 'बैंसको मान्छे' उपन्यासको पनि चर्चा गरिएको देखिन्छ महत्ताहीनको भूमिकामा मञ्जुल, पारिजातको 'महत्ताहीन' उपन्यास 'शिरीषको फूल' भन्दा पनि राम्रो भएको उल्लेख गर्छन् भने डी.पी. अधिकारी, इन्द्रबहादुर राई पारिजातको 'बैंसको मान्छे' उपन्यास क्रान्तिकारी भएको बताउँछन् । पारिजातको अध्ययन परम्पराको अध्ययन गर्दा पारिजातलाई कविभन्दा बढी कथाकार र कथाकारभन्दा बढी उपन्यासकारका रूपमा मूल्याङ्कन गरिएको छ ।

पारिजातको अध्ययन परम्परामा राल्फा आन्दोलन पनि प्रमुख रूपमा रहेको देखिन्छ । यो आन्दोलन पारिजातको नेतृत्वमा अघि बढेको साहित्यिक आन्दोलन हो । राल्फा शब्दको कुनै अर्थ नभए पनि यो नेपाली साहित्यमा चलेको एउटा साहित्यिक आन्दोलन हो । २०२४ देखि २०३० सालसम्म चलेको यस आन्दोलनको

नेतृत्व पारिजातले गरेको देखिन्छ । यस आन्दोलनमा लाग्नेहरू आफ्नो नामको पछाडि राल्फा लेख्ने गर्दथे यस आन्दोलनमा निनु राल्फा रामेश राल्फा मञ्जुल राल्फा आदिको सक्रिय सहभागिता रहेको देखिन्छ । पारिजातका व्यक्तिगत फाइल तथा विभिन्न समालोचकहरूले उल्लेख गरे अनुसार राल्फा आन्दोलनसँगै पारिजात कम्युनिस्ट सिद्धान्तप्रति झुकाउ राख्न थालेको बुझिन्छ । यस आन्दालेनको नेतृत्व गर्दै पारिजातले नेपालका विभिन्न ठाउँहरूको भ्रमण पनि गरेकी थिइन् । राल्फा आन्दोलन पनि पारिजातको जीवन तथा साहित्यिक यात्रामा महत्वपूर्ण मोडका रूपमा रहेको छ ।

२०३० सालसम्म पारिजातका बारेमा गरिएका अध्ययनको सर्वेक्षण गर्दा पारिजातलाई आधुनिककालकी महत्वपूर्ण कवि, कथाकार र उपन्यासकारको रूपमा चिनाइएको पाइन्छ । विभिन्न समालोचकहरूले पारिजातका बारेमा गरेका अनुसन्धानहरूको अध्ययन गर्दा पारिजात सार्त्रको अस्तित्ववाद र कामुको विसङ्गतिवादबाट प्रभावित भएर साहित्य सिर्जना गर्ने साहित्यकार भएको बुझिन्छ । खालिङ, धनुषचन्द्र गौतम, पारिजात नयाँ कवि व्यक्तित्व भएको उल्लेख गर्छन् । इन्द्रबहादुर राई पारिजातलाई अस्तित्ववादी, विसङ्गतिवादी उपन्यासकारको रूपमा मूल्याङ्कन गर्छन् । शङ्कर लामिछाने, पारिजात नयाँ मूल्य र मान्यता स्थापना गर्न सक्ने, युग निर्माता साहित्यकार भएको उल्लेख गर्छन् । ताना शर्मा, पारिजात आधुनिक कालकी कवि र गद्यकार भएको बताउँछन् । त्यसैगरी अन्य कतिपय समालोचकहरूले पारिजात उत्कृष्ट साहित्यकार भएको बताएका छन् भने गोविन्द भट्ट, प्रदीप गिरी जस्ता समालोचकहरूले पारिजातलाई निम्न स्तरका साहित्य सिर्जन गर्ने सामान्य साहित्यकारका रूपमा व्याख्या गरेका छन् । उनका बारेमा जे जसरी अध्ययन भए पनि २०१३ सालदेखि साहित्य सिर्जना गर्न सुरु गर्ने पारिजातले आफ्नो जीवनकाल भरी निरन्तर रूपमा साहित्य सिर्जना गरेको पाइन्छ । उनले उत्कृष्ट कृति रचना गरे बापत उनलाई २०२२ सालमा मदन पुरस्कार र २०५०

सालमा पाण्डुलिपि पुरस्कार प्रदान गरी सम्मान गरेको देखिन्छ । पारिजातका बारेमा गरिएका अध्ययनहरूको सर्वेक्षण गर्दा पारिजात रोमान्टिक धाराबाट कविता लेख्न थालेर प्रयोगवादी कविता लेखनतिर ढल्किउकी अस्तित्ववादी र विसङ्गतिवादी धारामा कथा र उपन्यास लेख्ने । आधुनिक नेपाली साहित्यमा एक चर्चित साहित्यकार हुन् भन्न सकिन्छ ।

२०१४ सालदेखि सुरु भएको पारिजातका बारेमा अध्ययन गर्ने परम्परा वर्तमान अवस्थासम्म पनि निरन्तर रूपमा चलिरहेको छ । त्यसैले पारिजातको अध्ययन परम्पराको क्षेत्र निकै विस्तृत र व्यापक रहेको छ । उनका धेरै जसो साहित्यिक रचनाहरूको स्नातकोत्तर शोधकार्य भैसकेका छन् भने विद्यावारिधि शोधकार्य पनि शुरु भएको पाइन्छ । उनका बारेमा अध्ययन गरिएका विभिन्न पुस्तकहरू, स्मृतिग्रन्थ आदि पनि प्रकाशित छन् । पारिजातको अध्ययन विस्तृत रूपमा भैसकेको हुनाले यसको सर्वेक्षण गर्न सजिलो होस् भनेर पारिजातको अध्ययन परम्परालाई तीन चरणमा विभाजन गर्न उचित देखियो ।

(क) प्रथम चरण (आरम्भदेखि २०३० सम्म)
(ख) दोस्रो चरण (२०३१-२०४९ सम्म)
(ग) तेस्रो चरण (२०५० पछि)

यस शोधकार्यमा पारिजातको अध्ययन परम्पराको प्रथम चरण (आरम्भदेखि-२०३० सालसम्म) मा भएका अध्ययनको, अध्ययन विश्लेषण र मूल्याङ्कन गरिएको छ । २०३० सालभन्दा अगाडि प्रकाशित भएका पारिजातका साहित्यिक कृतिहरू 'आकाङ्क्षा' (२०१४) कवितासङ्ग्रह, 'शिरीषको फूल' (२०२२), 'महत्ताहीन' (२०२५), 'बैंसको मान्छे' (२०२९) उपन्यासहरू र 'आदिम देश' (२०२५) कथा सङ्ग्रह हुन् । यस शोधकार्यमा २०३० सालभन्दा अगाडि पारिजातको जीवनी, व्यक्तित्व र उनका प्रकाशित कृतिहरूको केकसरी अध्ययन भयो त्यसको मूल्याङ्कन र सर्वेक्षण गरिएको छ ।

यसरी २०३० सालसम्मको पारिजातको अध्ययन परम्पराको सर्वेक्षण गर्दा यस अवधिमा पारिजातको जीवनी र व्यक्तित्वको सन्दर्भमा विस्तृत अध्ययन भएको पाइन्छ । पारिजातको जन्ममितिका सन्दर्भमा १९९३ र १९९४ सालमा विवाद रहेको देखिन्छ । यस अवधिको अध्ययन परम्पराको अध्ययन र सर्वेक्षण गर्दा पारिजातलाई नेपाली साहित्यमा आधुनिक कालको पछिल्लो चरणको उत्कृष्ट साहित्यकारको रूपमा मूल्याङ्कन गरिएको पाइन्छ । यसरी नै उनको कृतित्वको सन्दर्भमा हेर्दा 'शिरीषको फूल' उपन्यासको विस्तृत अध्ययन गरिएको पाइन्छ । 'शिरीषको फूल' उपन्यासलाई शङ्कर लामिछाने लगायतका केही समालोचकहरूले उत्कृष्ट उपन्यासको रूपमा मूल्याङ्कन गरेको देखिन्छ भने गोविन्द भट्ट, प्रदीप गिरी आदिले सामान्य उपन्यासको रूपमा मूल्याङ्कन गरेको देखिन्छ । यस बाहेक पारिजातका 'आकाङ्क्षा' कवितासङ्ग्रह, 'आदिम देश' कथासङ्ग्रह, महत्ताहीन र 'बैंसको मान्छे' उपन्यासका बारेमा पनि चर्चा गरिएको पाइन्छ । 'आदिमदेश' कथासङ्ग्रहका बारेमा ईश्वर बरालले विस्तृत रूपमा चर्चा गर्दै आदिम देशका कथाहरू नेपाली परिवेशसँग नसुहाउने भएको निष्कर्ष निकालेको पाइन्छ । कविताको सन्दर्भमा खालिङ ताना शर्मा लगायतका केही समालोचकहरूले छिटपुट रूपमा चर्चा गरेको पाइन्छ । 'महत्ताहीन' र 'बैंसको मान्छे' उपन्यासका सन्दर्भमा भने यस अवधिमा केही थोरै व्यक्तिले मात्र चर्चा गरेको देखिन्छ । 'महत्ताहीन' लेखिकाको आफ्नै जीवनकथा भएको र 'बैंसको मान्छे' क्रान्तिकारी उपन्यास भएको ठहर गरिएको छ ।

निष्कर्षमा भन्नुपर्दा यस पहिलो चरणको अवधिमा पारिजातको जीवनी, व्यक्तित्व कृतित्वका साथै अन्य विविध पक्षमा अध्ययन र मूल्याङ्कन गरिएको छ । पारिजातको अध्ययन परम्परामा यो पहिलो चरण निकै महत्वपूर्ण रहेको छ । यस अवधिमा पारिजातको अध्ययन विभिन्न पत्रपत्रिकाहरू मार्फत गरिएको छ ।

**सम्भावित शोधशीर्षकहरू**

(क) पारिजातको अध्ययनपरम्परा (२०३१ देखि २०५० सम्म)

(ख) पारिजातको अध्ययनपरम्परा (२०५० पछि)

# सन्दर्भसामग्रीसूची

## (क) पुस्तकसूचि


कुँवर, उत्तम, स्रष्टा र साहित्य (काठमाडौं : रूपायन प्रकाशन) २०२३) ।

घिमिरे, कृष्णप्रसाद र रामप्रसाद ज्ञवाली, आख्यानकार पारिजात (काठमाडौं : हजुरको पुस्तक संसार)

चापागाइँ, निनु र खगेन्द्र सङ्ग्रौला, सम्पा. पारिजात स्मृति ग्रन्थ (काठमाडौं : पारिजात स्मृति केन्द्र), २०५१ ।

चामलिङ, किरण पवन, सम्पा. पारिजातका सङ्कलित रचनाहरू ग्रन्थ एक ( सिक्किम : निर्माण प्रकाशन) २०५४ ।

..............., पारिजातका सङ्कलित रचनाहरू ग्रन्थ दुई (सिक्किम : निर्माण प्रकाशन) २०५४ ।

..............., पारिजातका सङ्कलित रचनाहरू ग्रन्थ तीन (सिक्किम : निर्माण प्रकाशन) २०५४ ।

..............., पारिजातका सङ्कलित रचनाहरू ग्रन्थ चार (सिक्किम : निर्माण प्रकाशन) २०५४ ।

त्रिपाठी, वासुदेव, नेपाली कविताको सिंहावलोकन (काठमाडौं : साझा प्रकाशन) २०२७ ।

..............., विचरण (काठमाडौं : भानु प्रकाशन) २०२८ ।

पारिजात, शिरीषको फूल (काठमाडौ : साझा प्रकाशन) ।

..............., महत्ताहीन (काठमाडौं : साझा प्रकाशन) २०२५ ।

पोखरेल, डी.आर., पारिजातको साहित्यिक मूल्याङ्कन (काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेसन्स) २०६२ ।

प्रसाई, नरेन्द्रराज, पारिजातको जीवनकथा, दो.सं. (काठमाडौं : एकता प्रकाशन) २०६३ ।

बराल ईश्वर, सम्पा. झ्यालबाट, तेस्रो सं. (कालिम्पोङ : नरबहादुर दाहाल) २०२५ ।

बन्धु, चूडामणि, साझा कविता (काठमाडौं : साझा प्रकाशन) २०२४ ।

राल्फा मञ्जुल, छेकुडोल्मा (ओखलढुङ्गा : गोपाल पुस्तक भण्डार) २०२६ ।

लामिछाने, शङ्कर, बिम्बप्रतिबिम्ब (काठमाडौं : पुस्तक संसार) २०२८ ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल, शोधविधि ते.सं. (काठमाडौं : साझा प्रकाशन), २०६२ ।

शर्मा, ताना, नेपाली साहित्यको इतिहास (काठमाडौं : सहयोगी प्रकाशन) २०२७ ।

……………, नेपाली साहित्यको ऐतिहासिक परिचय (विराटनगर : श्याम पुस्तक भण्डार) २०२९ ।

शर्मा, सुकुम, पारिजातका कविताको अध्ययन (काठमाडौं : सनलाइट पब्लिकेसन) २०६२ ।

सुवेदी, राजेन्द्र, सृजनविधाका परिधिमा पारिजात (वाराणसी : भूमिका प्रकाशन, २०५३ ।

**(ख) शोधपत्रहरू**

आचार्य, दिनमणि, अनिंदो पहाडसँगै उपन्यासको कृतिपरक अध्ययन, अप्रकाशित शोधपत्र, वीरेन्द्र क्याम्पस, चितवन, २०५८ ।

आचार्य, प्रभुराम, अनिदो पहाडसँगै उपन्यासको कृतिपरक अध्ययन, अप्रकाशित शोधपत्र, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०६० ।

गेगाल, भैरवप्रसाद, पारिजातको कृतित्वको अध्ययन, विश्लेषण र मूल्याङ्कन, अप्रकाशित शोधपत्र, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०५३ ।

चापागाइँ हरिहर, परिभाषित आँखाहरूको कृतिपरक अध्ययन, अप्रकाशित शोधपत्र, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०६० ।

थापा, प्रशाकान्ता ‘श्रीस’, शिरीषको फूल उपन्यासको कृतिपरक अध्ययन, अप्रकाशित शोधपत्र, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०५६ ।

प्रधान, नयना, पारिजात : जीवनी, व्यक्तित्व र कृतित्वको संक्षिप्त अध्ययन, अप्रकाशित शोधपत्र, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०३८ ।

भट्टराई, राजन, पारिजातका उपन्यासमा अभिव्यक्ति विसङ्गतिवादी अस्तित्ववादी चिन्तन, अप्रकाशित शोधपत्र, रत्नराज्य लक्ष्मी क्याम्पस, काठमाडौं, २०६१ ।

रोका, रमेशचन्द्र, पारिजातका अन्यविधाको विश्लेषणात्मक अध्ययन, अप्रकाशित शोधपत्र, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०५५ ।

श्रेष्ठ, चन्द्रमान, उसले रोजेको बाटो उपन्यासको कृतिपरक अध्ययन, अप्रकाशित शोधपत्र, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०६० ।

**(ग) पत्रपत्रिकामा प्रकाशित लेखहरू**

अधिकारी, डी.पी., ‘नेपाली उपन्यास र जनजीवन’, सकसक पूर्णाङ्क ६, २०२९ ।

कोइराला, कृष्ण, ‘कुण्ठा र निराशा हाम्रो साहित्यिक अभिव्यक्ति’, मधुपर्क वर्ष ३, अङ्क ३, २०२७ ।

कोइराला, खेम, ‘वर्तमान नेपाली साहित्य : केही सन्दर्भ केही चर्चा’, नौलो नेपाली, वर्ष ४, अङ्क १-२, २०३० ।

………………, ‘साहित्यक मान्यता विवाद र खण्डन’, नौलो नेपाली वर्ष ४, अङ्क २-३, २०३० ।

गिरी, प्रदीप, ‘पारिजातको उपन्यास शङ्कर लामिछानेको भूमिका’, रहर वर्ष १, अङ्क २, २०२३ ।

गौतम, धनुषचन्द्र, 'नेपाली मूल्यको खोज र आधुनिक नेपाली कविता', रूपरेखा वर्ष ५, अङ्क १, २०२१ ।

त्रिपाठी, वासुदेव, 'रत्नश्रीको नारी अङ्क पढ्दा', रत्नश्री वर्ष ७, अङ्क २, २०२६ ।

दीक्षित, कमल, 'पारिजातको परिचय', नेपाली पूर्णाङ्क २८, २०२३ ।

पराजुली, ठाकुरप्रसाद, 'नेपाली कविको आधुनिक दिशा र प्रवृत्ति', रूपरेखा, वर्ष ११, अङ्क १, पूर्णाङ्क १०९, २०२७ ।

पारिजात, 'सुश्री पारिजातका साहियिक मान्यता', रहर वर्ष १, अङ्क २, २०२३ ।

पारिजात, 'डायरीको आठौं पाना' सिउडी २०२६ भाद्र ।

……………, 'एउटा राल्फा अर्को राल्फाको डायरीमा', रूपरेखा वर्ष १०, अङ्क ५, पूर्णाङ्क १०१, २०२६ ।

प्रधान, कृष्णचन्द्रसिंह, 'नेपाली उपन्यासको क्रमिक विकास', नेपाली पूर्णाङ्क २९, २०२३ ।

बराल, ईश्वर, 'पारिजातका कथाको भावभूमि', मधुपर्क वर्ष ३, अङ्क ११, २०२७ ।

……………, 'पारिजातका कथाको शिल्प तथा संरचना', रूपरेखा वर्ष ११, पूर्णाङ्क १२०, २०२८ ।

बल्लभ ईश्वर, 'ईश्वर बल्लभ र रमेश श्रेष्ठ', मन्त्र ४ पुस, २०२६ ।

बस्नेत, पुरुषोत्तम, 'सुवासपूर्ण पारिजातप्रति नेपाली समाजको कृतघ्नता', मुकुट वर्ष २, अङ्क २, २०२१ ।

भट्ट, गोविन्द, 'शिरीषको फूल कि कागजको फूल ?', हिमानी वर्ष २, अङ्क ४, २०२३ ।

भावुक, खिलबहादुर, 'पारिजातको विवादास्पद व्यक्तित्व', नौलो नेपाली वर्ष ४, अङ्क १, २०२९ ।

राई, इन्द्रबहादुर, 'विसङ्गति त्यसपछि शून्य, सकमबरीको मृत्युमा', मधुपर्क वर्ष ५ अङ्क १, २०२९ ।

................., 'अस्तित्ववादी तीन नेपाली उपन्यासकारहरू', रूपरेखा वर्ष १३ अङ्क २, पूर्णाङ्क १३४, २०२९ ।

रिमाल, बासु, 'कथाहरूका कुरा पारिजातसँग भेट', मधुपर्क वर्ष १, अङ्क ८, २०२५ ।

................., 'चिरफारको आँखालाई दुई नयाँ पुस्तक', हिमाल वर्ष २, अङ्क ४, २०२५ ।

................., 'आलोचनात्मक दृष्टिमा', मन्त्र ३, २०२६ ।

लम्साल, शक्ति, 'कवियित्री सुश्री पारिजात अन्तर्वार्ताको साहित्यिक दृष्टिबाट', भानु वर्ष ३, किरण ७, २०२३ ।

शर्मा, ताना, 'रत्नश्रीको नारी अङ्क', रत्नश्री वर्ष ३, अङ्क २, २०२३ ।

शर्मा, सुकुम, 'साहित्यकार पारिजातको चिनारी साहित्य यात्रा र प्रवृत्ति' शार्दूल वर्ष ३, अङ्क ४, पूर्णाङ्क ४, २०६४ ।

शाह, श्रीमती रोहिणी, 'पारिजात र मदन पुरस्कार', पञ्चायत झलक, वर्ष १, अङ्क १२, २०२३ ।

श्रेष्ठ, माधव ओम, 'पारिजात ! एक अभिव्यक्ति एक : स्वर', सगुन, वर्ष १, अङ्क १, २०२२ ।